# परिच्छेद - एक
# शोध परिचय

## १.१ विषय परिचय

नेपाली साहित्य सृजना क्षेत्रमा पाँच दशक अघिदेखि अनवरत रूपमा कलम चलाउने साहित्यकार सूब सेनको जन्म वि.सं. १९९६ कार्तिक ८ मा गुल्मी जिल्लाको बाँजकटेरीमा भएको पाइन्छ । वि.सं. २०१७ मा **'साहित्य'** शीर्षकको निबन्ध मार्फत साहित्यमा यात्रारत सेनका यात्रा सस्मरण, काव्यकृति, उपन्यास, कथा, नाटक, अनुसन्धान, इतिहास सम्बन्धी अढाई दर्जन पुस्तकाकार कृतिहरू प्रकाशित छन् । तीमध्ये यहाँ उनको उपन्यासकारिताको मात्र अध्ययन गर्ने प्रयास गरिएको छ । उनका **डाँडाको जून** (२०४४ दो.सं. २०६१), **शिखर** ( २०४५), **अञ्जूश्रीदेखि आन्दोलनसम्म** (पाँच लघु उपन्यास, २०५५), प्रकाशित उपन्यास कृतिहरू हुन् । यस लघु उपन्यास सङ्ग्रहमा **अञ्जूश्री**, **आन्दोलन, जीवनशास्त्र, वीरसिक्का**, **हेमा** रहेको पाइन्छ । सामाजिक यथार्थता, राजनीतिक र यौनमनोविज्ञानलाई विषय बनाएर उपन्यास लेख्ने प्रखर व्यक्तित्व सूब सेनका औपन्यासिक कृतिहरूको गहन अध्ययन गरी उनको समग्र उपन्यासकारिताको अध्ययन हुन सकेको पाइदैन । यस शोधकार्यमा उनका औपन्यासिक कृतिहरूको गहन विश्लेषणात्मक अध्ययन गरी उनको समग्र उपन्यासकारिताको अध्ययन गरिएको छ ।

## १.२ समस्याकथन

सूब सेनको उपन्यासकारिताको अध्ययन, विश्लेषण गरी योगदान ठम्याउनु नै यस अध्ययनको मूलभूत समस्या हो । त्यसैले उनका प्रकाशित उपन्यासहरूको केन्द्रीयतामा रही प्रस्तुत शोधकार्यका लागि निम्न लिखित बुँदाहरूमा ठम्याई समस्याहरूको अध्ययन गरिएको छ ।

१. सूब सेनको सृजनाको पृष्ठभूमि के कस्तो रहेको छ ?

२. औपन्यासिक विधातत्त्वका आधारमा सूब सेनका उपन्यासहरू के कस्ता रहेका छन् ?

३. सूब सेनका के कस्ता औपन्यासिक प्रवृत्तिगत विशेषता रहेका छन् ?

४. सूब सेनको औपन्यासिक योगदान के कस्तो छ ?

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्य अन्तर्गत उपयुक्त समस्याकथनसाग सम्बन्धित निम्न लिखित उद्देश्य छन् ।

१. सूब सेनको सृजनाको पृष्ठभूमि उल्लेख गर्ने ।

२. औपन्यासिक विधातत्त्वको आधारमा सूब सेनका उपन्यासहरूको विश्लेषण गर्ने ।

३. सूब सेनका औपन्यासिक प्रवृत्तिगत विशेषताको निरूपण गर्ने ।

४. सूब सेनका औपन्यासिक योगदानको चर्चा गर्ने ।

## १.४ पूर्वकार्यको समीक्षा

साहित्यकार सूब सेनका उपन्यासहरूको बारेमा सामान्य चर्चा गरिए तापनि गहन अध्ययन हुन सकेको छैन । विभिन्न साहित्यकार तथा समालोचकहरूले उनको साहित्य लेखन र उपन्यासहरूको सम्बन्धमा समालोचनात्मक ग्रन्थ, लेखहरू र कृतिको भूमिका लेखनमा टिकाटिप्पणी, चर्चा, परिचर्चा गरेको पाइन्छ । जसलाई कालक्रमिक ढङ्गले निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

क) नरेन्द्र चापागाई : **शिखर** (२०४५) उपन्यासको भूमिका खण्डमा प्रस्तुत उपन्यास वर्गसंघर्ष, वर्गसमन्वयका लागि भएको छ । दलीय भावना नै वर्गसंघर्षको मूल कारण भएको हुादा आफ्ना पात्रहरूलाई क्रान्तिकारी चेतनातिर समर्पित तुल्याउनु प्रस्तुत उपन्यासको कालिक चेतना हो भन्ने विचार व्यक्त गरेका छन् ।

ख) विष्णुहरि ज्ञवालीको **'नेपाली साहित्यमा गुल्मी जिल्लाको योगदान'** (२०५२) नामक एम. ए. को शोधपत्रमा सूब सेनको साहित्यिक योगदानको चर्चा गरिएको छ ।

ग) धनुषचन्द्र गौतम-ध.च. गोतामे **अञ्जूश्रीदेखि आन्दोलनसम्म** पााच लघु उपन्यास संग्रहको (२०५५) भूमिका खण्डमा कथा गौण भएता पनि पात्रहरू सजिव भएर आफ्नो चरित्र अनुकूल आचरण गर्न पछि परेका छैनन् । भाषाको प्रयोग पनि सेनजीले स्थानीयताको विचार पुऱ्याएरै गर्नुभएको छ । त्यसमा कृतिमताको हरफ पाइन्न भन्ने कुरा उल्लेख गरेका छन् ।

घ) प्राध्यापक गोपीकृष्ण शर्मा **'मेरा कथाहरूको कथा'** भूमिका खण्ड (२०६१) मा सूब सेनको साहित्यिक योगदानको चर्चा गर्दै राष्ट्र र राष्ट्रियताप्रति समर्पित रहने र नेपाली समाजको समुन्नतिमा चासो राख्ने प्रवृत्ति सेनको कृतिमा स्थापित भएको कुरा उल्लेख गरे पनि उपन्यासकारिताकै सन्दर्भमा भने बोलेको पाइादैन ।

ङ) राजनप्रसाद पोखरेल **'सूब सेनको जीवन व्यक्तित्व र कृतित्व'** (२०६३) नामक एम. ए. को शोधपत्रमा उनको उपन्यासकारिताको बारेमा भन्दछन् - सामाजिक विभेदप्रति विरोध एकताको स्वर, निम्न वर्गीय चरित्रको सम्मान, गरिब पिछडिएका वर्गको उत्थान, शोषक सामन्त वर्गको विरोध उनका उपन्यासमा देख्न सकिन्छ भन्ने कुरा बताउाछन् ।

च) अन्जु पोखरेल **'इला काव्यको कृतिपरक अध्ययन'** (२०६६) नामक स्नातकोत्तरको शोधपत्रमा सूब सेनको उपन्यासकार व्यक्तित्वको उल्लेख गर्दै उनका कथा निबन्धमा जस्तै उपन्यासमा पनि नारी समस्या, जातीय भेदभाव, अन्ध परम्परामा पिल्सिएको सामाजिक, आर्थिक, धार्मिक, साास्कृतिक आदि कुराहरूको चित्रणले प्रश्रय पाउने गरेका छन् भनी उल्लेख गरेको पाइन्छ ।

छ) चूडामणि बन्धुले **'सूब सेनका प्रवृत्ति'** (२०६७) नामक समालोचना ग्रन्थमा सूब सेनको शिखर र राष्ट्रवादी नेपालवादको अभिव्यक्ति शीर्षकमा **'शिखर'** चरित्र प्रधान उपन्यास हो र यसमा उपन्यासकार सेनले आफूलाई नेपाल र नेपालीको समुन्नतिका लागि सदैव चिन्तनशील रहने स्रष्टाका रूपमा देखाएका छन् । साहित्यकार स्रष्टामात्र हैन भविष्य द्रष्टा पनि हो भन्ने कुरा यस उपन्यासले स्पष्ट गरेको कुरा चर्चा गरेका छन् ।

ज) अमरकुमार प्रधानले **'सूब सेनका प्रवृत्ति'** (२०६७) समालोचनात्मक ग्रन्थमा दुई उपन्यास '**वीरसिक्का**' र '**हेमा**' : एक दृष्टि शीर्षकमा उपन्यासको चर्चा गर्दै फ्रायडवादी चेतन, अर्द्धचेतन, अवचेतन मनको विभिन्न पाटो केलाएर उपन्यास र कथामा प्रयोग विश्वेश्वरप्रसाद कोइरालाले आरम्भ गरेकै थिए । त्यही बाटोमा भवानी भिक्षु, विजय मल्लदेखि रमेश विकल, ध्रुवचन्द्र गौतमजस्ता स्रष्टाहरू अग्रसर भएकै छन् । सूब सेनका वीरसिक्का र हेमालाई पनि यही पाटोका उपन्यासका रूपमा हेरिनु समीचित भएको कुरा उल्लेख गरेका छन् ।

झ) प्रा.डि.आर.पोखरेलले '**सूब सेनका प्रवृत्ति**' (२०६७) नामक समालोचना ग्रन्थमा सूब सेनका दुई लघु उपन्यासमा अन्तर्निहीत शुभ सन्देशहरू शीर्षकमा **'जीवनशास्त्र'** र **'हेमा'** उपन्यासको बारेमा भन्दछन्, उपन्यासमार्फत स्रष्टाले समाजमा शिक्षाको खास गरी यौनशिक्षाको प्रचार, दाम्पत्य जीवनको अर्थ, समाजसेवाको भावना, नैतिक जीवन र जीवनको आदर्श पक्षलाई उजागर गर्न खोजिएको छ भन्ने विचार व्यक्त गरेका छन् ।

ञ) ठाकुर शर्माले '**सूब सेनका प्रवृत्ति**' (२०६७) समालोचनात्मक ग्रन्थमा '**डाडाको जून**'मा प्रतिबिम्बित ग्रामीण जीवन शीर्षकमा उपन्यासको ठूलो प्राप्ति कथ्य भाषाको साहित्यिक प्रयोग हो । बाग्लुङ गुल्मीतिर जनस्तरमा बोलिने कथ्य भाषाको आकर्षक संयोजन उपन्यासमा भएको कुरा बताएका छन् ।

ट) डा. गार्गी शर्माले **'सूब सेनका प्रवृत्ति'** (२०६७) समालोचनात्मक ग्रन्थमा **अञ्जूश्री** भित्रका परिदृश्यहरू शीर्षकमा समीक्षा गर्ने क्रममा प्रकृति वर्णनबाट सुरु भएको उपन्यास अन्याय, भ्रष्टाचारी र राष्ट्रका अराष्ट्रिय तत्त्व विरुद्ध सङ्घर्ष गरेर देशभक्तहरूको सच्चरित्रको विजयबाट टुङ्ग्याइएको छ । उपन्यास समाज सुधारमूलक भावना र राष्ट्रियताले ओतप्रोत भएको छ भन्ने विचार व्यक्त गरिएको पाइन्छ ।

यसरी विभिन्न विद्वान तथा समालोचकहरूले सूब सेनको उपन्यास विधाको बारेमा अध्ययन र टिप्पणीमूलक ढङ्गले चर्चा गरे पनि यसलाई पर्याप्त भने मान्न सकिदैन । त्यसैले यस शोधकार्यमा सूब सेनको उपन्यासकारितालाई अध्ययन गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य र महत्त्व

साहित्यकार सूब सेनले विविध विधामा कलम चलाए पनि खासगरी यात्रा, संस्मरण, काव्य र उपन्यास विधा प्रमुख मानिन्छन् । उनको साहित्यको अन्य विधामा विभिन्न समालोचक, लेखकले टिका टिप्पणी र अध्ययन गरे पनि उपन्यासको बारेमा त्यत्ति धेरै अध्ययन र विश्लेषण भएको पाइादैन । त्यसैले उनको समग्र उपन्यासकारितालाई केलाउन प्रस्तुत शोधकार्य औचित्यपूर्ण भएको छ । यसका साथै सेनका औपन्यासिक व्यक्तित्वको बारेमा अध्ययन विश्लेषण गर्न चाहने जोसुकै व्यक्ति र अध्येताहरूलाई पनि यस कार्यले थप जानकारी र सहयोग पुऱ्याउने हुादा यस शोधकार्यको उल्लेख्य महत्त्व रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

उपन्यासकार सूब सेनका उपन्यासहरूको विधातत्त्व र प्रवृत्तिगत आधारमा मात्र अध्ययन गर्नु नै प्रस्तुत शोधकार्यको सीमा हो ।

## १.७ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्रमा प्राथमिक र द्वितीय सामाग्री सङ्कलनमा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । यसका अलवा शोध नायक सूब सेनको अन्तर्वार्ता लिई सामाग्रीको यथोचित सन्दर्भमा प्रयोग गरिएको छ ।

## १.८ शोधविधि

प्रस्तुत शोधपत्रमा सैद्धान्तिक पर्याधारका रूपमा जीवनीपरक, विधातात्विक र प्रवृत्तिगत आधारमा निगमनात्मक विधिको अबलम्बन गरी विश्लेषणात्मक ढङ्गले अध्ययन गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार परिच्छेद र शीर्षकमा तयार गरिएको छ :

परिच्छेद एक - शोध परिचय

परिच्छेद दुई - सूब सेनको सृजनाको पृष्ठभूमि

परिच्छेद तीन - उपन्यास सिद्धान्त र नेपाली उपन्यासको विकासक्रम

परिच्छेद चार - औपन्यासिक तत्त्वका आधारमा सूब सेनका उपन्यासहरूको विश्लेषण

परिच्छेद पााच - सूब सेनका औपन्यासिक प्रवृत्ति

परिच्छेद छ - उपसंहार (मूल्याङ्कनात्मक निष्कर्ष)

परिशिष्ट

सन्दर्भ सामग्रीसूची

# परिच्छेद - दुई
# सूब सेनको सृजनाको पृष्ठभूमि

## २.१ सूब सेनको सङ्क्षिप्त जीवनी

प्रस्तुत सूब सेनको सङ्क्षिप्त जीवनीमा सेनको जन्म र जन्म स्थान, शिक्षादिक्षा, जीवनदर्शन, रूची र प्रेरणाको बारेमा उल्लेख गरिएको छ ।

### २.१.१ जन्म र जन्मस्थान

सूर्यबहादुर सेनको जन्म वि.सं. १९९६ कार्तिक ८ गते गुल्मी जिल्लाको पुरकोट बााजकटेरी गा.वि.स. वडा नं. ५ खाल भन्ने गाउामा पिता घनबहादुर सेन र माता टीकादेवी सेनको दोस्रो छोराको रूपमा भएको थियो । सेनको न्वारनको नाम शेरबहादुर भएपनि उनको अनुहार गोरो र गोलो भएकोले सूर्य जस्तो उज्यालो तर्क गरी उनका बाबु आमा घर सेरोफेरोले सूर्यबहादुर भनी बोलाउन थाले (पोखरेल, २०६३:१२) । त्यहीा नाम उनले साहित्य लेखनको क्षेत्रमा प्रयोग गरे र सूब सेन नाम नै बढी प्रचलित हुन थालेको पाइन्छ ।

### २.१.२ शिक्षादीक्षा

साहित्यकार सूब सेनका सुरूका दिनहरू कता जाने, कहाा पढ्ने ? के पढ्ने ? भन्ने दोसााधपूर्ण मनोस्थितिबाट गुज्रिएको देखिन्छ । ठूलो भएर आफौ पढ्छ भन्ने आमाको वाल्सल्यपूर्ण प्रेमका कारण पढाइ ढिलो गरी प्रारम्भ भएको थियो । (पोखरेल, २०६६:६) । खासगरी उनको पढाइको सुरूवात वि.सं. २००४ सालमा भिरकटेरीमा खोलिएको हिउादे पाठशालाबाट भएको पाइन्छ । यसरी आठवर्षको उमेरबाट प्रारम्भ भएको उनको शिक्षा १०/११ बर्ष हुादा ज्योतिषतर्फ मोडिन पुग्दछ । वि.सं. २००८/०९ सालतिर घरमै ऐन कानून पढ्दै गरेका सेन २०१२ सालदेखि २०१४ सम्म तम्घासमा रही कानूनको पढाइलाई प्रयोगमा ल्याउादै अदालती - बादी, प्रत्येवादीको लेखापढीको काम सिक्दछन् (अर्याल, २०६७ : १०८) ।

यसै क्रममा वि.सं. २०१५ वैशाखमा पाल्पा तानसेन गई केही समयको प्राइभेट अध्ययन पछि २०१६ सालमा तम्घासको नि.मा.वि.मा फर्केर आठ कक्षाको जााच दिन पुग्दछन् । यसैगरी सोही सालमै तानसेन गई नौ कक्षामा भर्ना भई २०१८ मा केही समय पाल्पाकै पद्मोदय पब्लिक हाइस्कूलमा र त्यसपछि जनता विद्यालयमा सरी पढ्दै सोही साल जााच दिई २२ वर्षको उमेरमा एस.एल.सी. प्रथम श्रेणीमा उतीर्ण गर्दछन् । एस.एल.सी. पछि विज्ञान सङ्काय पढ्ने र मेडिकल क्षेत्रमा लाग्ने अभिलाषा लिएर उच्च शिक्षाको लागि काठमाडौा छिरेका सेन विज्ञान

प्रथम वर्ष पढि सकेपछि बुबाको ता डाक्टर हुनुभन्दा बरू तैले तीन भाइलाई डाक्टर बनाउन सक्छस् । तसर्थ, विदेश गएर पढ्नुपर्ने विषय नपढ भन्ने आज्ञालाई शिरोपर गरी साइन्स पढ्न छोडेर आर्टस पढ्नतर्फ लाग्दछन् (सेन, २०६४:१४७) । आइ. ए. उतीर्ण पछि २०२२ सालमा बि.ए. पासको समाप्तिसागै २०२३ सालमा लोकसेवा आयोगबाट हुने शाखा अधिकृत पदको परीक्षा उत्तीर्ण गरी प्रशासन सेवामा समर्पित हुादै अध्ययनलाई अगाडि बढाउाछन् । यस क्रममा राजनीति शास्त्रमा एम.ए. र २०२८ मा बि.एल. सम्मको प्रमाणपत्र प्राप्तिसम्मको योग्यता हासिल गर्दछन् ।

## २.१.३ जीवनदर्शन

जीवनको लामो कालखण्ड प्रशासनिक सेवामा व्यतित गरेका सूब सेनले सामाजिक यथार्थवादी धरातलमा उभिएर अधिकांश साहित्य कृतिहरू प्रकाशन गर्ने गरेको पाइन्छ । साहित्यलाई जीवनको अभिन्न अङ्ग मान्दै राष्ट्र र राष्ट्रप्रति समर्पित रहने र नेपाली समाजको समुन्नतिमा चासो राख्ने सेनमा नेपाली जनता र नेपाली माटोसाग आत्मीयता रहेको देखिन्छ । आफ्ना प्रायःजसो कृतिमा उच्च राष्ट्रिय चिन्तन, शोषणमुक्त समाजको परिकल्पना, भ्रष्टाचारविहिन प्रशासनको आकांक्षा गर्नुका साथै केही उपन्यासहरूमा प्रगतिशील चेतना पाइनुका अलावा अज्ञानता र यौनअतृप्तिले समाजमा निम्ताएको घट्नालाई प्रस्तुत गरिएको छ । 'नेपालको वास्तविक जीवनको चित्रण नै मेरो साहित्य हो' भन्ने सेनको जीवनदर्शन पनि यहीा हो भन्न सकिन्छ ।

## २.१.४ साहित्यमा रूचि र प्रेरणा

प्रारम्भिक दिनहरूमा कहिले ज्योतिष त कहिले ऐन कानूनको शिक्षातर्फ रूमलिएका सूब सेनमा सानै उमेरबाट लेख्न पढ्नमा रूचि भए पनि साहित्य बारेमा भने खासै ज्ञान थिएन । पछि गुल्मीको सदरमुकाम तम्घासमा कक्षा ८ मा पढ्दा डा. बाबुराम पोखरेलले निबन्ध लेखनको चिनारी लेख्न लगाएबाट उनलाई साहित्यतर्फ रूचि जाग्न थाल्यो (पोखरेल, २०६१ : २२) ।

त्यसै क्रममा पाल्पाको पद्मोदय हाइस्कूलमा पढ्दा त्यहााको साहित्यिक माहोल र त्यस समयका ख्याति प्राप्त विद्वान साहित्यकार माधवप्रसाद देवकोटा, उनका छोरा कृष्णचन्द्र देवकोटा, कवि जगतबहादुर जोशी, शिक्षक भरतराज शर्माहरूको प्रभाव, सङ्गत र संसर्गले साहित्यमा प्रेरणा प्रदान गर्ने काम गऱ्यो (अर्याल २०६७:१११) । त्यसैको फलस्वरूप वि.सं. २०१७ सालमा पाल्पा हाइस्कूलको मुखपत्रमा 'साहित्य' नामक निबन्धबाट साहित्यिक यात्रा सुरु गरेका सेनले वि.सं. २०१८ सालमा 'अविवेक' शीर्षकको कथा र 'कर्तव्य' नामक नाटक लेखेका

थिए । पाल्पाबाट हाइस्कूलको पढाइ सिध्याएपछि उच्च शिक्षा अध्ययनको सिलसिलामा काठमाडौा आगमनका क्रममा यात्रामा रहेका कविद्वय युगकवि सिद्धिचरण श्रेष्ठ तथा कविवर माधवप्रसाद घिमिरे उनका थप प्रेरणाका स्रोत बन्दछन् । यसैक्रममा, वि.सं. २०२५ सालमा 'झोपडीतिर' शीर्षकको कविता लेखेका थिए । त्यस कवितालाई सिद्धिचरण श्रेष्ठले यो शताब्दीको उत्कृष्ट कविता भनेको पाइन्छ (पोखरेल, २०६६:९) । जसबाट उनलाई साहित्य लेखनमा झन ठूलो प्रेरणा मिल्दछ । फलस्वरूप, उनले साहित्यका विविध विधामा कलम चलाउादै पुस्तकाकार कृतिहरू प्रकाशित गर्दै जान थाले ।

## २.२ सूब सेनका व्यक्तित्वका विभिन्न पक्षहरू

कुनै पनि व्यक्तिको व्यक्तित्व निमार्ण उसको सस्कार, संगत, शिक्षा तथा सहज र स्भाविक गुणका आधारमा हादै आउाछ । व्यक्तिमा निहित गुणले वैयक्तिक व्यक्तित्व प्रस्तुत गर्दछ । सृजनशील एवं सामाजिक कार्यका उच्चताले सार्वजनिक व्यक्तित्व प्रस्तुत गर्दछ । यी दुवै व्यक्तित्वका धनी सूब सेनको व्यक्तित्वलाई विभिन्न पाटावाट हेर्न सकिन्छ यस सन्दर्भमा उनको आन्तरिक तथा साधनामयी व्यक्तित्वमा यहाा प्रकाश पारिएको छ ।

### २.२.१ निजी व्यक्तित्व र स्वभाव

स्कूलले जीवनको शुभारम्भको समय भन्दा अगाडि नै पढ्न लेख्न रूचाउने सूब सेन सानो उमेरदेखि नै शान्त, हासिलो स्वभाव भएका बालकका रूपमा परिचित थिए (पोखरेल, २०६३:७) । पछि गएर प्रशासनिक सेवामा प्रवेश गरी राष्ट्रसेवामा समर्पित हुन पुग्दछन् । जनसेवामा अग्रसर हादा हिमाल, पहाड, तराईका गाउा वस्ती तथा शहरमा पुग्दा त्यहााको हाासो, रोदन, व्यथालाई आत्मसात गर्दै साहित्यको माध्यमबाट प्रस्फुटन गर्ने सेनले एक कुशल प्रशासकको नाम समेत कमाएका छन् ।

उनको निजी व्यक्तित्व तथा स्वभावलाई हेर्दा विनम्रता, विनयशीलता र उदात्त भावनाका कारण समाजमा छिटो हेलमेल र प्रभाव जमाउन सक्छन् । उदारता आत्मीयभाव र सहयोगात्मक सम्बन्धका कारण जो कोही उनको नजिक हुने गरेको पाइन्छ । जहिले पनि हाासेर बोल्ने र सानादेखि ठूला सबैलाई समान व्यवहार गर्ने सेनले सानालाई उचित सल्लाह सुझाव दिनु र ठूलालाई आदर गर्नु उनको बानी हो (पोखरेल, २०६६:७) । उनी निश्चल, निष्कपट र स्वाभिमानी व्यक्तिलाई मन पराउाछन् । आफन्त, शुभचिन्तकसाग छलफल गर्न रमाउने सेनले कुनै विषय लेख्नुभन्दा पहिले त्यस विषयमा गहन अध्ययन गरेर ज्ञान प्राप्त गर्ने बानी रहेको छ । खासगरी धर्मदर्शनका पुस्तक अध्ययन गर्दा आनन्द मान्ने सेन ठीक-ठीक समयमा सुत्ने र उठ्ने गर्दछन् । उनी माछा मासु खादैनन् साथै चुरोट, तमाखुको अम्मल पनि उनमा छैन ।

विहानको केही समय योगादिमा खर्चने सेनले आफ्नो शरीरले साथ नदिएकोले समय धेरै नास भएको बताउाछन् । तर पनि अधिकांश समय लेख्न पढ्न र भेटघाट, छलफलमा नै खर्चने गरेको पाइन्छ ।

## २.२.२ साहित्यिक व्यक्तित्व

सूब सेनका व्यक्तित्वका विविध पक्ष मध्ये साहित्यकार व्यक्तित्व पनि एक हो । स्कूले जीवनदेखि नै साहित्यप्रति विशेष झुकाव राख्ने सेनले साहित्यका विविध विधामा कलम चलाएका छन् । उनले निबन्ध, नाटक, कविता, काव्य, उपन्यास, नियात्रा आदि क्षेत्रमा कलम चलाए पनि सर्वाधिक सफलता नियात्रा र काव्यमा पाएका छन् । उपन्यास लेखनलाई पनि उनको उपलब्धि मान्न सकिन्छ । उनको समग्र साहित्यिक व्यक्तिलाई निम्नानुसार विभिन्न शीर्षकमा अध्ययन गर्न सकिन्छ ।

### २.२.२.१ नियात्राकार व्यक्तित्व

सूब सेनको व्यक्तित्वको महत्त्वपूर्ण पक्ष नियात्राकार व्यक्तित्व हो । यो विधा उनमा सशक्त भएर आएको देखिन्छ । साथै सेनले साहित्यमा सर्वाधिक सफलता प्राप्त गरेको विधा पनि यसैलाई मान्न सकिन्छ । नियात्राको रूपमा हालसम्म उनका निम्नानुसार पुस्तकाकार कृतिहरू प्रकाशित छन् :

१. देश-दर्शन प्रथम खण्ड (२०३३)

२. देश-दर्शन द्वितीय खण्ड (२०४२)

३. गौचरनदेखि गौपूजासम्म (२०५२)

४. आफ्नै खोजका सन्दर्भहरू (२०५५)

५. साई बहिनी दर्शन (२०५७)

६. अविस्मरणीय जुम्ला (२०५८)

७. देशभक्तहरूको भूमि : इजरायलमा केही दिन (२०५८)

८. चालीस वर्षपछि (२०५९)

सेन प्रशासनिक सेवामा समर्पित हुादा नेपालका हिमाल, पहाड र तराईका विभिन्न जनताहरूसाग र विदेशमा हुादा देखेका, भोगेका, बटुलेका अनुभव र अनुभूतिलाई समेटेर उपयुक्त कृतिहरूको रचना गरेको पाइन्छ ।

उनका नियात्रामा जनजीवन प्रतिको मोह पाइनुका साथै धार्मिक साास्कृतिक आदि पक्षमा देखिएका व्यक्तिका दुषित भावनालाई निर्मुल पार्न खोजिएको छ (पोखरेल, २०६६:११) । नियात्रामा देशको यथार्थ स्थिति झल्किनुदेखि विदेश भ्रमणमा रहादाका रहन-सहन देखाइ भोगाईहरूलाई उतार्नु आफैमा महत्त्वपूर्ण मान्न सकिन्छ । जसमा सामाजिक अवस्था र सुधारात्मक दिग्दर्शन पक्ष प्रधान रूपमा रहेको पाइन्छ ।

## २.२.२.२ कवि तथा काव्यकार व्यक्तित्व

साहित्यका विविध विधामा कलम चलाउने बहुआयमिक व्यक्तित्व सूब सेनले स्कूलले जीवनकालमा नै साहित्य गोष्ठिमा कवितासहित भाग लिन्थे (शर्मा, २०६१:क) । यसै समयदेखि फुटकर कविता लेख्दै जान थालेका सेनले २०४५ सालमा 'झोपडीतिर' कविता सङ्ग्रह प्रकाशित गरेका छन् । आफ्नो रूचिको विधा गद्य भएकोले आफ्नो काव्य कृतिमा गद्यकै प्रयोग गरेका सेनका हालसम्म निम्नानुसार काव्यकृतिहरू प्रकाशन भैसकेका छन् :

१. **झोपडीतिर** (कवितासङ्ग्रह, २०४५)

२. **मेरी मुमा** (स्मृति काव्य, २०४६)

३. **इला** (प्रवन्धकाव्य, २०४६)

**झोपडीतिर** ८० वटा फुटकर कविता समेटिएको गद्य र केही लोक लयमा संरचित कविता सङ्ग्रह हो । यसमा देशभक्तिको अभिव्यञ्जनाका साथै समानता र न्यायमूलक समाजको अपेक्षित चित्र कोरिएको पाइन्छ ।

**मेरी मुमा** यसमा आमाको मृत्युले पारेको प्रभाव एवम् पीडालाई कहीा यथार्थपरक त कहीा भावुक ढङ्गले पूर्वस्मृति शैली र काजक्रियासम्मका गतिविधिहरू काव्यमा पस्किएका छन् ( ढकाल, २०६७:१५६) । यसले आमाको कर्तव्य बिर्सने छोराछोरीप्रति सन्देश दिएको छ ।

**इला** देश प्रेमले ओतप्रोत भएको काव्य हो । प्राकृतिक सम्पदाको सत्यनाश गर्न अग्रसर वर्गप्रति व्यङ्ग्य प्रहार गरिएको छ (पोखरेल, २०६६:१०) । यसरी सेनले आफ्नो माटो र मुटुका सन्दर्भहरूलाई काव्यमा औल्याउादै आफ्नो कवि व्यक्तित्वलाई प्रस्तुत गरेका छन् ।

### २.२.२.३ उपन्यासकार व्यक्तित्व

सूब सेनको व्यक्तित्वको अर्को महत्त्वपूर्ण पक्ष उपन्यासकार व्यक्तित्व पनि रहेको छ । उनले २०२०/२१ सालबाट उपन्यास लेखन कार्य सुरू गरेपनि प्रकाशन भने धरै पछाडिमात्र भएको पाइन्छ । उनका उपन्यास कृतिहरू :

१. **डाडााको जून** (२०४४)

२. **शिखर** (२०४५)

**अञ्जूश्रीदेखि आन्दोलनसम्म** (पााच लघु उपन्यासहरूको सङ्ग्रह, २०५५):

३. **अञ्जूश्री** (२०५५)

४. **आन्दोलन** (२०५५)

५. **जीवनशास्त्र** (२०५५)

६. **वीरसिक्का** (२०५५)

७. **हेमा** (२०५५)

**डााडाको जून** सूब सेनको पहिलो प्रकाशित उपन्यास हो । सामाजिक उपन्यासका रूपमा प्रचलित प्रस्तुत कृतिमा ग्रामीण समाजको यथार्थलाई सरल, सहज भाषामा प्रतिबिम्बित गरिएको छ । सेनको **शिखर** उपन्यास राष्ट्रिय संस्कृतिलाई उन्नत तुल्याउने र राष्ट्रिय जनजीवनमा अस्तित्वको सुवास गम्काउने विचारसहित राष्ट्रवादी नेपालवादको अभिव्यक्त गरी लेखिएको उपन्यास कृति हो । त्यसै गरी **अञ्जूश्री** र **आन्दोलन** सामाजिक परिवर्तनको चाहना राख्दै राष्ट्रियताको पक्षमा लेखिएका उपन्यास कृतिहरू हुन् भने **हेमा, वीरसिक्का, जीवनशास्त्र** शारीरिक समस्या, यौनअतृप्ति र अज्ञानताले समाजमा निम्ताएको विकराल रूप प्रस्तुत गरी लेखिएका उपन्यासहरू हुन् ।

### २.२.२.४ कथाकार व्यक्तित्व

व्यक्तित्वको अर्को पक्ष उनको कथाकार व्यक्तित्व पनि हो । खासगरी वि.सं. २०१८ सालमा **'अविवेक'** कथा लेखेर विद्यालय जीवनबाटै सेन कथा क्षेत्रमा प्रवेश गरेको देखिन्छ । उनका कथाहरू विभिन्न पत्र-पत्रिकाहरूमा प्रकाशित भएको पाइन्छ । केही फुटकर कथाहरू निम्न छन् :

१. **अविवेक** (२०१८)

२. **अभागिनी** (२०३३)

३. **स्वप्नैस्वप्नको पथिक** (२०३९)

४. **पाहुना** (२०४२)

५. **सूब सेनका कथा** (२०६५)

६. **खरानीको टीका** (अप्राप्त)

सूब सेनका कथाहरूमा नेपालका गाउाहरू विशेषत पश्मिाञ्चलका क्षेत्रका विकट गाउाहरू बोलेको पाइन्छ । ती गाउाहरूभित्रका दुख्ने वा नदुख्ने घाउहरूलाई उनले विषयको केन्द्रमा राखेर मानवीय संवेदनाका पर्दाहरू एकपछि अर्को गर्दै खोल्दै गएका छन् (श्रेष्ठ, २०६७:९४) । उनका कथाहरूले उनलाई मूलतः सामाजिक यथार्थवादी कथाकारका रूपमा चिनाएको छ (पोखरेल, २०६६:१०) । सेनका कथामा वर्गीय विभेद समाजमा घट्ने अन्याय अत्याचारको समुदघाटन् गरिनुका साथै समुन्नत नेपालको परिकल्पना गर्दै सबैलाई राष्ट्र निर्माणमा जुट्न आह्वान गरिएको छ ।

## २.२.२.५ निबन्धकार व्यक्तित्व

सूब सेनलाई औपचारिक रूपमा साहित्यमा डोऱ्याउने विधा निबन्ध मानिन्छ । वि.सं. २०१७ सालमा पाल्पामा पढ्दा **साहित्य** शीर्षकको निबन्ध प्रकाशित गरेपश्चात् लामो समयसम्म निबन्ध विधाबाट अलग रहेका सेनले २०६७ मा ठकुरी जाति परिचय र पहिचान नामक ऐतिहासिक निबन्ध कृति प्रकाशित गरेको पाइन्छ । मझौला आकारको उक्त कृतिमा ठकुरी जातिको विकास, भाषा, बसोबास, आर्थिक अवस्थाको बारेमा उल्लेख गरिएको छ ।

## २.२.२.६ नाटककार व्यक्तित्व

सूब सेन नेपाली साहित्यको विविध विधामा कलम चलाउने क्रममा नाटक विधाबाट पनि टाढा रहन सक्दैनन् । उनले पाल्पामा कक्षा १० मा पढ्दाखेरि वि.सं. २०१८ सालमा कर्तव्य नामक नाटक लेखेका थिए (पोखरेल, २०६१:३५) । जुन नाटक पाल्पाको पद्मोदय पब्लिक हाइस्कूलको प्राङ्गणमा मञ्चन समेत गरिएको थियो । पछि **'पाल्पादर्पण'** पत्रिकामा प्रकाशित पनि भएको थियो ।

सेनले आफ्नो साहित्यिक रूचि बढी नाटक विधामा भएपनि यहीा विधा सबभन्दा कम लेखेको बताउाछन् (अर्याल, २०६७:१११) । तर उनका नाटक कृतिको रूपमा प्रकाशन भएको भने पाइादैन । उनका नाटकमा खासगरी जातीय विभेद छुवाछुत प्रथाको विरोध गर्दै ग्रामीण परिवेशमा जनचेतना फैलाउनु र सामाजिक सुधार गर्नु रहेको छ ।

### २.२.३ साहित्येत्तर व्यक्तित्व

साहित्यकार सूब सेनको व्यक्तित्वका विविध पाटाहरू मध्ये साहित्येत्तर व्यक्तित्व पनि महत्त्वपूर्ण भएर रहेको पाइन्छ ।यसमा उनको आन्तरिक र बाह्‌य दुवै व्यक्तित्व पर्दछन् । जसलाई निम्नानुसार चर्चा गर्न सकिन्छ :

### २.२.३.१ अनुसन्धानात्मक व्यक्तित्व

सूब सेन साहित्येत्तर व्यक्तित्व पनि हुन् भन्ने कुरा उनको अनुसन्धानमुलक कृति **'थारूको खोजी कैलालीको वास'** (२०४४) ले पुष्टि गर्दछ । यस कृतिले उनलाई अनुसन्धानकर्ताको रूपमा चिनाएको छ ।

प्रयुक्त कृतिमा सेनले नेपाल बहुजातीय, बहुभाषिक र बहुसाास्कृतिक मुलुक हो भन्ने चरितार्थलाई सार्थक तुल्याउादै राष्ट्र सेवाको सिलसिलामा कैलाली रहादा थारू जातिको उत्पत्ति, परिचय, भेषभूषा चाल-चलन र परम्पराको उल्लेख गर्दै त्यहााका ऐतिहासिक, सामाजिक, सांस्कृतिक, भाषिक, पर्यावरणीय आदि विषय क्षेत्रको यथार्थ ढंगले चित्रण गरिएको पाइन्छ ।

### २.२.३.२ संस्मरणकार व्यक्तित्व

संस्मरण व्यक्तित्व पनि सूब सेनको महत्त्वपूर्ण पाटो हो । उनलाई संस्मरणकारका रूपमा धेरै परिचित गराउने ग्रन्थ **'मेरा कथाहरूको कथा'** (२०६१) ४१२६३ पृष्ठको विशाल ग्रन्थ हो । यसलाई विराट् एवम् गहकिलो विशिष्ट दस्तावेजका रूपमा लिने पनि गरिन्छ । त्यस्तै अन्य संस्मरणमा **'मेरा सपना र विपना'** (२०६४), **'भाइको खोजी'** (२०६५) रहेका छन् ।

उपयुक्त पहिलो ग्रन्थमा आफू विशिष्ट प्रशासक प्र.जि.अ. एवम् अञ्चलाधिश भई देशका विभिन्न जिल्ला, अञ्चलहरूमा कार्यरत हुादा आफूले देखेका भोगेका, अनुभव गरेका कुरालाई निजी डायरीको रूपमा टिपोट गरिएका कुरालाई बडो मार्मिक ढंगले साहित्यिक रूप दिइएको छ (गौतम २०६७:१९५) । आफूले देखे भोगेका घट्नाहरूमध्ये **'मेरा कथाहरूको कथामा'** ०.५ प्रतिशत पनि समावेश नभएको बताउने सेनले सम्पूर्ण घट्नालाई ग्रन्थको रूप दिन नभ्याएको स्वीकार्छन् (पोखरेल, २०६६:१५) । तर पनि यति बृहत्तर ग्रन्थ प्रकाशनमा आउनु आफैमा उपलब्धि र महत्त्वपूर्ण मान्न सकिन्छ । यसैगरी अन्य दुई संस्मरणात्मक कृतिहरू पनि यथार्थको नजिक रही रोचक विषयवस्तु आगालेर लेखिएको पाइन्छ ।

### २.२.३.३ इतिहासकार व्यक्तित्व

सूब सेनले कलम चलाएको अर्को साहित्येत्तर विधामध्ये इतिहास विधा पनि एक हो । उनका इतिहास सम्वन्धी निम्न कृतिहरू प्रकाशित छन् :

१. **पाल्पाली सेन पाल्पादेखि पुरकोटसम्म** (२०५९)

२. **पुरकोटका नवरत्न** (२०६०)

३. **गिरिजा शासनः कालो इतिहास,** (२०६४)

४. **ब्रेन बम : राजा ज्ञानेन्द्रको महाभारत,** (२०६४)

उक्त पहिलो कृतिमा सेन वंशको वंशावली खोजिनुका साथै राज्य स्थापना कालमा सेन वंशले गरेको त्याग र योगदानको बारेमा उल्लेख गरिएको छ । त्यस्तै पुरकोटका नवरत्नमा आफ्नै जन्मथलो पुरकोटको प्राकृतिक, ऐतिहासिक स्थितिको वर्णन र त्यहाा जन्मेर समाज सुधार र उन्नतीमा लागेका महान नौंजना व्यक्तित्वको वर्णन रहेको पाइन्छ । गिरिजा शासन कृतिमा गिरिजाको शासनकाल नेपालकै इतिहासमा घृणित, भ्रष्ट, कलंकित र निकृष्ट कालोशासन हो भनी कोइराला परिवारको नालीबेली प्रस्तुत गरिएको छ । त्यस्तै **ब्रेनबम राजा ज्ञानेन्द्रको महाभारतमा** राजा वीरेन्द्रको वंशनाश हुने दरबार हत्याकाण्डदेखि संविधान सभा निर्वाचनको पूर्वसन्ध्यासम्मका अनुभव भएका विभिन्न घट्ना राजनीतिक गतिविधीलाई समेटेर लेखिएको ग्रन्थ हो ।

## २.२.३.४ प्रशासक व्यक्तित्व

सूब सेनको साहित्यिक लेखन र प्रशासकीय व्यक्तित्व परिपूरक जस्तो भएर रहेको पाइन्छ । उनले जीवनको लामो समय राष्ट्रसेवाको सिलसिलामा प्रशासनको विभिन्न पदमा रही बिताएकाले उनी प्रशासक व्यक्तित्वको रूपमा पनि बढी परिचित रहेको देखिन्छ ।

तत्कालीन श्री ५ को सरकारको सेवामा प्रवेशका लागि लोकसेवा आयोगको परिक्षा उतीर्ण भएपछि वि.सं. २०२३ मंसिर २३ गतेदेखि शाखा अधिकृत (रा.प. तृतिय श्रेणी) पदमा नियुक्त भई सरकारी सेवामा प्रवेश गरी भूमिसुधार मन्त्रालय अन्तर्गत अधिकृत र यसपछि भूमि प्रशासक पदमा रहादै साढे आठवर्ष जति (प्युठान, म्याग्दी, पाल्पा, महोत्तरी, ललितपुर, रूपन्देही, कैलाली, नवलपरासी) जस्ता जिल्लामा काम गर्दछन् (अर्याल, २०६७:११०) । यसैक्रममा सेती, भेरी, महाकाली, राप्ती, लुम्बिनी, वाग्मति, गण्डकी, धौलागिरी अञ्चलमा समेत जिल्ला भ्रमण गर्न पुग्दछन् । वि.सं. २०३२ देखि २०३९ भाद्रसम्म महोत्तरी, जुम्ला, चितवन, कपिलवस्तु, कास्की जिल्लामा प्रमुख जिल्ला अधिकारी र यसैबीच नारायणी र सेतीमा छोटो समयको लागि सहायक अञ्चलाधिशको काम समेत गर्न पुगेका सेन २०३९ भाद्र २६ देखि २०४२ भाद्र ७ गतेसम्म नेपाल खाद्य संस्थानको महाप्रबन्धक र २०४२ भाद्र ८ गतेदेखि कोशी अञ्चलको अञ्चलाधीश र सगरमाथा अञ्चलको अञ्चलाधीश भएर २०४७ वैशाख १५ गतेसम्म काम गरेपछि आफ्ना पदाधिकार रहेको सामान्य प्रशासन मन्त्रालयमा हाजिर भई काम गरिरहेको बेला

२०४६ असार १० गते सह-सचिव पदबाट अवकास प्राप्त गर्दछन् । यसरी सेनले लामो समयसम्म प्रशासनिक अनुभव प्राप्त गरेको देखिन्छ ।

## २.२.३.५ राजनैतिक व्यक्तित्व

सूब सेन साहित्यिक व्यक्तित्व मात्र होइनन् । राजनैतिक व्यक्तित्व पनि हुन् । सेनले वि.सं. २०१२ सालमा तत्कालीन नेपाल राष्ट्रवादी गोरखा परिषदको सदस्यता लिएका थिए । यसले उनलाई गुल्मी जिल्लाको संगठन मन्त्री बनेर विभिन्न ठाउामा घुम्ने र राजनीतिबारे अनुभव गर्ने मौका मिलेको थियो ।

अध्ययनको सिलसिलामा वि.सं. २०१५ सालमा पाल्पा आगमनसागै उनको सम्पर्क डा. केशरजङ्ग रायमाभ्कीसाग हुन पुग्दछ, फलस्वरूप, उनले २०१६ सालमा कम्युनिष्ट पार्टीको सदस्यता लिन पुग्दछन् । यस्तैमा, सोही सालमा पाल्पाको पद्मोदय पब्लिक हाइस्कूलको युनियनको अध्यक्ष समेत बन्दछन् (पोखरेल, २०६३:४१) । यसपछि उनको राजनीतितर्फ भ्कुकाव बढ्न थाल्दछ । विद्यालय स्तरिय शिक्षा पूरा गरी उच्चशिक्षाको लागि काठमाडौा आएका सेन राजनीतिमा निष्पक्ष र राष्ट्रवादी विद्यार्थीको सङ्गत बनाई नेतृत्व गरेर विद्यार्थी तथा शैक्षिक गतिविधिमा सहभागी हुन्छन् । यसरी आफ्नो जीवनलाई राजनीतितर्फ लग्ने सोच बनाएर वि.सं. २०२० सालमा बाािजकटेरी गा.पं. बाट निर्विरोध निर्वाचित भई जिल्ला सभासद् समेत बन्दछन् । जिल्लामा भइरहेको जाली, फटाहीा, शोषण, भेदभाव, भ्रष्टाचारको विरोध गर्दै विकास निर्माणका कार्यक्रमलाई अगाडि बढाउाछन् । यसै क्रममा वि.सं. २०२३ मा सरकारी सेवामा प्रवेश गरेका सेन राजनीति भन्दा टाढा रहन पुग्दछन् । बरू प्रशासनिक सेवासागै साहित्य लेखनतर्फ अग्रसर हुन थाल्दछन् । लामो समयको प्रशासकीय जीवनको अवकाशपश्चात पुनः राजनीतिमा आकर्षित हुन पुग्दछन् । पछिल्लो समयमा राजनीति विश्लेषक तथा बुद्धिजिवीका रूपमा चिनिने सेन हाल संविधान सभामा एकिकृत माओवादी पार्टीका तर्फबाट समानुपातिक पद्धतिबाट निर्वाचित भई संविधान सभाका सदस्यका रूपमा उनको राजनीतिक व्यक्तित्व स्थापित भएको पाइन्छ ।

## २.३ सूब सेनको जीवनी र उपन्यास लेखन बीच अन्तःसम्बन्ध

कुनै पनि साहित्य सृजनामा स्रष्टामा आफ्नो वरिपरिको वातावरण, चालचलन, रीतिरिवाज, देखाइ, भोगाइ, अनुभव, आदिको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यस्तै मान्यताले सूब सेनको उपन्यास लेखनको क्रममा धेरै हदसम्म मेल खाएको देखिन्छ ।

खासगरी, प्रत्यक्ष-परोक्ष राजनीतिक, सामाजिक, यौनमनोविज्ञानलाई विषय बनाएर उपन्यास सृजना गर्ने सेनका उपन्यासहरूमा राष्ट्रियताको भावना, सामाीजक विभेद, नारी समस्या, जातीय विभेदको अन्त्यको चाहना राख्दै शासकवर्गको अन्याय, अत्याचार, भ्रष्टाचार, पक्षपात र उत्पीडनरहित समाजको आकांक्षा सूक्ष्मरूपले प्रस्तुत गरिएको पाइन्छ । उनका प्रायःजसो उपन्यासको कथानक ग्रामीण परिवेश रहने गर्दछ । प्रमुख पात्रहरू पनि यस्तै परिवेशका निम्न आर्थिक अवस्था भएका छन् । सेनका उपन्यासमा प्रायःजसो ग्रामीण समाजमा बोलिने भाषाका साथै उखान टुक्काको प्रयोग पनि प्रशस्त रूपमा विभिन्न सन्दर्भमा प्रयोग गरिएको पाइन्छ । यसमा उनको घर पश्चिमको गुल्मीमा हुनु र त्यहीाको वातावरण, रहन-सहनमा हुर्किनुको प्रभाव झल्किएको महसुस हुन्छ । उनका उपन्यासहरूमा प्रायःगरी मध्यकालीन सामन्ती चरित्र, राजनीतिक अवस्था, जीवनको भोगाइ र अज्ञानतालाई औपन्यासिकरण गरिएको छ । यसबाट सेनको जीवन र उपन्यास बीच गहिरो सम्बन्ध रहेको देखिन्छ ।

सेनको पहिलो औपन्यासिक कृति **'डाडाको जून'** (वि.सं. २०४४) हो । उनकै शब्दमा भन्दा यो सामाजिक उपन्यास भएकोले समाजमा देखिएका घट्नालाई यथार्थ रूपमा उतारिएको छ । **शिखर** (२०४५) राष्ट्रवादी नेपालवादको अभिव्यक्ति प्रस्तुत गरी लेखिएको औपन्यासिक कृति हो । यस्तै अन्य पााच लघु उपन्यासहरूमध्ये **अञ्जूश्री, आन्दोलन,** देशमा परिवर्तनको चाहना राख्दै प्रगतिशील चेतना प्रवाह गरी लेखिएका उपन्यास हुन् भने अन्य **वीरसिक्का, हेमा, जीवनशास्त्र** जस्ता उपन्यासहरू शारीरिक समस्या, यौन समस्या, यौनअतृप्ति र अज्ञानतालाई विषयवस्तु बनाएर लेखिएका औपन्यासिक कृतिहरू हुन् ।

सेनका प्रायःजसो उपन्यासहरूमा उनले देखेका, भोगेका, आर्थिक, सामाजिक, साास्कृतिक, राजनीतिक जीवनका घट्नाहरूलाई कलात्मकता दिएर उपन्यास सृजना गर्नु उनको विशेषता नै रहेको छ । जीवनको प्रारम्भिक अवस्थादेखि मध्यकालीन समाजका बिम्बलाई उपन्यासमा उतार्नु नै सेनको जीवन र उपन्यास बीचको गहिरो अन्तःसम्बन्ध देखिन्छ ।

## २.४ निष्कर्ष

गुल्मीको ग्रामीण समाजमा जन्मिएका सूब सेनका बाबु घनबहादुर सेन सुभाषचन्द्र बोशको सेनामा भर्ति भएका थिए । उनी धेरै पढे लेखेका नभएपनि देश विदेश घुमेका, देखेका र समाज सेवामा लागेका हुादा शिक्षाप्रति सचेत थिए । उनले आफ्ना छोरालाई शिक्षातर्फ लाग्न सल्लाह सुझाव साथै उचित अवसर पनि प्रदान गरे । तर ढिलो गरी पढाइको रफ्तारलाई अगाडि बढाएका सेनले एम.ए., बि.एल.सम्मको औपचारिक अध्ययन पूरा गरेको देखिन्छ ।

स्कूले जीवनबाटै कहिले राजनीतितर्फ आकर्षित हुनु त कहिले साहित्य रचना लेख्न सुरू गरेका सेन वि.सं. २०२३ मा लोकसेवा आयोगको परीक्षा उतीर्ण गरी शाखा अधिकृत पदबाट सरकारी सेवामा प्रवेश गर्दछन् । जीवनको लामो कालखण्ड प्रशासनिक सेवामा व्यतित गरेका सेनले सामाजिक यथार्थको धरातलमा उभिएर अधिकांश साहित्यिक कृतिहरू प्रकाशित गरेका छन् । उनले खासगरी कथा, कविता, उपन्यास, नाटक, नियात्रा, संस्मरण, अनुसन्धान, इतिहास आदि विविध विधामा कलम चलाएको पाइन्छ । साहित्यलाई जीवनको अभिन्न अङ्ग मान्ने सेनका प्रायःजसो कृतिमा उच्च राष्ट्रिय चिन्तन, शोषणमुक्त समाजको परिकल्पना, भष्ट्राचारविहीन प्रशासनको आकांक्षा गर्नुका साथै केही उपन्यासहरूमा यौनअतृप्ति र अज्ञानतालाई प्रस्तुत गरिएको छ । नेपालीको वास्तविक जीवनको चित्रण मेरो साहित्य हो भन्ने सेन पछिल्लो समयमा साहित्य लेखनसागै राजनीतितर्फ पनि अग्रसर भएको पाइन्छ । हाल उनी संविधान सभामा एकिकृत माओवादी पार्टीको समानुपातिकतर्फबाट सभासद् भएका छन् ।

यसरी प्रशासनिक सेवामा रहेको बेला होस् वा नभएको बेला सूब सेनले अढाइ दर्जन पुस्तकाकार कृतिहरू प्रकाशित गरी नेपाली साहित्यिक फाटमा महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ ।

## परिच्छेद : तीन

# उपन्यास सिद्धान्त र नेपाली उपन्यासको विकासक्रम

### ३.१ उपन्यासको उद्भव

उपन्यास शब्द 'उप' र 'नि' उपसर्ग 'अस्' धातु र 'धञ्' प्रत्ययको संयोगबाट बनेको हो । यसरी कुनै वस्तुलाई कसैको नजिक राख्नु नै उपन्यासको अर्थ हुन आउाछ (थापा, २०४७:१२०) । उपन्यास संस्कृत तत्सम शब्द हो र अङ्ग्रेजीमा 'नोवेल' शब्दका रूपमा प्रयोग भएको पाइन्छ ।

संस्कृत साहित्यमा उपन्यास शब्दको प्रयोजनपरक अर्थ, कुशलतापूर्वक विशेष अर्थ प्रकट गर्ने प्रक्रिया विशेष नै उपन्यास हो भन्ने गरिएको छ । जीवनका सत्यपक्षलाई भाषाद्वारा आफ्नै नजिकमा विन्यास गरिनु उपन्यास हो । जुन प्रस्तुति छ त्यो आफैंमा जीवनको प्रतिरूप भएर समिपमा विन्यस्त हुन्छ (सुवेदी, २०६४:५) । कुशलतापूर्वक कुनै अर्थ प्रस्तुत गर्ने भनी उपन्यासको ब्याख्या यसरी दिइएको छ ।

अङ्ग्रेजी साहित्यमा आज प्रचलित नोवेल ९ल्यखभ्ि० ल्याटिन भाषाको नोवोस ९ल्यखयधक० अर्थात् नोवलस ९ल्यखर्बायिधक० बाट विकसित भएको पाइन्छ । यसै ल्याटिन भाषा विकसित हुादै फ्रान्समा पुगेको नोवोल्ला ९ल्यखर्भाबि० शब्दको प्राविधिक अर्थ उपन्यास हुन पुगेको छ । यसको ल्याटिन मूलको अर्थ के हो भने नोवेल अर्थात् समाचार पत्र, समाचारपत्रलाई सङ्केत गर्न नोवेला ९ल्यखर्भाबि० शब्दको प्रयोग हुन्थ्यो । त्यसको सामान्य अर्थ केवल घट्नालाई समाचारको रूपमा सम्प्रेषण गर्नु भन्ने हुन्थ्यो (प्रधान, २०६१:१४:१५) ।

तर यसको अर्थगत प्रयोजनीयता आज अर्कै भएको छ । घट्ना, वस्तु, पात्र, परिवेश, कौतुहलता, द्वन्द्व, प्रस्तुति विशेषसमेतको आख्यानात्मक प्रतिपादनलाई उपन्यास भन्ने अर्थ दिन थालिएको छ (सुवेदी, २०६४:५) । यसरी अङग्रेजीमा प्रयुक्त नोवेल ९ल्यखभ्ि० लाई नेपालीमा हाल उपन्यासको रूपमा चिनिन्छ ।

### ३.२ उपन्यासको परिभाषा

उपन्यासलाई परिभाषाको दृष्टिले निश्चित सीमामा बााधेर हेर्न नसकिएतापनि उपन्यासको स्वरूपको निर्धारण गर्न विभिन्न विद्वानहरूले विभिन्न प्रकारका परिभाषा दिएका छन् । तिनै परिभाषाको माध्यमबाट उपन्यास के हो भन्ने कुरा बुझ्न सजिलो पर्छ । यहाा केही विद्वानहरूले उपन्यासको बारेमा दिएका आ- आफ्नै किसिमका परिभाषाहरू निम्नानुसार छन् :

"बृहत्त् आकार भएको गद्याख्यान अथवा वृत्तान्त जस अन्तर्गत वास्तविक जीवनको प्रतिनिधित्व गर्ने, पात्र, चरित्र र कार्यको कथानकका आधारमा चित्रण गरिएको हुन्छ ।"

**न्यू इङ्लिस डिक्सनेरी** (सुवेदी, २०६४:११) ।

"उपन्यास साहित्यको अठारौं शताब्दीपछिको गद्यात्मक आख्यानलाई बुझाउने अभिधात्मक शब्द हो । यसमा मानवजीवनको व्यापक पक्ष समेटिएको हुन्छ । उदाहरणका लागि रविनसन क्रुसो, टामजोन्स जस्ता बृहत्, उपन्यास र चार्ल्स डिकेन्स, बाल्जाक, जोला र दस्तोभस्कीजस्ता स्रष्टाका आख्यान रचना सफल उपन्यासहरू हुन् ।"

**क्याम्ब्रिज इन्साइक्लोपिडिया** (सुवेदी, २०६४:११) ।

"हालको जटिल एवम् सङ्कटग्रस्त सामाजिक, धार्मिक, राजनीतिक, आर्थिक आदि संस्कारद्वारा पीडित मानवजातीको एउटा प्रतिनिधिमूलक अभिव्यक्ति नै उपन्यास हो ।"

**इ.एम.फोस्टर, आस्पेक्ट अफ द नोवल** (बराल र एटम, २०६६:६) ।

"उपन्यासले मानवजीवनको सम्पूर्णताको अध्ययन गर्ने भएकाले यसको महत्ता अन्य कला र साहित्यभन्दा स्वभाविक रूपले बढी छ ।"

**डि.एच. लरेन्स, ह्वाइट द नोवेल म्याटर** (बराल र एटम, २०६६:६) ।

यस्तै उपन्यासको परिभाषा दिने क्रममा पूर्वीय शब्दकोश तथा विद्वानहरूबाट पनि यथेष्ट प्रयास भएका छन् । केही परिभाषाहरू निम्नानुसार रहेका छन् :

"म उपन्यासलाई मानवजीवनको चित्र मान्छु । मानवचरित्रमाथि प्रकाश पार्नु र जीवनका रहस्यलाई उद्घाटन गरिदिनु उपन्यासको मूल काम हो ।"

**हिन्दी साहित्यकोश प्रेमचन्द्र** (सुवेदी, २०६४:११) ।

"उपन्यासले कल्पनाका आधारमा एउटा संसार खडा गरिदिन्छ । कहिलेकाहीं त उपन्यासमा यति सबल भ्रम प्राप्त हुन्छ - हामी त्यसभित्रै हराएर सन्तोष प्राप्त गर्न पुग्दछौं ।"

**डा. गोपाल राय** (सुवेदी २०६४:११) ।

"उपन्यास भनेको धेरै अध्याय वा खण्डहरूमा लेखिने लामो साहित्य कथाः चरित्र प्रधान महाकाव्य हो ।"

**नेपाली बृहत् शब्दकोश** (त्रिपाठी र अन्य, २०४०:१५२) ।

प्रथमतः उपन्यासले सामाजिक चरित्र वा मनोवैज्ञानिक रेखाङ्कनबाट तृप्तिको अनुभव गर्दैन । कुनै शाश्वत मानवीय मर्मको अविस्मरणीय कलात्मकताले नै महान पार्छ ।

**वासुदेव त्रिपाठी** (प्रधान, २०४०:३८) ।

"उपन्यास जीवन र जगतप्रति नै एक विहङ्गम दृष्टि हो, जसलाई बुझ्ने केलाउने र चित्रण गर्ने प्रयत्न अत्यन्त यथार्थिक हुन्छ । यथातथ्यको उद्घाटन मात्र नभएको यो एक सम्पूर्ण मनुष्य - जीवित मनुष्यको संसार हो ।"

**कृष्णचन्द्र सिंह प्रधान** (प्रधान, २०६१:१) ।

उपन्यास यथार्थमा भावनाको भाषा, जीवनको उद्गार हो । साँचो उपन्यास जीवनको छाया नै हुन्छ । औ साँचो उपन्यास नै जीवनको मार्गदर्शक बन्दछ ।

**इन्द्रबहादुर राई**, (राई, २०५२:४०) ।

"उपन्यास गद्यमा लेखिएको त्यो विधा हो, जसमा मानवजीवनको विस्तृत पक्ष र सम्बद्ध परिवेशको प्रस्तुति हुन्छ ।"

**मोहन हिंमाशु थापा** (थापा, २०४७:१२२) ।

"पूर्वापर तारतम्यमा सुसम्बद्ध गरेर लेखिएका आख्यानात्मक रचनालाई उपन्यास भनिन्छ ।"

**राजेन्द्र सुवेदी** (सुवेदी, २०६४:११) ।

उपयुक्त परिभाषाका आधारमा के भन्न सकिन्छ भने उपन्यास भनेको निश्चित आकार भएको जीवन र जगतप्रतिको विस्तृत अभिव्यक्ति हो, जसमा एउटा सिङ्गो संसार अटाएको हुन्छ । उपन्यासले जीवनको नवीन रस सृजना गर्ने गर्दछ । जीवनका यथार्थ चित्रणका प्रस्तुतिहरू, जीवनका क्रियाकलापहरूलाई प्रतिपादन गरिएको हुन्छ । वस्तु र घट्नाको प्रयोग गरिएको हुन्छ । पात्रहरूको यथार्थ जीवनको प्रस्तुति गरिनुका साथै वस्तुलाई शिल्पले र शिल्पलाई शैलीले संयोजन गरिएको हुन्छ । समाजका जीवनमा आएका परम्परा र सांस्कृतिक पक्षहरू, चिन्तनपरम्परा र मान्यताका मापदण्डहरू उपन्यासमा समीकरण गरिएको हुन्छ ।

## ३.३ उपन्यासका तत्त्वहरू

उपन्यासका अनेकौ स्वरूप र विषयगत भिन्नता पाइन्छन् । उपन्यासले जीवनको प्रस्तुति गर्ने हुँदा त्यसक्रममा यसमा स्वरूपगत विविधता देखिन्छन् । उपन्यासको स्वरूपमा समानता स्थापित गर्ने पक्ष नै उपन्यासका तत्त्वहरू हुन् । उपन्यास निर्माण तथा पूर्ण हुनका लागि तत्त्वहरूको अनिवार्यता देखिएता पनि ती तत्त्वहरू यतिनै हुन् भनेर किट्ने क्रममा विद्वानहरू बीच मतैक्य हुन सकेको पाइादैन ।

तर पनि अधिकांश तत्त्वहरूका बारेमा भने सहमत हुन सक्ने स्थिति देखिन्छ । जस्तै- कथानक, चरित्र/पात्र, सारवस्तु, दृष्टिविन्दु, परिवेश, भाषाशैली आदिलाई उपन्यासका अनिवार्य तत्त्वका रूपमा मानिन्छ । केही समालोचकहरूले अन्य तत्त्वहरू पनि हुने कुरामा जोड दिएको पाइन्छ । ती हुन् : प्रतीक र बिम्ब, गति र लय, प्राक्सन्दर्भ आदि मुख्य तत्त्वहरूको संक्षिप्त चर्चा यसरी गर्न सकिन्छ ।

### ३.३.१ कथानक

कथानक उपन्यासको आधारवस्तु हो । जसको निर्माण सामान्य वा जटिल घट्नाहरूको संयोजनबाट हुन्छ । अर्को शब्दमा भन्ने हो भने घट्नाहरूलाई एक अर्कोसित उनेर सम्बन्ध जोर्ने र सुसंगठितता प्रदान गर्ने काम कथानकको हो (प्रधान, २०६१:७) । उपन्यास क्षिण भए पनि वस्तुका अभावमा अड्ने स्थिति नै रहादैन । त्यसकारण कथाले जस्तै उपन्यासले पनि कथानक पक्षको अपेक्षा गर्दछ । कथानकको प्रस्तुति र विस्तार केका लागि र किनसित गाासिएकोले उद्देश्य र विचारसित पनि कथानक घनिष्ट रूपमा गाासिएको हुन्छ । वास्तवमा कथानक कथावस्तुको प्रस्तुतिको क्रममा देखा पर्ने घट्नाक्रमहरूको योजनाबद्ध र व्यवस्थित प्रस्तुति हो ( बराल, २०६३:२८) । छरिएर बसेका तत्त्वहरूलाई कथाले निरन्तरता प्रदान गर्दैन । निरन्तरता प्रदान गर्ने तत्त्वको नाम हो कथानक । (सुवेदी, २०६४:१८)

कथानक उपन्यासलाई गतिशील बनाउने मुख्य भाग हो । पूरा इतिहास र समाजका संस्कृति कथा र विज्ञानका मान्छेका अन्तः संरचना र बाह्रय प्रवृत्तिका पक्षहरूलाई आवश्यकतानुसार प्रस्तुत गर्ने क्रियाकलापबाट उपन्यासको निर्माण हुन्छ (सुवेदी, २०६४:१८ :१९) । क्रिया व्यापार र द्वन्द्व कथानकका अनिवार्य उपकरण हुन् । दुई विपरित शक्ति वा स्थितिको द्वन्द्वबाट कथानकमा परस्पर सम्बद्ध क्रिया व्यवहारको सुनियोजना हुन्छ । द्वन्द्व कथानकको जीवनधार हो । द्वन्द्वमा अवलम्बित भएर पात्रले आफ्नो कार्य गर्न सक्षम हुन्छ (श्रेष्ठ, २०५९:३०) । द्वन्द्व पनि आन्तरिक र बाह्रय हुन्छ । आन्तरिक भनेको मनभित्रको द्वन्द्व हो । बाह्रय द्वन्द्व मानिस मानिसका बीच, मानिस समाजका बीच, समाज समाजका बीच भएका द्वन्द्वहरू पर्दछन् । द्वन्द्व र क्रियाले नै कथानकलाई नयाा नयाा मोड दिन्छन् र कथानक अघि बढ्दै जान्छ (बराल र एटम २०६६:२४) । रहस्य पनि कथानकको लागि आवश्यक हुन्छ भने कौतुहलताको आवश्यकता पनि कथानकका लागि अनिवार्य छ तर यो रहस्यभित्र स्वतः आउाछ । उपन्यासमा फेरि यस्तो भयो भन्ने क्रममा पनि कौतुहलताको निर्माण गरिएको हुन्छ (बराल र एटम, २०६६:२४) । कथानकको आङ्गिक विकास भनेको आदि, मध्य र अन्त्यको समुचित विन्यास हो । यस्तो कथानक आङ्गिक दृष्टिले पूर्ण हुन्छ । त्यसैले कथानक उपन्यासको आवश्यक तत्त्वहरूमध्ये एक महत्त्वपूर्ण तत्त्व हो ।

उपन्यासमा निहित कथाका स्वरूपलाई आधार मानेर उपन्यासका कथानकलाई निम्न चार भागमा विभाजन गर्न सकिन्छ ।

क. साहसी उपन्यास : यस्ता उपन्यासमा स्पेनका आख्यान नायक सर्वान्तिजको डनक्विजोट, नेपालीमा शिवदत्त शर्माको 'वीरसिक्का' लाई लिन सकिन्छ । (सुवेदी, २०६४:२०) ।

ख. नाटकीय उपन्यासमा इन्द्रबहादुर राईको 'आज रमिता छ', लीलबहादुर क्षेत्रीको 'बसाई', जोन आस्टिनको 'प्राइड एण्ड पिन्युडिस' जस्ता उपन्यासहरू पर्दछन् ।

ग. घट्ना प्रधान उपन्यासमा नेपाली उपन्यास वाङ्गदेलको 'मुलुकबाहिर', तुलसीराम कुावरको 'रने' र 'सङ्घर्ष' तथा अङ्ग्रेजी उपन्यासकार जेम्स स्कट स्टिभेन्सन आदिका उपन्यासलाई लिन सकिन्छ ।

घ. चरित्र प्रधान उपन्यासमा टोमस हार्डीको 'फार फ्रम द मेडिङ क्रोड', हृदयचन्द्र सिंह प्रधानको 'एक चिहान', दौलत बिक्रम विष्टको 'एक पालुवा अनेकौ याम', रूद्रराज पाण्डेको 'रूपमती' जस्ता उपन्यासलाई लिन सकिन्छ (सुवेदी, २०६४:२०) ।

समग्रमा उपन्यासलाई गति दिनको लागि कथानक अनिवार्य छ । उपन्यासमा कथानक भएन भने उपन्यासको रचना हुन सक्दैन ।

## ३.३.२ पात्र/चरित्र

उपन्यासका तत्त्वहरू मध्ये चरित्र पनि एक प्रमुख तत्त्व हो । यसलाई कतै क्रियाकलाप र कार्यव्यापारले पनि चिनिन्छ ।

सामाजिक वैयक्तिक र मानवीय आधारमा उनीहरूका वैविध्यको र विविधताभित्रै एकताको अध्ययन गर्नु उपन्यासमा चरित्र-चित्रणको लक्ष्य हो । पात्र - चरित्रको ज्ञानलाई चित्रको संज्ञा दिन सकिन्छ, जसको सहायताले उपन्यासमा उनीहरूका जातीय विशेषताहरू मानवीय शाश्वत सत्यहरू र व्यक्तिका प्रवृत्तिगत वैचित्र्यहरू उद्घाटित हुन्छन् (प्रधान, २०६१:१८) । उपन्यासभित्र कुनै न कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मानवेत्तर प्राणीलाई पात्र वा चरित्र भनिन्छ भने, कथानकको गति र कार्यअनुरूप चरित्र चित्रण विकास, व्यवहार, आरोह अवरोहका क्रियाकलापहरू चारित्रीकरण हुन् (बराल, २०६३:३२)। वर्तमानमा मानव चरित्र र मानवसमाजलाई बुझ्ने प्रमुख तत्त्वका रूपमा चरित्र चित्रणलाई लिने गरिन्छ । मानव जीवनको व्यापक भाष्य उतार्ने तत्त्व नै चरित्र हो । इतिहास र समाज, प्रान्त र देशान्तर, प्रवृत्ति र पुस्ता, जाति र सभ्यता परिस्थितिअनुसार चरित्रकै माध्यमबाट प्रकट हुने गर्दछ । (सुवेदी, २०६४:२३)

उपन्यासमा विभिन्न किसिमका चरित्रहरू एक अर्काका सापेक्षमा कस्ता विशेषताहरू लिएर कृतिमा आउाछन् भन्ने कुरा तीनको वर्गीकरणबाट स्पष्ट हुन्छ, चरित्रका प्रकारहरूका वर्गीकरणका आधारहरू : कृतिगत भूमिकाका आधारमा प्रमुख, सहाय र गौण गरी बााड्न सकिन्छ । त्यस्तै पवृत्तिका आधारमा प्रतिकूल र अनुकूल र लिङ्गकाआधारमा पुलिङ्गी र स्त्रीलिङ्गी, स्वभावका आधारमा गतिशील र गतिहीन, जीवनचेतनाका आधारमा वर्गीय र व्यक्तिगत, आसन्नताका आधारमा मञ्चीय र नेपथ्य, आबद्धताका आधारमा बद्ध र मुक्त गरी उपन्यासका पात्रहरूको चरित्रको भूमिकाको बारेमा उल्लेख गर्न सकिन्छ (बराल र एटम, २०६६:२२:२३) ।

चरित्रलाई अन्य आधारमा पनि वर्गीकरण गर्न सकिन्छ । उपन्यासमा विभिन्न किसिमका चरित्रहरू रहेका हुन्छन्, गतिशील र गतिहीन यथार्थ र आदर्श, अन्तर्मुखी र बर्हिमुखी, गोला र च्याप्टा, सार्वभौम आञ्चालिक, पारम्पारिक र मौलिक आदि ।

यसरी उपन्यासमा पात्र चरित्रको महत्त्वपूर्ण स्थान सबैका दृष्टिमा स्वीकार योग्य मानिएको छ । उपन्यासमा चरित्रको माध्यमबाट उपन्यासकारले भन्न चाहेका कुरा उनको जीवनदृष्टि बुझ्न सकिन्छ । पात्रहरूको सम्बन्ध उपन्यासमा कथानक र उद्देश्यसित रहेको छ । पाठकले उपन्यास पढ्दा पात्रको चरित्र कार्यव्यापार र उनको व्यवहारद्वारा आफ्नो युग र समाजको प्रतिबिम्ब पाउादा चरित्र कमजोर हुादा उपन्यास पनि कमजोर हुने हुादा उपन्यासकारले सजगता अपनाउनु पर्छ ।

### ३.३.३ सारवस्तु/विचारतत्त्व

विचारतत्त्वलाई सारवस्तु वा कथानकले देखाउन खोजेको उद्देश्य भनिन्छ । जुनसुकै रचनाको सृजना गर्दा स्रष्टाले कुनै न कुनै विचार वा उद्देश्य राखेको हुन्छ । उपन्यासले समग्रतामा के भन्न चाहन्छ, त्यसैको निचोड सारतत्त्व हो (बराल, २०६३:३७) । उपन्यासकारले उपन्यासमा कथानक चरित्र भाषाका माध्यमबाट विचारको निष्कर्ष प्रस्तुत गरेको हुन्छ । (बराल र एटम, २०६६:३७) । उद्देश्य परिपूर्तिको निमित्त रचनामा विचारको शृङ्खला प्रवाहित गरिएको हुन्छ । यस विचार यात्राका निष्कर्षमा प्राप्त हुने उद्देश्यलाई उपन्यासको प्राप्ति भनिन्छ (सुवेदी, २०६४:२६) । यसको निर्धारणमा जीवनको दृष्टिकोणप्रतिको औपन्यासिक संवेदना कसरी अनुभवयुक्त भएर आएको छ भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । उपन्यास रचनाको प्रयोजनमा चाहे त्यो प्रत्यक्ष आरोपित भएको होस् वा परोक्ष रूपमा अर्न्तनिहिता, उपन्यास खासगरी सामाजिक समस्या र वैयक्तिक जीवनमा विभिन्न पक्षको विस्तृत अध्ययन हुनाले त्यसमा चित्रित जीवन र समस्याहरू यथातथ्य वर्णनमात्र नभएर तिनीहरूको जीवनप्रति उपन्यासकारको कुनै विशिष्ट दृष्टिकोणलाई नै प्रकट गरिरहेको हुन्छ (प्रधान, २०६१:११) ।

उपन्यास कलात्मक सौन्दर्ययुक्त हुने हुादा यसमा सारवस्तुको आग्रहीकरण नभएर नाटकीकरण भएको हुनु पर्छ । सारवस्तु उपन्यासको अर्थ भएको हुादा यसको छिनोफानो गर्दा प्रतीकात्मक स्वरूपलाई पनि खोतल्नुपर्ने हुन्छ । अन्यथा उपन्यासको सतह छाडेर गहिराइमा पस्न निकै गाह्रो हुन्छ (बराल र एटम, २०६६:३९) । वस्तु, आचरण, परिवेश र द्वन्द्वका सङ्गतिबाट उपन्यासको प्रादुर्भूत हुन्छ । यसै सङ्गतिबाट व्यक्त हुने स्रष्टाको परिपक्व अठोट नै उपन्यासको विचारपक्ष हो (सुवेदी, २०६४:२६) । उपन्यासमा समष्टि निष्कर्षमा हातलागी हुने दिशानिर्देश नै विचारपक्ष हो र यसको अभावमा उपन्यासको सृजना नै अर्थहीन हुन्छ । लेखकले उपन्यासमा दिन खोजेको भाव, विचारदर्शन नै विचारतत्त्व हो । त्यसैले उपन्यासको अनिवार्य उपकरणका रूपमा विचारतत्त्वलाई लिन सकिन्छ ।

## ३.३.४ दृष्टिविन्दु

उपन्यासमा कथयिताले कथावाचनका लागि उभिन वा बस्नलाई रोजेको ठाउा नै दृष्टिविन्दु हो (बराल र एटम २०६६:३५) । यसबाट कथायिताले कसरी घट्ना एवम् चरित्रहरूको वर्णन तथा उपस्थापन गर्छ भन्ने कुराको निर्धारण हुन्छ । लेखकले आफूले अनुभव गरेका समेटेका र भुक्तमान काटेका वस्तुस्थितिको भोक्ता हो पात्र । पात्रले भोग्ने जीवन भोगमा लेखक स्वयम् प्रवर्तित भएको हुन्छ । (सुवेदी, २०६४:२७) । यसरी प्रवर्तित हुादा लेखक दुई विन्दुमा वितरित हुन्छ । दृष्टिविन्दु मुख्यतः दुई प्रकारको हुन्छ ।

१. आन्तरिक वा प्रथम पुरुष दृष्टिविन्दु

२. बाहृय वा तृतीय पुरुष दृष्टिविन्दु

उपन्यासकारले घट्ना र पात्रको वर्णन गर्दा आफूलाई म का रूपमा उपस्थित गराउाछ भने त्यसलाई आन्तरिक वा प्रथम पुरुष दृष्टिविन्दु भनिन्छ । आन्तरिक दृष्टिविन्दु केन्द्रीय र परिधीय गरी दुई प्रकारको हुन्छ । केन्द्रीय प्रथम दृष्टिविन्दुमा कथयिता नै उपन्यासको प्रमुख पात्र हुन्छ र उसले आफ्ना कुरा निजी तवरले भनिरहेको हुन्छ (बराल र एटम, २०६६:२७) । यदि म पात्र सामान्य घट्नाको विवरण दिने वा कथा सुनाउने एउटा व्यक्तिको रूपमा मात्र रहेको छ र कथामा त्यसले कुनै सक्रिय भूमिका खेलेको छैन भने त्यसलाई परिधीय आन्तरिक दृष्टिविन्दु भनिन्छ । यहाा कथा प्रथम कथावाचकद्वारा नै प्रस्तुत गरिएको भएता पनि मूलपात्र भने अरू नै कोही हुन्छ । यहाा कथा वाचक कथाभित्र वा बाहिर जहाा बसेर भए पनि कथाको विवरण दिइरहेको हुन्छ । परिधीय दृष्टिविन्दुमा म पात्र त रहन्छ तर त्यसको स्थान प्रमुख नभई गौण वा तटस्थ हुन्छ ।

### बाहृय दृष्टिविन्दु

तृतीय पुरुष दृष्टिविन्दु भएको उपन्यासमा कथयिता सम्पूर्ण कुराको ज्ञाता हुन्छ र उसले घट्नास्थलभन्दा बाहिर रहेर अरूको बारेमा टिप्पणी गर्छ। यो तृतीय पुरुष पात्रबाट कथा प्रस्तुत गर्ने पद्धति पनि हो । कथावस्तुको प्रवृत्ति कथानकको स्वरूप र लेखकिय उद्देश्य आदिका आधारमा लेखकले दृष्टिविन्दुको चयन गर्दछ । बाह्य दृष्टिविन्दु सर्वज्ञ र सीमित गरी दुई प्रकारको हुन्छ। सर्वज्ञ दृष्टिविन्दुमा कथयिताले प्राय सबै पात्रका भावना प्रतिक्रिया विचार आदि समविष्ट गर्दै ती पात्रहरूको मन भित्रका सुक्ष्म र अमूर्त विचार दिलाई यथावत प्रस्तुत गरिने काम सर्वज्ञ वा वाह्य दृष्टिविन्दुमा हुन्छ । त्यस्तै कथयिताले आफूलाई उपन्यासकै कुनै पनि पात्रमा समाहित गर्दै वर्णन गर्छ । अर्थात कथयिताले केवल एउटैमात्र पात्रको मनभित्रको संसारमा विचरण गर्दछ । आफूलाई सर्वज्ञ र सवदर्शी झै देखाउादैन भने त्यसलाई सीमित दृष्टिविन्दु भनिन्छ।

## ३.३.५ परिवेश

परिवेशलाई पर्यावरण, वातावरण, देश, काल, परिस्थिति वा परिवृत्त शब्दहरूले सम्बोधन गर्ने गरिन्छ। कुनै काम हुनका लागि उपयुक्त मानिएको ठाउा स्थल उपन्यासका कार्यपीठिका उपन्यासको परिवेश हो । उपन्यासलाई प्रभावशाली र तीव्र बनाउन यसको भूमिका हुन्छ (सुवेदी, २०६४:२५) । उपन्यासमा पात्रहरूको कार्यकलाप हुने वा घट्नाहरू घट्ने स्थान, समय र त्यसको मानसिक प्रभावलाई परिवेश भनिन्छ। यसले देशको सामाजिक धार्मिक राजनीतिक परिस्थितिलाई सम्झाउाछ, समाजका असल खराब व्यवहारिक वैचारिक पक्षलाई इङ्गित गर्छ (प्रधान, २०६१:१०) ।

परिवेशमा आउने क्रियाशीलताले पात्रको मानसिक क्रियाशीलता र त्यसको भौतिक प्रतिक्रिया जन्माउन पनि प्रमुख भूमिका खेलको हुन्छ । यसले पाठकलाई बाध्ने काम पनि गरेको हुन्छ। परिवेश उपन्यास संरचनाको क्रममा पात्र र कथानकको लागि सृजना गरिदिने आधारभूत वा वातावरण हो। परिवेश कथानकसित जन्मन्छ र अत्यन्तै महत्त्वपूर्ण स्थान रहन्छ। कुनै पनि कार्य शून्यमा सम्पन्न हुन सक्दैन। जस्तो उपन्यास छ त्यस्तै परिवेश सृजना गरिएको हुन्छ, जस्तै सामाजिक उपन्यास भए सामाजिक परिवेश, काल्पनिक उपन्यास भए काल्पनिक परिवेश सृजना गरिएको हुन्छ । बसाई, रूपमती, मुलकुबाहिर, खैरनीघाट, उपन्यासहरूको परिवेश सामाजिक छ।

## ३.३.६ भाषा

समाजमा व्यक्तिहरूबीच सञ्चार गर्न प्रयोग गरिने यादृच्छिक वाक् प्रतीकहरूको व्यवस्थालाई भाषा भनिन्छ । साहित्य भाषाको माध्यमबाट अभिव्यक्त हुने कला हो । (वन्धु,

२०५०:१) । साधारणतया उपन्यासमा कथा, समय र पात्रअनुकूल भाषा अख्तियार गरिन्छ । जीवनको सान्निध्य बुझाउन र प्रवाह कायम गर्न स्थानीय मुहावरा, लोकोक्तिहरू प्रयोग गर्ने गरिन्छ (प्रधान २०६१:९) ।

उपन्यासमा कथ्य र लेख्य दुबै भाषाको प्रयोग आवश्यकता अनुरूप हुने गर्दछ । अन्य साहित्यिक विधाभन्दा जीवनको विस्तृत आयमलाई समेट्ने हुादा यसमा भाषाको सम्पूर्ण शक्तिको प्रयोग पनि गरिन्छ । उपन्यासमा भाषाको प्रयोग मूलतः दुई किसिमबाट भएको हुन्छ । पहिलो किसिमको भाषा उपन्यासकार आफैले प्रयोग गरेको हुन्छ । यस्तो भाषा अपेक्षाकृति नियमबद्ध र लेखकीय स्तर अनुरूप हुन्छ । दोस्रो किसिमको भाषा उपन्यासमा पात्रहरूको संवादमा प्रयोग गरिन्छ । संवाद पात्रहरूको स्तर र परिवेशअनुकूल हुनुपर्ने भएकाले यसमा प्रशस्त विविधता पाइन्छ (बराल र एटम, २०६६:४०) । उपन्यासमा काव्यात्मक भाषा, स्वभाविक भाषा र साङ्केतिक, प्रतीकात्मक आदि भाषाको प्रयोग पनि पाइन्छ ।

साहित्यका भाषामा सामान्य नियमहरूको अतिक्रमण गरी विशिष्टताको निर्माण गरिन्छ । शैली पनि भाषाकै रूप भएकाले यथार्थतः भाषाको चर्चाभित्रै शैलीलाई राख्नु ठीक देखिन्छ (बराल, २०६३:४९) । भाषालाई साहित्यकारले आ-आफ्नै तरिकाले मिलाएर प्रयोग गर्ने गर्दछन् । यही प्रस्तुति गराईलाई रूप शैली भनिन्छ । उपन्यासको कथावस्तु अनुरूप शैली प्रयोग गरिन्छ । उपन्यासमा फरक फरक शैली हुन्छन् । जस्तै वर्णनात्मन, विश्लेषणात्मक, आलोचनात्मक, आत्मकथात्मक, चेतनप्रवाहात्मक आदि । शैलीको परिकारमा विभिन्नता देखिए पनि यसको काम त कथ्य वस्तुको आकर्षक रोचकतापूर्ण सजीव प्रस्तुतिकरण नै हो जसबाट उपन्यासकारद्वारा रचित भावलोकको मानवीय विचित्रता वा विशिष्टताहरूसाग रागात्मक सम्बन्ध स्थापित गरेर सहजै परिचित हुन सकिन्छ (प्रधान, २०६६:९) ।

यस प्रकार भाषा र शैली एक अर्काका परिपूरकका रूपमा रहेका छन् । कथानकलाई मुर्तता दिने काम भाषाले गर्दछ । मूर्तता दिादा कुन किसिमको ढााचा अपनाउने भन्ने प्रश्नसाग शैली आएको हुन्छ ।

## ३.४ नेपाली उपन्यासको विकासक्रम

आधुनिक विधाको रूपमा उद्य भएको उपन्यासको इतिहास त्यति प्राचीन छैन । नेपाली साहित्यमा शक्तिबल्लभ अर्ज्यालद्वारा अनुदित विराटपर्व (वि.सं. १८२७) पहिलो आख्यानात्मक स्वरूप हो (बराल र एटम, २०६६:७१) । यसरी शक्तिबल्लभ अर्ज्यालबाट आरम्भ भएको नेपाली उपन्यास विभिन्न घुम्ति र मोडहरूका बावजुत आजसम्म आइपुगेको छ । वि.सं. १८२७ देखि हालसम्मको काल विभाजनमा विद्वानहरू बीचमा मतैक्यता पाइादैन तर पनि आरम्भविन्दु (

१८२७) को महाभारत विराटपर्व सबैले स्वीकारेका छन् । तसर्थ यहीा आख्यान कृतिबाट नेपाली उपन्यासको सुरू हुन्छ । समग्र विद्वानहरूको विचारलाई अध्ययन गर्दा नेपाली उपन्यासको काल विभाजन निम्नानुसार देखाउन सकिन्छ ।

(क) प्राथमिक काल (वि.सं. १८२७-१९४५)

(ख) माध्यमिक काल (वि.सं. १९४६-१९९०)

(ग) आधुनिक काल (वि.सं. १९९१ देखि हालसम्म

## ३.४.१ प्राथमिक काल (वि.सं. १८२७-१९४५)

मूलकथामा उपकथा जोडिदै नेपाली भाषामा बृहत्त् कथा लेख्ने परम्पराको थालनी शक्तिबल्लभ अर्ज्यालको महाभारत विराटपर्व कृतिबाट भएको र त्यसपछि लगत्तै देखापरेका अन्य नेपाली आख्यानहरूले पनि लामो अवधिसम्म संस्कृततर्फको निर्भरता देखाउाछन् । यसरी मूलबाट आख्यानहरू नेपाली भाषामा अनुवाद रूपान्तरण गर्ने प्रवृत्ति प्रबल रहेसम्मको समयावधिलाई नेपाली उपन्यासको प्राथमिक काल मान्न सकिन्छ ।

आख्यानको फराकिलो आयतन भएको कृति **'विराटपर्व'** मौलिकता विहीन हुादाहुादै पनि यसको उपलब्धि के हो भने नेपाली साहित्यको इतिहासमा सुवानन्द दासले (१८२६) कवितामा र पृथ्वीनारायण शाहले आत्मकथात्मक निबन्धमा (१८३१) जग राखे झै यस विराटपर्व (१८२७) महाभारतको बृहत्त् संसारभित्रबाट आख्यानको स्रोत ग्रहण गरेर कृतित्व प्रदान गरेको कुरा देख्न सकिन्छ (सुवेदी २०६४:३५) । आख्यान सृजना चेत भएका अर्ज्यालले (१८४९) मा **जयरत्नाकर** र (१८५५) मा **'हास्यकदम्ब'** नाटक संस्कृत भाषामा तयार गरेर हास्कदम्बलाई नेपालीमा समेत रूपान्तरण गरेका छन् । दुवै नाटकहरू मौलिक कृति हुन नाटकका रूपमा लेखिए पनि आख्यानवृत्तमा बढी केन्द्रित छन् । यसपछि (विसं.१८३३) भानुदत्तको **'हितोपदेश मित्रलाभ'**, भावनी दत्त पाण्डेको **'मुद्राराक्षस'** (१८८२ पूर्व) पूर्णत आख्यानात्मक कृतिका रूपमा पाउन सकिन्छ । यसैगरी रामभद्र पाध्याको **लक्ष्मी धर्म संवाद** (१८५१), अज्ञात लेखकको **पिनासको विनास** (१८७२), **दश कुमार चरित** (१८७५) आदि कृतिहरूबाट यस समयमा आख्यान श्रृङ्खलालाई अगाडि बढाउन सहयोग पुगेको छ ।

यस समयमा संस्कृत तथा केही अन्य भाषाबाट आख्यानको मिश्रण देख्न सकिन्छ । जीवनका असम्बद्धतालाई अलौकिकतालाई, अतिमानवीयतालाई नै आख्यानले आत्मसात गरेको छ । साथै कथा उपन्यास र नाटकीय प्रस्तुतिले यस समयमा अग्रगति प्राप्त गरेको छ ।

प्रायःजसो कृतिमा धर्म, नीति सम्बन्धी कुराको वर्णन गर्दै साहस कौतुहलता आश्चर्य, प्रेम मनोरञ्जनात्मक हुनु यस कालको विशेषता हो । समग्रमा साहित्यले विधागत अस्तित्व प्रारम्भ गर्न सुरू गरेको यस अवधिलाई नेपाली उपन्यास साहित्यको प्राथमिक काल मान्नु उपयुक्त हुन आउाछ ।

## ३.४.२ माध्यमिक काल (वि.सं. १९४६-१९९०)

नेपाली उपन्यासको आख्यानपरम्परा उपन्यासको मध्यकालसाग निकै जोडिएको छ । यद्यपि यस चरणमा सृजित रचनाले मौलिकता ग्रहण गर्न भने त्यति सकेका छैनन् । पृष्ठभूमि चरणमा आरम्भ भएका अभिलेखीय प्रवृत्तिका मूल्यलाई प्राथमिक कालका आख्यानले केही बहिष्कार गर्दै र ग्रन्थस्तरीय आख्यानकाय ग्रहण गर्दै आएका तथ्यहरू देखा पर्न थालेका छन् (सुवेदी, २०६४:३८) । यस समयका रचनाले मनोरञ्जनप्रधान, अतिरञ्जनात्मक, तिलस्मी स्वरूप ग्रहण गरेको देखिन्छ । अरबी, फारसी, हिन्दीका तिलस्मी, ऐय्यारी, जासूसी उपन्यासको अलौकिकता साहसिकता, अदभुतताको अतिरञ्जक प्रभाव ग्रहण गरेर माध्यमिक कालको प्रारम्भिक औपन्यासिक  विकास भएको हो (प्रधान, २०६१:४१) । हरिकृष्ण रचित शिवदत्त शर्मा अनुवादित **वीरसिक्का** (१९४६) बाट नेपाली साहित्यमा मनोरञ्जनात्मक धाराको प्रवेश भएको हो (बराल र एटम, २०६६:७३) । यसरी प्राथमिककालीन नीतिमूलक आख्यानभन्दा भिन्न मनोरञ्जनात्मक, तिलस्मी, ऐय्यारी, जासूसी, औपदेशिक प्रवृत्तिका आख्यानहरू प्रकाशित भएको (वि.सं. १९४६ देखि १९९०) सम्मको कालखण्डलाई नेपाली उपन्यासको माध्यमिक काल भनिन्छ ।

यस समयका मनोरञ्जनात्मक उपन्यासमा सदाशिव शर्माको **वीरसिक्का** (१९४६) हरिहर शर्माको **शुकबहत्तरी** (१९५०), नरदेव पाण्डेको **वीरवल चातुर** (१९५६) आदि रचनाहरूमा कथात्मक मनोरञ्जन र अलौकिक रोमान्सको राम्रो निर्वाह भएको छ । यस कालका धार्मिक तथा आख्यानात्मक रचनाहरूमा चिरञ्जीवी पौड्यालको **प्रेमसागर** (१९४७), हरिदत्त शर्माको **दुर्गा सप्तशती** (१९४८), चक्रपाणी चालिसेको **गोरखा संक्षिप्त रामायण** (१९७२), ऋद्धिबहादुर मल्लको **शर्मिष्ठा** (१९८५) आदि प्रमुख छन् । साथै यस समयका नैतिक औपदेशिक उपन्यासमा नरदेव पाण्डेको **मेरिना चरित्र** (१९५९) तिर्थप्रसाद आचार्यको **वेदान्तसार** (१९६०), सदाशिव शर्माको **कर्मविपाक संहिता** (१९८३) आदि पर्दछन् । सामाजिक सुधारात्मक उपन्यास अन्तर्गत वैजनाथ सेढाईाको **चक्रपरिक्रमा** (१९७३) विज्ञानविलासको **प्रियम्बदा महारानी** (१९७३) पहलमान सिंहको **पद्यमकुमारी** (१९७४) महानन्द सापकोटाको **त्रिवेणी** (१९८५) आदि पर्दछन् । यस कालमा गिरिशवल्लभको वीरचरित्र मौलिक उपन्यासको रूपमा उभिएको पाइन्छ भने जोशीका अन्य उपन्यासहरू बहादुर चरित्र (१९५७ लेखन) प्रारब्ध दर्पण (१९६३ लेखन) चन्दकला संवादको अधिक प्रयोगले नाटकीय प्रमुखता जमाउन सफल भएका छन् ।

यस कालमा हिन्दी, ऊर्दू, फारसी, बङ्गाली र अङ्ग्रेजी साहित्यको पर्याप्त प्रभाव ग्रहण गरिएको पाइएतापनि अधिकांश संस्कृतबाट अनुवाद गर्ने परम्परा पाइन्छ । उपन्यासमा तिलस्मी जासूसी, ऐथ्यारी, प्रवृत्ति रहेर यसैमा रंगमंगिरहे पनि वीरचरित्र, महेन्द्रप्रभा जस्ता मौलिक उपन्यासले मौलिकता बोकेको र तत्कालीन समाजको स्थापित परिवेश तत्कालीन व्यवस्थाको व्यङ्ग्य प्रहार गर्नु माध्यमिक गद्य आख्यानको महत्त्वपूर्ण उपलब्धि हो । यस काललाई खासगरी प्रकाशनको सुरूवातको काल मान्न पनि सकिन्छ । यस समयमा उपन्यासको विकासमा गोरखापत्र, उपन्यास तरङ्गिनी, गोर्खाली, माधवी, चन्द्र जस्ता पत्रिकाहरूले विभिन्न गद्य लेख रचना प्रकाशित गरेर माध्यमिककालीन आख्यान विकासमा सहयोग पुऱ्याएको पाइन्छ । माध्यमिककालीन आख्यान विकासमा महत्त्वपूर्ण रहेपनि रोमाञ्चक, तिलस्मी र जासूसी आख्यानले नै यस समयमा प्रभुत्व जमाएको पाइन्छ ।

## ३.४.३ आधुनिक काल (वि.सं.१९९१ देखि हालसम्म)

नेपाली उपन्यासको आधुनिक कालको प्रारम्भ विन्दुबारे विद्वानहरूबीच एकमत हुन सकेको छैन । कसैले रूपमती (वि.सं. १९९१) बाट आधुनिककालको सुरूवात भएको भनेका छन् त कसैले **भ्रमर** (१९९३) बाट केही समीक्षक तथा समालोचकहरूले रूपमतीमा आदर्शताको प्रबलता, सङ्कुचित एवम् भेदभावमूलक संस्कारको सट्टा प्रगतिको बाटो समात्न नसक्नु चरित्रको परिवर्तनमा नियति धार्मिक अनुष्ठान जस्ता काल्पनिक तत्त्वको साहारा लिन र नयाा जीवनमूल्यको स्थापना गर्न नसक्नुले आधुनिक भन्न सकिने विशेषताहरू भएपनि रूपमतीमा भएका केही कमजोरीहरू खड्किने हुादा यसलाई आधुनिक नेपाली उपन्यास नमान्ने विचार गर्दै यसको सट्टा रूपनारायण सिंहको भ्रमरले मात्रै नेपाली आधुनिक उपन्यासको सुरूवात गरेको मानेका छन् (बराल र एटम २०६६:८३) । तर कृष्णचन्द्र सिंह प्रधान रूपमतीबाटै आधुनिक कालको सुरूवात भएको मान्दछन् (प्रधान २०६६:५५) ।

खास त अधिकांश विद्वानहरूले रूपमतीबाट नै आधुनकि कालको सुरूवात भएको मानेका छन् । रूपमती उपन्यास प्राथमिक, माध्यमिककालीन जासूसी, तिलस्मी, नितीमुलक मनोरञ्जनपूर्ण भन्दा भिन्न विषयवस्तु र घट्नाहरूमा आधारित छ । बोलीचाली, रहनसहन कामकारबाही आदिमा सामाजिक ढााचाको स्वरूपलाई सबलता प्रदान गर्ने दृष्टि राखिएको र मौलिक विषयवस्तु रहेको रूपमतीबाट नेपाली उपन्यासको आधुनिककालको सुरूवात भएको मान्न सकिन्छ । यसरी १९९१ को रूपमतीबाट सुरू भएको नेपाली उपन्यासको आधुनिककाल विभिन्न समयमा फरक फरक प्रवृत्तिलाई आत्मसाथ गर्दै अगाडि बढेको पाइन्छ । जस्तै आदर्शोन्मुख यथार्थवादी धारा, स्वच्छन्दतावादी धारा, सामाजिक यथार्थवादी धारा, मनोवैज्ञानिक धारा, प्रगतिवादी धारा, प्रयोगवादी धारा आदि देखा परेको पाइन्छ ।

## ३.५ निष्कर्ष

नेपालको एकीकरणसागै नेपाली भाषामा पनि लामा आख्यान लिपिबद्ध हुन थालेको पाइन्छ । नेपाली उपन्यासको प्रारम्भविन्दु संस्कृतबाट नेपाली भाषामा अनुदित शक्तिबल्लभ अर्ज्यालको महाभारत विराटपर्वलाई मानिन्छ । वि.सं. १८२७ देखि हालसम्मको काल विभाजनका सम्बन्धमा विद्वानहरूका बीचमा मतैक्यता नपाइए पनि आरम्भ विन्दु १८२७ को महाभारत विराटपर्व सबैले स्वीकारेका छन् । समग्र विद्वानहरूको विचारलाई मान्दा नेपाली उपन्यासको काल विभाजन प्राथमिक काल (वि.सं. १८२७-१९४५), माध्यमिक काल (१९४६-१९९०) र आधुनिक काल १९९१ देखि हालसम्मलाई मान्न सकिन्छ ।

प्राथमिक काल शक्तिवल्लभ अर्ज्यालको हास्यकदम्ब भवानीदत्त पाण्डेको मुद्राराक्षस र अन्य थुप्रै आख्यानात्मक कृतिहरू प्रकाशित भएको काल हो । खासत्  यस समयमा प्रायःजसो कृतिमा धर्म, नीति सम्बन्धी कुराको वर्णन गर्दै साहस ,कौतुहलता,  आश्चर्य जस्ता प्रवृत्ति देखा पर्दछन् ।

माध्यमिक काल सदाशिव शर्माको वीरसिक्का, हरिहर शर्माको शुकबहत्तरी आदि जस्ता प्रशस्त आख्यानात्मक कृतिहरू प्रकाशित भएको समय मानिन्छ । यस कालमा हिन्दी, ऊर्दू र बङगाली साहित्यको प्रभाव पाइए पनि अधिकांश संस्कृतबाट अनुवाद भएको पाइन्छ । खासगरी यस कालमा धार्मिक, पौरााणिक, नैतिक औपदेशिक, सामाजिक सुधारात्मक, मौलिक उपन्यासहरू पनि रचिएको समय हो । यसकालका उपन्यास विकासमा पत्रपत्रिकाहरूको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । यो काल आख्यान विकासमा महत्त्वपूर्ण रहे पनि तिलस्मी, रोमाञ्चक र जासूसी आख्यानले प्रभुत्व जमाएको समय मानिन्छ ।

आधुनिक कालको प्रारम्भ विन्दुको बारेमा विद्वानहरूबीच मतमतान्तर पाइए पनि धेरै जसो विद्वानहरूले रूद्रराज पाण्डेको रूपमती (१९९१) लाई नै आधुनिक कालको आरम्भ विन्दु मानेका छन् । यस कालमा प्राथमिक, माध्यमिककालीन जासूसी, तिलस्मी, नीतिमूलक, मनोरञ्जनपूर्ण भन्दा भिन्न विषयवस्तु र घट्नाहरूमा आधारित सामाजिक र मौलिक ढाचाका उपन्यास प्रकाशन हुन थालेको पाइन्छ । यस कालमा आदर्शोन्मुख यथार्थवादी, स्वच्छन्दतावादी, सामाजिक यथार्थवादी, मनोवैज्ञानिक, प्रगतिवादी, प्रयोगवादी आदि जस्ता धाराहरू देखिन थाले । यसरी १८२७ देखि आरम्भ भएको नेपाली उपन्यासको विकासक्रम हालसम्म विभिन्न मोड र घुम्तिहरू पार गर्दै अगाडि बढेको पाइन्छ ।

## परिच्छेद : चार

# औपन्यासिक तत्त्वका आधारमा सूब सेनका उपन्यासहरूको विश्लेषण

पूर्वापर तारतम्यमा सुसम्वद्ध गरेर लेखिएको आख्यानात्मक रचनालाई उपन्यास भनिन्छ । मानव जीवनसाग सम्वद्ध भएर आउने पक्षलाई जतिसम्म समेट्न सकिन्छ, त्यतिसम्मको अनुवीक्षण गराउने रचनालाई उपन्यास भनिन्छ । उपन्यासमा पुस्तौपुस्ताका जीवनको व्याख्यासमेत भएको हुन सक्छ । एउटा मानिसको समष्टि जीवन प्रस्तुत गर्न जतिवटा घट्ना वस्तुपक्षहरू प्रस्तुत गरिदिने प्रसङ्गहरू समावेश हुन सक्दछन्, ती सबै पक्षलाई उपन्यासका सीमाभित्र समाहित गरिन्छ ।

प्राचीन साहित्यमा उपन्यासले कथा, कहानी, खिस्सा टिप्पणीमूलक समाचार जे अर्थ लागेपनि आधुनिक साहित्यमा उपन्यास छुट्टै अर्थ रहेको एउटा नयाा बिधाका रूपमा रहेको छ । हरेक साहित्यिक बिधाका आ- आफ्नै छुट्टै विशेषता हुन्छन् । तिनै विशेषताका आधारमा त्यो विधा अन्य बिधाभन्दा पृथक र मौलिक अस्तित्वमा रहेको हुन्छ । उपन्यास पनि छुट्टै बिधा भएकोले आफ्नै संरचनात्मक तत्त्वहरू रहेका छन् । खासगरी उपन्यासमा कथानक, पात्र/चरित्र, सारवस्तु, दृष्टिविन्दु, परिवेश, भाषाजस्ता मुख्य तत्त्वका रूपमा रहेका छन् भने अन्य गति, लय, प्रतीक र बिम्ब जस्ता सहायक तत्त्वका रूपमा रहेको पाइन्छ ।

उपयुक्त उल्लेखित प्रमुख तत्त्वहरूका आधारमा उपन्यासको विश्लेषण गर्नु वान्छनीय मानिन्छ । त्यस्तै उपन्यासको क्षेत्रमा छुट्टै पहिचान बोकेका सूब सेनका हालसम्म सात वटा उपन्यास कृतिहरू प्रकाशित छन्: **डाांडाको जून** (२०४४), **शिखर** (२०५५), **अञ्जूश्रीदेखि आन्दोलनसम्म** (पााच लघु उपन्यास सङग्रह, २०५५) जसमा **अञ्जूश्री** (२०५५), **आन्दोलन** ( २०५५), **जीवनशास्त्र** (२०५५), **वीरसिक्का** (२०५५), **हेमा** (२०५५) रहेका छन् । औपन्यासिक तत्त्वका आधारमा तिनीहरूको विश्लेषण निम्नानुसार गर्न सकिन्छ ।

## ४.१ डााडााको जून उपन्यासको विश्लेषण

सूब सेनको पहिलो प्रकाशित उपन्यास **डााडाको जून** (२०४४) हो । सेनले यस कृतिलाई सामाजिक उपन्यास भनेर उल्लेख गरेका छन् । यस उपन्यासमा ग्रामीण समाजका जनताले भोग्नुपरेको सामाजिक, आर्थिक समस्यादेखि सामन्ती, शोषक, फटाहा प्रवृत्ति भएका व्यक्तिहरूले महिलालाई हेर्ने गलत दृष्टिकोण प्रतिबिम्बित गर्ने प्रयास गरिएको छ । खासगरी प्रस्तुत उपन्यासमा सामाजिक जागरण र राष्ट्रियताको भावनालाई जागृत गर्न खोजिएको पाइन्छ

। गाउाका निमुखा, गरिब, अशिक्षित जनताको पीडालाई उपन्यासमा यथार्थता दिदै हामीले विदेशमा गएर होइन, स्वेदशमा केही गनुपर्छ, तबमात्र राष्ट्रको उन्नती प्रगति हुन्छ भन्दै सबैलाई त्यतातिर उन्मुख हुन आह्वान गरिएको छ । यस उपन्यासको अध्ययनको लागि उपन्यासको संरचक घटकका आधारमा हेर्नुपर्ने देखिन्छ ।

## ४.१.१ कथानक

वि.सं. १९७७ सालको गाउाका फैलिएको हैजा र अनिकालको महामारीले गर्दा मरेका मान्छेलाई चिहान खनेर गाड्ने अभावको स्थिति सृजना भएबाट डााडाको जून उपन्यासको कथानक प्रारम्भ हुन्छ ।

यस उपन्यासको प्रमुख पात्र घनबहादुर (माइलो) त्यसरी नै महामारीले मऱ्यो भनि टिमुरको झ्याङमुनि गुटुमुटु पारी आफ्नै आमाबाट फालिएको पात्र हो । पछि जीउादै भेटिएर अप्रत्याशिलो हर्ष उत्पन्न गरेको छ । यसरी बााचेको छोरो ठूलो हुादै जान्छ । जोत्ने कामदेखि घरको सम्पूर्ण काम गर्न सिपालु हुन्छ । उमेरसागै उसको विवाह सिंह थरकी कन्यासाग हुन पुग्दछ । घरको आर्थिक अवस्थाले गर्दा धन कमाउने अभिलासा लिएर घनबहादुर (माइलो) श्रीमती र आमालाई घरमै छोडी सुभाषचन्द बोसको आजाद हिन्द फौजको सेनामा भर्ना हुन्छ । उसको हृष्टपुष्ट शरीर र कार्यदक्षताले गर्दा सुवेदारमा समेत पदोन्नती पाउाछ । भारतको स्वतन्त्रताको लागि लड्दा केही समय जापानी सेनाको कब्जामा परेर पनि मुक्त हुादै युद्धमोर्चाबाट रित्तोहात घर फर्कन्छ । घनबहादुर (माइलो) की श्रीमती फुर्सी अन्याय अत्याचार सहन नसक्ने प्रवृत्तिकी छ । गाउामा रासेकी छोरीलाई फटाहाहरूले अस्तित्व लुट्न खोज्दा एक्लै प्रतिवाद गर्न पछि नपर्ने पैसा दिएर फकाउादा उल्टै पुलिस बोलाएर न्याय दिलाउने पात्र हो । साथै श्रीमान् जााड रक्सीको कुलतमा फस्दा पिटाइ खाादा समेत सम्झाउन, बुझाउन तल्लीन रहन्छे । घनबहादुर माइलोको भाइ कीर्तिबहादुरले छुट्टिनको लागि भद्रभलाद्मी जम्मा गरी अंशवण्डा गरी सकेपछि घरबाट निस्केर उसको परिवार थारोमा बस्न बाध्य हुन्छ । समाजमा अन्याय, अत्याचार विरूद्ध जाइलाग्ने समाज परिवर्तनको चाहना राख्ने प्रवृत्तिले गर्दा घनबहादुरको परिवारलाई गाउालेले सहयोग गर्दछन् । किसे साहूले सोझा गोपेका बूढाबूढी माथि गरेको झूटो कागजपत्र जोडी ऋण बढाएकोमा उसले हिसाब घटाउन लगाइ यथार्थ रकम तिर्न लगाएबाट यस कुराको पुष्टि हुन्छ । उसले आफ्ना दुःखका कथा सुनाउादै देश मेरो माटो मर्ने बााच्ने ठाउा नेपाल नै हो । पसिना रगत ज्यान दिन परेपनि यहीा नेपालका लागि दिन्छु मेरो छोरा छोरीले नेपालमा नै पढाएर देश सेवामा लगाउाछु । लाहुरे हुनेलाई विदेशीले किनेको छ । हामी बेचिएका छौा भनी आफ्ना छोरा छोरीलाई राष्ट्रिय भावना सुनाउाछ । यसरी राष्ट्रियताको भावना भएको घनबहादुर (माइलो) छोराहरूलाई पढ्नका लागि शहरमा पठाउाछ

भने छोरी विवाह गरी घरमा जान्छे । घनबहादुर (माइलो) र फुर्सी भने आधुनिक तरिकाले खेतीपाति गर्न थाल्दछन् । गाउालेलाई तरकारी खेती मकै बााड्दै अबदेखि आफै गर्नु भन्ने सन्देश बााड्छन् । छोराहरू शहरमा  हुन्छन् भने बूढाबूढी गाउामा छोराहरू शहरमा पढाइ लेखाइ सिध्याएपछि जागिरे हुन्छन् र आफ्ना श्रीमती छोरा छोरीका साथ उतै बस्न थाल्दछन् । गाउामा फर्कदैनन । घनबहादुर (माइलो) र फुर्सीलाई उमेरले च्याप्दै जान थाल्दछ । बूढाबूढी छोरा छोरीलाई सम्झदै काल पर्खदै डाांडाको जून जस्तो भएर गाउामै बस्न बाध्य हुन्छन् ।

समग्रमा ११८ पृष्ठमा संरचित १७ अध्यायमा विभाजित मध्यम आकारको उपन्यासमा कथानकको विकास आदि, मध्य र अन्त्यका क्रममा विकसित भएको पाइन्छ । उपन्यासमा वर्गीय द्वन्द्व रहेको छ । मूलतः आन्तरिक र बाह्य द्वन्द्वमध्ये बाह्य द्वन्द्व सशक्त रूपमा देखिएको उपन्यासमा सामाजिक द्वन्द्व प्रबल रूपमा रहेको पाइन्छ । त्यस्तै टिमुरको रूखमुनि फालिएको बच्चा बााच्छ कि बााच्दैन । जापानीज सेनाको बन्दी बनेको घनबहादुर माइलो नेपाल फर्कन्छ कि फर्कदैन जस्ता कौतुहलता पाठकमा उत्पन्न हुन्छ ।

## ४.१.२ पात्र/चरित्र

**डााडाको जून** उपन्यास सामाजिक उपन्यास हो । यसलाई चरित्रप्रधान उपन्यास पनि भन्न सकिन्छ । यसमा घट्नाको प्रधानता रहेको छ । उपन्यासमा घट्नाहरूलाई गति दिने काम पात्रहरूबाट भएको छ । पात्रहरूको गतिशीलतामा कथानक अघि बढ्छ । उपन्यासमा प्रमुख, सहायक र गौण पात्रहरूको आ- आफ्नै भूमिका देखिन्छ । प्रस्तुत उपन्यासमा पात्रहरूको चारित्रिक भूमिकालाई निम्नानुसार तालिकामा देखाउन सकिन्छ :

### तालिका नं. १

| क.सं. | पात्रको नाम | लिङ्ग | कार्य | प्रवृत्ति | स्वभाव | जीवनचेतना | आसन्नता | आवद्धता |
|---|---|---|---|---|---|---|---|---|
| १ | घनबहादुर (माइलो) | पुरुष | प्रमुख | अनुकूल | स्थिर | वर्गगत | मञ्चीय | वद्ध |
| २ | फुर्सी | स्त्री | प्रमुख | अनुकूल | स्थिर | वर्गगत | मञ्चीय | वद्ध |
| ३ | कुलवीर | पुरुष | सहायक | प्रतिकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | वद्ध |
| ४ | धनसरी | स्त्री | सहायक | अनुकूल | स्थिर | वर्गगत | मञ्चीय | वद्ध |
| ५ | छविलाल | पुरुष | सहायक | अनुकूल | स्थिर | वर्गगत | मञ्चीय | वद्ध |
| ६ | रासेकी छोरी | स्त्री | गौण | अनुकूल | स्थिर | वर्गगत | मञ्चीय | वद्ध |
| ७ | कीर्तिबहादुर | पुरुष | गौण | प्रतिकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | वद्ध |
| ८ | डाक्टरहरू | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | वद्ध |
| ९ | किसे साहू | पुरुष | गौण | प्रतिकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | वद्ध |
| १० | छोराहरू | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | वद्ध |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११ | बलबहादुर | पुरुष | गौण | अनुकूल | स्थिर | वर्गगत | मञ्चीय | वद्ध |
| १२ | द्वारे जेठाजु | पुरुष | गौण | अनुकूल | स्थिर | वर्गगत | मञ्चीय | वद्ध |
| १३ | धने झाक्री | पुरुष | गौण | प्रतिकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | वद्ध |
| १४ | भगते | पुरुष | गौण | प्रतिकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | वद्ध |
| १५ | नरे | पुरुष | गौण | प्रतिकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | वद्ध |
| १६ | खिमे | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | वद्ध |
| १७ | करे सार्की, मे | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | वद्ध |

### (क) प्रमुख पात्रहरू

डाडााको जून उपन्यासमा घनबहादुर (माइलो) र फुर्सी प्रमुख पात्रको रूपमा रहेका छन् । जसको चित्रण निम्नानुसार गरिएको छ :

### घनबहादुर (माइलो)

**डाडााको जून** उपन्यासको प्रमुख पुरुष पात्रको घनबहादुर (माइलो) हो । सानैमा हैजाले मऱ्यो भनी टिमुरको झ्याङमुनी फयााकिएको पछि जीउादै भेटिएको दुःखपूर्ण स्थितिमा गुज्रिएको वर्गगत पात्र हो । ठूलो भएपछि फुर्सीलाई विवाह गरेको छ । समाज परिवर्तनको चाहना राख्ने सामन्ती प्रवृत्तिको विरोध गर्दै ग्रामीण जनतालाई जागृत बनाउाछ । आर्थिक अवस्था सुधार्न श्रीमती, आमालाई छाडेर विदेशी सेनामा भर्ति भई लडाइामा बन्दी बनेको छ । पछि बन्दी जीवनबाट मुक्त भएपछि पसिना, रगत ज्यान दिन परे नेपालमै दिने छोरा छोरीलाई नेपालमै पढाएर देश सेवामा लगाउने, विदेशमा नबेचिने उच्च राष्ट्रिय भावना राख्दै रित्तो हात स्वदेश फर्केर नयाा तरिकाले खेतीपाती गरी गाउालेलाई बााड्दै जागरण पैदा गर्ने गर्दछ । छोराहरूलाई शहरमा पढाउादा खर्च नपुगेर खेतबारी बेच्न पछि नपर्ने चरित्र उसका देखिन्छ । उपन्यासको सुरूदेखि अन्त्यसम्म एउटै भूमिकामा रहेकोले स्वभावका आधारमा स्थिर, प्रवृत्तिका आधारमा अनुकूल, आसन्नता आधारमा हेर्दा मञ्चीय, वद्ध चरित्रको पात्र हो ।

### फुर्सी

**डााडाको जून** उपन्यासकी प्रमुख नारी पात्र हो । घनबहादुर माइलाकी श्रीमती रूपमा रहेकी छ । सफल गृहणीका साथै महिलाको हक अधिकारमा दृढ रहने शाहसी स्त्री चरित्र हो । गाउामा रासेकी छोरीलाई फटाहाहरूले अस्तित्व लुट्न खोज्दा प्रतिवाद गर्दै उसको इज्जत बचाएबाट महिलाको लागि सहयोग गर्ने भावना उसमा रहेको छ भन्न सकिन्छ । उपन्यासमा वर्गगत पात्रमा नराखी रहन सकिदैन । श्रीमान्को सेवा गर्न पाइयोस् भन्दै श्रीमान् भन्दा पछि मर्न पाए हुन्थ्यो भन्दछे । पछि श्रीमान्सागै खेतीपातीमा सलंग्न रहेकी छ । अनुकूल चरित्रकी

पात्र उपन्यासको सुरूदेखि अन्त्यसम्म एउटै भूमिकामा रहेकाले स्थिर स्वभावकी छ भने आसन्नताका आधारमा मञ्चीय, वद्ध चरित्रमा राख्न सकिन्छ ।

### (ख) सहायक पात्रहरू

उपन्यासमा प्रमुख पात्रको चारित्रिक विकासमा सहयोग पुऱ्याउन आउने पात्रहरू सहायक पात्र हुन्छन् । जसको भूमिका उपन्यासमा महत्वपूर्ण मानिन्छ, यस उपन्यासमा कुलवीर, धनसरी, छविलाल र कीर्तिबहादुर गरी चार जना सहायक पात्रहरू रहेका छन् :

### कुलवीर

उपन्यासको सुरूमै देखा पर्ने ठकुरी जातिको पुरुष पात्र हो । छविलालकी दिदी विवाह गरी छोरा छोरी हुादाहुादै कान्छी श्रीमती लिएर जेठीलाई हेला गर्ने, सहयोग नगर्ने पात्र हो । यस्तो चरित्रबाट उसको चारित्रिक कमजोरी रहेको छ भन्न सकिन्छ । यसलाई प्रवृत्तिका आधारमा प्रतिकूल, जीवनचेतनाका आधारमा व्यक्तिगत, आसन्नताका आधारमा मञ्चीय र वद्ध पात्रका रूपमा राख्न सकिन्छ ।

### धनसरी

श्रीमान्ले अर्की श्रीमती विवाह गरेपछि छोरा छोरीलाई रूखमुनि लगेर पाल्ने शाहसी स्त्रीपात्र हो । उपन्यासको प्रारम्भमा नै देखा पर्दछे । उसको जीवन दुःखपूर्ण अवस्थामा गुज्रिएको पाइन्छ । त्यसैले वर्गगत जीवनचेतना रहेको उसमा स्थिर, मञ्चीय, वद्ध चरित्र पाउन सकिन्छ ।

### छविलाल

छविलाल धनसरीको भाइ पुरुषपात्र हो । उपन्यासको सुरूमा देखा पर्ने सहयोगी चरित्रको रहेको छ । दिदीले टिमुरको रूखमुनि छोरा छोरीलाई हैजाले मरे भनी फ्याक्दा सान्त्वना दिदै भान्जा भान्जीलाई जीउादै भेटाएर खुसी ल्याएको छ । प्रवृत्तिका आधारमा अनुकूल, आसन्नताका आधारमा मञ्चीय, वद्ध पात्र हो ।

## कीर्तिबहादुर

उपन्यासको प्रमुख पात्र घनबहादुर माइलोको भाइ कीर्तिबहादुर स्वार्थी स्वभावको पात्र हो । दाजु भाउजुसाग मिल्न सकेको पाइादैन । गाउाका भद्रभलादमी जम्मागरी छुट्टिएर अंशवण्डा लिएर श्रीमतीका साथ बस्ने प्रतिकूल चरित्रको पात्र हो । यसलाई मञ्चीय, वद्ध चरित्रमा राख्न सकिन्छ ।

## (ग) गौण पात्रहरू

डााडाका जून उपन्यास चरित्रप्रधान उपन्यास भएकोले यसमा प्रशस्त गौणपात्रहरू रहेका छन् । उपन्यासको कथानकलाई अघि बढाउन ती पात्रहरूको अनुकूल र प्रतिकूल किसिमको भूमिका रहेको हुन्छ । जस्तै द्वारे जेठाज्यू, रासेकी छोरी, धने झााक्री, करे सार्की, बलबहादुर, डाक्टरहरू, गोपे, नैने, नरे, खेमे, गने रोकाह, कृष्ण बहादुर, झगते, छबे मगर, अने कामि, टिकाबहादुर, डुाडामुख्य, जुल्पे जेठा, भिरकटेराका कान्छा, लेकामुख्य, कानीदमिनी, अल्है, भैले, घोटे, जस्ता पात्रहरू गौणपात्रहरू हुन् ।

## ४.१.३ सारवस्तु/विचारतत्त्व

विचारतत्त्व वा सारवस्तुलाई उद्देश्य पनि भनिन्छ । साहित्य सिर्जना गर्दा उद्देश्य लिने गरिन्छ । उपन्यासकार सूब सेनको शब्दमा भन्दा यो सामाजिक उपन्यास हो । त्यसैले यसमा समानतामूलक समाजको परिकल्पना, गरीब, निमुखा र अशिक्षित जनताको दुःखपूर्ण स्थिति देखाउादै सामन्ती र हुकुमी सोच भएका व्यक्तिहरूको बर्बरता, अन्याय, अत्याचारबाट जनतालाई मुक्त गरिनुपर्छ । विदेशको गुलामी बनेर होइन, नेपालमै केही गर्नुपर्छ भन्ने जनचेतना फैलाउन खोज्नु नै उपन्यासको उद्देश्य रहेको छ । उपन्यासको नायक घनबहादुर माइलो जसरी विदेशबाट नेपालमा केही गर्नुपर्छ, पसिना, रगत आफ्नै मातृभूमिमा बगाउाछु भन्दै, फर्कन्छ, यसबाट उपन्यासमा राष्ट्रियताको भावना रहेको देखिन्छ । साथै महिला पनि स्वतन्त्र हुनुपर्छ, समाजबाट पिल्सिनु हुन्न भन्ने विचार उपन्यासमा पाउन सकिन्छ ।

तत्कालीन समयमा ग्रामीण जनतालाई अधिकार, कर्तव्य र राष्ट्रियताको बारेमा थाहा भै नसकेको अवस्थामा उपन्यासको माध्यमबाट जनतालाई सुसूचित गराउन खोज्नु प्रस्तुत उपन्यासको उद्देश्य रहेको छ । खासगरी ग्रामीण जीवनको गतिविधि आर्थिक, सामाजिक, स्थितिको चित्रण प्रतिबिम्बन गर्नु महत्त्वपूर्ण मान्न सकिन्छ । सामाजिक यथार्थपरक र चेतनामूलक रहेको उपन्यासमा सात सालभन्दा पूर्वको नेपाली ग्रामीण अवस्था जुन दूरदराजमा विद्यमान रहेको थियो, त्यसको यथार्थ तस्विर उपन्यासमा उतार्नु नै उपन्यासको मुख्य विचार

हो । समग्रमा प्रस्तुत उपन्यासको उद्देश्य राष्ट्रियताको भावना विकास गराउनु र सम्पूर्ण नेपालीलाई त्यतातिर उन्मुख हुन आह्वान गर्नु रहेको छ ।

## ४.१.४ दृष्टिविन्दु

उपन्यासमा सम्पूर्ण घट्नाहरूलाई देखाउने विन्दुका रूपमा कसले कहाा बसेर भनिरहेको छ भन्ने कुराको पहिचान नै दृष्टिविन्दु हो । यो समख्यानकारका माध्यमबाट त कहिले पात्र मार्फत प्रयोग गरिन्छ । दृष्टिविन्दु प्रथम पुरुष र तृतीय पुरुष गरी दुई प्रकारको हुन्छ । यस उपन्यासमा समख्यानकार भोक्ताका रूपमा नभई द्रष्टाको रूपमा प्रस्तुत भएर तृतीय पुरुषहरूको कथा भनेकोले यस उपन्यासमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको पाइन्छ । उपन्यासकारले प्रमुख पात्र घनबहादुर (माइलो), फुर्सी र अन्य पात्रहरूको गतिविधि, घटनाहरूको बारेमा सम्पूर्ण विषयको ज्ञाता तथा प्रत्यक्ष दर्शक स्वयम् समख्यानकार भएकोले तृतीय पुरुष सर्वज्ञ दृष्टिविन्दु प्रयोग गरिएको छ ।

## ४.१.५ परिवेश

कुनै कार्य गर्नका लागि उपयुक्त मानिएको कार्यपीठिका नै उपन्यासको परिवेश हो । परिवेशलाई पर्यावरण, देश, काल, परिस्थिति वा परिवृत्ति जस्ता शब्दले जनाइन्छ । उपन्यास लेख्दा उपन्यासकारलाई स्थान परिवेश र वातावरणले प्रभाव पार्ने गर्दछ । यस उपन्यासमा पनि लेखकलाई गुल्मी जिल्लाको ग्रामीण इलाकामा जन्मेको, हुर्केकोले त्यहीाको प्रभाव परेको महसुस हुन्छ ।

डााडाको जून उपन्यासमा कालिक दृष्टिले (१९७७) को ग्रामीण परिवेशलाई चित्रित गरेको छ । त्यसबेलाको समयमा गाउामा जनताले भोग्नु परेको अनिकाल, महामारी, हैजा आदि सामाजिक परिवेशका रूपमा आएका छन् । त्यसै गरी ठूलाबडाले जनतालाई हेर्ने दृष्टिकोण, अन्याय अत्याचारबाट नारी पिल्सिनु परेको घट्नालाई उल्लेख गरिएको छ । उपन्यासमा परिवेशका रूपमा गुल्मीको ग्रामीण इलाकामा रहेको मदाने लेक, गाउाको झोपडी, वरिपरिको प्रकृति, खोलानाला, खेतबारीको चित्रणदेखि बाग्लुङ्ग, पाल्पा, बटौली, गोरखपुर, नौतुना, जापानसम्मलाई समेटिएको छ । खासगरी गाउामा रोजगारीको स्रोत नभएको खेताला भरियाबाहेकको कामको लागि मूलुक बाहिर जानुपर्ने स्थिति रहेको गाई, भैासी, गोरू र अन्य वस्तुभाउहरू कृषि जीवनका अभिन्न अङ्ग भएका युवाहरू आफ्नो काममा लगनशील भएर नलागेको बरू नारीको चरित्रहत्या गर्न लागेको तथा अरूलाई खिसीट्युरी गर्न उद्धत रहेको कुरा उल्लेख्य रूपमा आएको छ । उपन्यास पढ्दा कतै उत्साह, शाहस र परिवर्तनको चाहना

पाठकमा पैदा हुन्छ भने कतै घृणा र आक्रोश व्यक्त हुन्छ । समग्रमा त्यसबेलाको पछयौटेपन चेतनाको चित्रण उपन्यासमा परिवेशको रूपमा आएको छ ।

### ४.१.६ भाषा

भाषा उपन्यासको विचार वा दृष्टि प्रस्तुत गर्ने माध्यम हो भने शैली त्यसैलाई प्रस्तुत गर्ने तरिका हो । भाषा र शैलीले उपन्यासलाई विशिष्ट र सरल जस्तो पनि बनाउने काम गर्छ । डाांडाको जून उपन्यासको भाषा सरल, सहज, आकर्षक छ भने शैली वर्णनात्मक रहेको छ । यो सामाजिक उपन्यास भएको र कार्यपीठिका गुल्मीको ग्रामीण इलाका मानिएकोले त्यहीा बोल्दा प्रयोग गरिने ठेट कथ्य शब्दहरूको प्रयोग पर्याप्त मात्रामा पाउन सकिन्छ । जस्तैः दर्शनढुङ्गा, सिठो, अनौा, ठूलापाटा, डाला, अर्नी, हााडी, वाल्खले, ए बा, वल्लोचौकी, सोत्तर, हलगौडी, कसौडी गुन्द्री, आटिमा आदि ।

त्यस्तै उपन्यासमा भाषालाई कलात्मकता र यथार्थको छाप पार्ने बनाउन नेपाली उखान टुक्काको प्रयोग पनि गरिएको छ । जस्तै घाट पसेर तिघ्रा कमाउनु हुन्न । अगुल्टाले हानेको कुकुर विजुलीदेखि चम्कने । के खोज्छस कानो आाखो । जो जान्ने उही भनेको नमान्ने । मारे पाप पाले पुण्य । नानी भन्दा आाची ठूलो । कुरा सुन्नु बूढाको आगो ताल्नु मूढाको । धुरीमा पानी आएपछि बलेसिमा आफै बग्छ । जीउभन्दा कष्ठ प्यारो । मरे पाप जति आफूलाई स्वाद जति अरूलाई । यसैगरी उपन्यासमा अङ्ग्रेजी र केही हिन्दी शब्दहरूको प्रयोग पनि गरिएको छ । जस्तैः "नेप्लीज आर भेरीभेरी फेमाउस फर दियर ब्रैभिटी, अनेस्टी हिरोइक वर्क्स एण्ड क्यारेक्टर । एस मिस । यु आर रियल्ली करेक्ट ।"(पृ.१३)

हिन्दीमा टिकेट दे दो । कुनाघाटा जाइएगा चार आना लगेगा, त्यस्तै उपन्यासमा अनुकरणात्मक शब्दहरूको प्रयोग केही मात्रामा गरिएको छ । जस्तै सऱ्याक सुरूक, पट्याकपुटुक, खङऱ्याङ्ग खङ्ऱ्याङ्ग इत्यादि । यसैगरी तत्सम, तद्भव र झर्रा नेपाली शब्दहरूको प्रयोग प्रशस्त पाइन्छ । उपन्यासमा सरल, मिश्र र संयुक्त तीन प्रकारका वाक्यहरूको प्रयोग गरिनुका साथै निपातको प्रयोग पनि पाउन सकिन्छ ।

## ४.२ शिखर उपन्यासको विश्लेषण

शिखर सूब सेनको दोस्रो प्रकाशित औपन्यासिक कृति हो । यसको लेखन २०२०/२१ सालमा भएपनि प्रकाशन भने २०४५ मा भएको पाइन्छ । उपन्यासमा तत्कालीन नेपाली समाजमा रहेको वर्गीय विभेद साामन्त शासक वर्गको जनताप्रतिको व्यवहार र युवामा आएको परिवर्तनको चाहनालाई देखाउन खोजिएको छ । अन्याय, अत्याचारबाट पिल्सिएका ग्रामीण युवाहरू त्यसको विद्रोह र भण्डाफोर गर्दै अन्ततः नेपालवादको स्थापनामा जोड दिादै जनचेतना

फैलाउादै हिाड्ने क्रममा तत्कालीन शासकको निर्देशनमा प्रहरी प्रशासनले कसैलाई गोली ठोकेर मार्दछ त नायक शिखरलाई झुण्ड्याएर मारिन्छ; तर पनि नेपालवाद स्थापना हुन सकेको छैन भन्ने मूल विचार उपन्यासमा रहेको छ ।

### ४.२.१ कथानक

शिखर उपन्यासको कथानकको आरम्भ निम्न वर्गीय परिवारमा जन्मेको शिखर किशोर अवस्थामा पुगेपछि पहाडको ग्रामीण समाजमा बहिनीको धरालो हुादै गोठालो जीवनबाट भएको छ । उसको बालप्रेमी साथी लक्ष्मी बाहुन र शिखर क्षेत्री बीचमा नैसर्गिक भावनास्फूरण रहेको देखिन्छ । एक दिन बाखा चराउन गोठालो जाादा एउटा बाघसाग जम्का भेट हुनु र शिखरको नेतृत्वमा बाघ मार्नुले शिखरको नायककत्वलाई सार्थक गरेको छ । यसबाट भविष्यमा साहसी, निडर व्यक्तित्व बन्ने संकेत देखिन्छ ।

उपन्यासको परिच्छेद तीनमा पुग्दा अर्कै परिस्थितिको सृजना हुन पुग्दछ । शिखरको परिवारमा एकपछि अर्को गरी दुर्घटना देखा पर्दछ । घाास काट्न जाादा उनी रूखबाट लड्छन् । उनकी आमाको काखीबाट घैाटो फुट्छ । फौजमा भर्ती भएका उनका बाबुलाई चीनको लडाईमा शत्रुपक्षले बन्दी बनाएको खबर घरसम्म आइपुग्छ । यस्तो स्थितिबाट गुज्रिन पुगेको निडर शिखर आफ्नी आमा र बहिनीहरूलाई सम्हाल्छ । यसै सिलसिलामा शिखरकी बालसखा लक्ष्मीलाई बाबुले पैसा लिएर बूढासित विवाह गरिदिएकोमा शिखर रोषप्रकट गर्न पुग्दछ । यस्तै उताव चढावको स्थितिमा शिखरको परिवार गाउाको शोषक, फटाहा भुाडे साहूको पन्जामा पर्दछ । जसले चार सय रूपैयााको आठसय बनाई ब्याजसहित बाह्र सयको तमसुकमा शिखरको ल्याप्चे लगाएर पाको बन्दछ । पछि त्यहीा पैसा लिने बहाना बनाएर शिखरकी आमालाई बलात्कारको प्रयास गर्न पुग्दछ । उनी रातभरी डरले घरबाहिर हुन्छिन् । अर्को दिन बारीको काल्नामुनि अचेत अवस्थामा भेटिन्छिन् । केही दिनको अन्तरालपछि त्यहीा भुाडे साहू आएर शिखरका भैंसी बाखासमेत लग्दछ । यसरी शिखर हुने खाने सौभाग्य पाएका शोषक सामन्ती मनोवृत्तिको निशानामा पर्दछ । उपन्यासमा शासक वर्गको मनोवृत्ती उदाङ्गिएको पाइन्छ भने पसिना चुहाएर बााच्नुपर्ने परिस्थितिका निर्धन र निमुखी समाजको सङ्घर्ष छर्लङ्गिएको छ । उपन्यासको आधाआधीसम्म ग्रामीण समाजमा रहेका सामाजिक, वर्गीय विभेद तिव्रताका साथ आएको पाइन्छ ।

उपन्यासको मध्यभागबाट कथानक अर्कै मोडमा विकसित हुन पुग्दछ । गाउामा जाली फटाहाले शिखरलाई झूटो मुद्दा लगाउाछन् । ऊ थुनिन्छ तर पनि साथीहरूको सहयोगले भाग्न सफल हुन्छ । शिखर र उसका अभिन्न मित्रहरू उमेश, चन्द्र, विश्वहरू काठमाडौा प्रवेश गर्दछन् । सङ्घर्ष गरी पढ्दै राजनीति चेतनाको विकास गर्दछन् । उता गाउाको भूाडे साहूले

सर्वस्व गरी बास उठाएकाले शिखरकी आमा लक्ष्मी र बहिनीहरू तपस्वीनी बनी ओडारमा बस्न बाध्य हुन्छन् । शहरमा बिमारी भएको शिखर विस्तारै स्वस्थ्य हुादै प्रवेशिका पाससमेत गर्न पुग्दछ । यसपछि शिखर साथीहरूसाग छलफल बहस गर्दै देश परिवर्तनको आवश्यकता महसुस गर्दै राजनीतितर्फ सक्रिय बन्दै नेपालवादको सिद्धान्त बनाएर हिड्छ । शहरमा खम्बामुनिको उज्यालोमा पढ्दै गर्दा प्रहरीबाट पक्राउ पर्दछ । उसका साथीहरू भने पहाडी इलाकातिर क्रान्ति चेतनाको विस्तार गर्दै जान्छन् । गाउाबाट शिखरलाई खोज्न आएका बहिनीहरू र लक्ष्मी तत्कालीन प्रशासनको आदेशमा पुलिसबाट कोही बलात्कृत भएर त कोही गोली हानेर मारिन्छन् । उता थुनाबाट मुक्त भएपछि जोगिको भेषमा हिडेको शिखरलाई पुनः पक्राउ गरिन्छ, साथै उसका साथीहरू पनि पक्राउ पर्दछन् । अन्त्यमा चार जना युवामध्ये तीन जनालाई गोली हानेर त शिखरलाई बाासको लिङ्गमा झुण्डाएर मारिन्छ । यसरी उपन्यासको कथानकको अन्त्य हुन्छ ।

समग्रमा उपन्यासमा केटाकेटी अवस्थादेखि नै सामाजिक भावना भएको अन्याय अत्याचार सहन नसक्ने अदम्य शाहस भएको पात्रका रूपमा देखिएको शिखरको माध्यमबाट नेपालको ग्रामीण जीवनको यथार्थ चित्रणसहित विद्यार्थी आन्दोलन, प्रशासनको विकृतिलाई औपन्यासिकरण गर्दै नेपालवादको स्थापनामा जोड दिइएको छ । यसरी बाह्‍य संरचना पैतीस भागमा विभक्त भएको १४४ पृष्ठको उपन्यासमा वर्गीय द्वन्द्व सशक्त रूपमा आएको छ । मूलतः प्रस्तुत उपन्यासमा शोषक र शोषित वर्गको द्वन्द्व रहेको पाइन्छ । गाउाका फटाहादेखि राज्यका शासक वर्गको विरूद्ध शिखरको द्वन्द्व सशक्त भएर आएको छ । कथानकको विकास आदि मध्ये र अन्त्यको श्रृङ्खलामा अगाडि बढेको उपन्यासमा प्रारम्भदेखि पाठकमा, कौतुहलता बढ्दै जाादा अन्ततः उपन्यास दुःखान्त स्थितिमा टुङ्गिन्छ ।

## ४.२.२ पात्र/चरित्र

शिखर उपन्यासको कथानकको गतिलाई अगाडि बढाउने क्रममा विभिन्न चरित्रगत पात्रहरूको आ-आफ्नै भूमिका रहेको पाइन्छ । यसमा शिखर प्रमुख पात्रका रूपमा आएको छ भने लक्ष्मी, चन्द्र, आमा, विश्व, उमेश, भूाडे साहू सहायक पात्रका रूपमा देखिन्छन् । गंगा, विना, इन्दिरा, दिपे, गोमे, कान्छा थापा, वीरे, कान्छा कुवार, लङ्गे, लाठे धनिश्वर, सेमीबहादुर, चित्तरन्जन ठकुरी, धने, कुम्भबहादुर गौणपात्रको भूमिकामा रहेका छन् । शिखर उपन्यासमा आएका पात्रहरूको भूमिकालाई तलको तालिकामा निम्नानुसार देखाउन सकिन्छ :

## तालिका नं. २

| क्र.सं. | पात्रको नाम | लिङ्ग | कार्य | प्रवृत्ति | स्वभाव | जीवनचेतना | आसन्नता | आवद्धता |
|---|---|---|---|---|---|---|---|---|
| १ | शिखर | पुरुष | प्रमुख | अनुकूल | स्थिर | वर्गगत | मञ्चीय | वद्ध |
| २ | लक्ष्मी | स्त्री | सहायक | अनुकूल | स्थिर | वर्गगत | मञ्चीय | वद्ध |
| ३ | विश्व | पुरुष | सहायक | अनुकूल | स्थिर | वर्गगत | मञ्चीय | वद्ध |
| ४ | उमेश | पुरुष | सहायक | अनुकूल | स्थिर | वर्गगत | मञ्चीय | वद्ध |
| ५ | चन्द्र | पुरुष | सहायक | अनुकूल | स्थिर | वर्गगत | मञ्चीय | वद्ध |
| ६ | भाूडे साहू | पुरुष | सहायक | प्रतिकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | वद्ध |
| ७ | गोमे | पुरुष | सहायक | प्रतिकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | वद्ध |
| ८ | आमा | स्त्री | गौण | अनुकूल | स्थिर | वर्गगत | मञ्चीय | वद्ध |
| ९ | गंगा | स्त्री | गौण | अनुकूल | स्थिर | वर्गगत | मञ्चीय | वद्ध |
| १० | वीरे | पुरुष | गौण | प्रतिकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | वद्ध |
| ११ | हाकिम | पुरुष | गौण | प्रतिकूल | स्थिर | व्यक्तिगत | नेपथ्य | वद्ध |
| १२ | लङ्गे | पुरुष | गौण | प्रतिकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | वद्ध |
| १३ | पुलिसहरू | पुरुष/स्त्री | गौण | प्रतिकूल | स्थिर | वर्गगत | मञ्चीय | वद्ध |
| १४ | आन्दोलनकारी | पुरुष/स्त्री | गौण | प्रतिकूल | स्थिर | वर्गगत | नेपथ्य | वद्ध |
| १५ | लाठे | पुरुष | गौण | प्रतिकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | वद्ध |
| १६ | प्रशासक | पुरुष | गौण | प्रतिकूल | स्थिर | व्यक्तिगत | नेपथ्य | वद्ध |
| १७ | सेमीबहादुर | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | वद्ध |
| १८ | कान्छा थापा | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | वद्ध |
| १९ | धनिश्वर | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | वद्ध |
| २० | चित्तरन्जन ठकुरी | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | वद्ध |
| २१ | कान्छा कुवार | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | वद्ध |
| २२ | कुम्भ बहादुर | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | वद्ध |
| २३ | बालराम | पुरुष | गौण | प्रतिकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | वद्ध |
| २४ | पु. अफिसर | पुरुष | गौण | प्रतिकूल | स्थिर | वर्गगत | नेपथ्य | वद्ध |

### (क) प्रमुख पात्रहरू

शिखर उपन्यासमा प्रमुख पात्रको रूपमा शिखर रहेको पाइन्छ। उसकै केन्द्रीयतामा कथानक अघि बढेको छ। जसको चरित्रको चर्चा यसरी गर्न सकिन्छ :

### शिखर

शिखर उपन्यासको प्रमुख पुरुष पात्र हो । ग्रामीण समाजमा जन्मेको निम्न आर्थिक स्थिति भएको पात्रका रूपमा रहेको छ। गाउामा विद्यमान शोषण, दमन, अत्याचार सहन गर्न नसकी विद्रोही बन्दछ। सानै उमेरबाट शाहसी निडर शिखर अनेक खाले परिस्थितिको सामाना

गर्न पुग्दछ । छोरी बेच्ने प्रथाको रोष प्रकट गर्ने शिखर सानीआमालाई फटाहाहरूबाट मुक्त गरी घरबाससमेत बसालिदिन्छ । शिखर गाउाका फटाहाहरूको झूटो मुद्दाले गर्दा गाउा छोडेर काठमाडौा पुग्दछ । काठमाडौामा पढ्दै राजनीति चेतना विकास गर्दै जान्छ । पछि नेपालवादको सिद्धान्त लिएर हिडेको शिखरमा परिवर्तनको चाहना पाइन्छ । आन्दोलनका क्रममा पक्राउ परेको शिखरलाई फाासी दिन लाग्दा भन्दछ, “जनता अग्निको ज्वाला हो । यो ज्वाला अरू तेजले बढ्ने छ । जाली, फटाहा, शोषक, अराष्ट्रवादी विदेशीका पिट्ठू दलालीलाई एक एक गरी जलाउने छ । यिनीहरूको सरकार खरानी हुने छ ।” भन्ने विचार व्यक्त गरेबाट पनि ऊ राष्ट्रवादी, नेपालवादी पात्र हो भन्न सकिन्छ ।

यसरी नै अन्याय, अत्याचार, भ्रष्टाचार बिहिन समाजको परिकल्पना गरी आन्दोलनमा लागेको शिखर गाउादेखि शहरसम्मको स्थिति बुझ्दै अन्त्यत फाासीमा झुण्ड्याएर मारिएको पात्र हो । सम्पूर्ण कथा शिखरको जीवन सेरोफेरोमा घुमेको छ । स्वभावका आधारमा स्थिर, प्रवृत्तिका आधारमा अनुकूल जीवन चेतनालाई हेर्दा वर्गगत, मञ्चीय, वद्ध चरित्रका रूपमा उसको भूमिका रहेको पाइन्छ ।

### (ख) सहायक पात्रहरू

शिखर उपन्यासमा चन्द्र, विश्व उमेश, भूाडे साहू सहायक पात्रका रूपमा आएका छन् । तिनीहरूको चरित्र चित्रण सङ्क्षेपमा निन्नानुसार गर्न सकिन्छ :

### लक्ष्मी

लक्ष्मी शिखर उपन्यासकी सहायक नारी पात्रका रूपमा रहेकी छ । नायक शिखरकी बालसखा बाबुले पैसाको लोभमा लागेर बूढोसाग विवाह गरिदिएबाट घरबाटै पीडित भएकी पात्रका रूपमा लिन सकिन्छ । पछि शिखरबाट फर्काइएकी लक्ष्मी घरको कामधन्दादेखि अन्य धेरै कुरामा शिखरकी आमालाई सघाएकी छ । शिखर गाउाको फटाहाको झूटो मुद्दाले गर्दा साथीहरूसाग भागेर काठमाडौा गएको बेला शिखरकी आमालाई सम्झाउादै बहिनीहरूका साथ खोज्न हिडेकी पात्र हो । शिखरलाई घाइते अवस्थामा देखेपछि महिला जागरण छर्दै आन्दोलनमा सहभागी हुन्छे ।

लक्ष्मी परिवर्तनको चाहना भएकी पात्र हो । उसमा निरासता पाइादैन । उपन्यासको जून जून अध्यायमा देखा पर्दछे । ऊ शाहसी र शिखरलाई हौसला प्रदान गर्ने नारीको रूपमा उभिएकी छ । आन्दोलनका क्रममा पक्राउपछि तत्कालीन प्रशासनको बलात्कारबाट मृत्यूवरण गर्दछे । उपन्यासमा प्रवृत्तिका आधारमा अनुकूल, स्वभावका आधारमा स्थिर, वर्गगत, मञ्चीय वद्ध पात्रका रूपमा उभिएकी छ ।

## चन्द्र

चन्द्र शिखर उपन्यासको सहायक पात्र हो । गाउामा रहादा शिखरको मिल्ने साथी अन्याय, अत्याचार सहन नसक्ने चरित्र उसमा रहेको छ । शिखरसाग काठमाडौा गएपछि नेपालवादको स्थापनार्थ आन्दोलनमा सहभागी हुादै क्रान्तिको चेतना विभिन्न ठाउामा फैल्याउादै हिड्छ । आन्दोलनको क्रममा तत्कालीन पुलिस प्रशासनले गोली हानी हत्या गर्दछ । चन्द्रलाई अन्याय अत्याचारको विरोध गर्ने वर्गगत पात्रका रूपमा लिन सकिन्छ भने उपन्यासमा एउटै भूमिकामा रहेकोले स्थिर, अनुकूल मञ्चीय वद्ध पात्रका रूपमा रहेको पाइन्छ ।

## विश्व

विश्व पनि ग्रामीण समाजमा जन्मेको गरिब पात्र हो । उपन्यासमा सहायक भूमिकामा रहेको छ । शिखरको साथी, गाउाका फटाहाहरूप्रति विद्रोह गर्दै शिखरसागै काठमाडौामा जान्छ । ठाउा ठाउामा जनतालाई जागृत गराउादै हिड्छ । शिखर चन्द्रसागै नेपालवादको सिद्धान्त लिएर आन्दोलनमा सहभागी हुादा पुलिसबाट गोली हानी हत्या गरिन्छ । यो पनि वर्गीय पात्र हो । स्थिर, मञ्चीय वद्ध भूमिकामा रहेको छ ।

## उमेश

उमेश प्रस्तुत उपन्यासको सहायक पुरुष पात्र हो । जसले शिखर चन्द्र विश्वले जस्तै गाउाको अन्याय अत्याचारका विरूद्ध विद्रोह गरेको छ । सामान्य परिवारमा जन्मेको पात्र हो । गाउादेखि शहरसम्म परिवर्तनकारी र राष्ट्रियताको बारेमा चेतनामूलक सन्देश फैलाएर जनताको हितको लागि लड्ने क्रान्तिकारी योद्धा हो । शिखरबाट टाढा रहेको समयमा चिठिपत्रबाट खबर आदान प्रदान गर्ने गरेको पाइन्छ । आन्दोलनमा पुलिसको गोलीबाट मारिन्छ ।

## भूाडे साहू

**डााडाको जून** उपन्यासको सहायक पुरुष खल पात्र हो । उपन्यासमा यसले फटाहा, छलकपटी, शोषक चरित्रको भूमिका खेलेको छ । शिखरको परिवारलाई बारम्बार दुःख दिने गर्दछ । जसले चारसय रूपैयााको आठसय बनाई ब्याजसहित बाह्र सयको तमसुकमा शिखरलाई ल्याप्चे लगाउन लगाएर पाको भएको अनुभूती गर्छ । पछि पैसा लिने निहुमा शिखरकी आमालाई करणी गर्न खोज्दछ । यतिमात्र होइन शिखरका भैासी बाखासमेत लैजान्छ । शिखर भागेर काठमाडौा गएपछि उनकी आमा बहिनीलाई ओडारको बास गर्न बाध्य पार्दछ । त्यसैले यसको चरित्र दरिद्र रहेको छ । यो प्रतिकूल स्थिर, मञ्चीय वद्ध पात्र हो ।

### (ग) गौण पात्रहरू

यस उपन्यासमा धेरै गौणपात्रको उपस्थिति देखिन्छ । गौण हुादा हुादै पनि कतिपय पात्रहरूले कतिपय ठाउामा केही महत्त्वपूर्ण भूमिका खेलेका छन् । गंगा, विना, इन्दिरा, आमा आदि पात्रको उपस्थिति महत्त्वपूर्ण मानिन्छ भने अन्य पात्रहरू दिपे, गोमे, कान्छा थापा, वीरे, कान्छा कुवार, लंके, लाठे, धनिश्वर, सेमीबहादुर, चित्त रन्जन ठकुरी, धने, कुम्भबहादुर जस्ता पात्रहरू सामान्य भूमिकामा देखिन्छन् । पुलिसहरू उपन्यासमा प्रतिकूल पात्रका रूपमा प्रस्तुत छन् । यसरी यिनै प्रमुख सहायक र गौण पात्रहरूले उपन्यासलाई कलात्मक, यथार्थपरक र सहज रूपले अघि बढाएको छ ।

## ४.२.३ सारवस्तु/विचारतत्त्व

शिखर उपन्यासमा तत्कालीन पञ्चायती शासन व्यवस्थाको समयमा नेपाली समाजमा रहेको वर्गीय विभेद सामन्तवर्गले जनताप्रति गर्ने व्यवहार देखाइएको छ । प्रस्तुत उपन्यासको मूल विचार शासक वर्गको अन्याय, अत्याचार, दमनको विरोध गर्दै नेपालवादको स्थापनामा जोड दिनु रहेको छ । साथै हुकुमी दलाली भ्रष्ट शासन होइन जनताको सही शासन आउनुपर्छ भन्ने मान्यता उपन्यासको मुख्य विचार हो ।

उपन्यासको आरम्भमा ग्रामीण समाजमा मानिसहरूले विताइरहेको आर्थिक, सामाजिक, सांस्कृतिक पक्षपाती जीवनको चित्र कोरिएको छ । गाउामा समाजका ठूलाबडाले सानालाई गर्ने विकृति, छलछाम, कमीकमजोरीदेखि विद्यार्थी आन्दोलन, प्रहरी प्रशासनको विकृति पञ्चायति राज्यव्यवस्थाको समसामयिक यथार्थलाई प्रस्तुत गर्नु उपन्यासको अर्को उद्देश्य रहेको देखिन्छ । त्यस्तै विदेशी कुप्रभावबाट नेपाल र नेपालीलाई सदा चोखो राख्ने आफ्नो राष्ट्रिय संस्कृतिलाई सदा उन्नती तुल्याउने, राष्ट्रिय जनजीवनमा सुवास गम्काउने र सार्वभौमिक सत्तालाई अक्षुण राख्नुपर्ने महत्तम विचार उपन्यासमा प्रस्तुत भएको छ । उपन्यासमा शिखर भन्दछ, “दाजुभाइ दिदीबहिनीहरू हो । जिन्दगीमा यो मातृभूमिको सेवामा लागेको नेपाली स्वभीमानलाई न्याय र सत्यका पक्षमा साथ दिनोहोस् । सत्य, सामाजिक न्याय-इन्साफ स्वतन्त्रताका लागि सामाजिकतापूर्ण नेपालवादलाई जीवित राख्नोहोस्” भन्ने राष्ट्रियताको भावना जनतालाई बुझाउन खोजिएको पाइन्छ ।

शिखर जेलबाट छुट्नसाथ जोगिको भेषमा हिाड्नु, लक्ष्मी गंगा, बिना, इन्दिरा पनि पुरुषको भेषमा हिड्नु जस्ता प्रसङ्गहरू उपन्यासमा पाउन सकिन्छ । उपन्यासको सार त्यसबेलाको तत्कालीन अवस्थाको शोषण, दमन, अत्याचार छलकपटीप्रति संघर्ष शासन सत्ताको

परिवर्तन विदेशीको हस्तक्षेपमुक्त नेपालवादको कल्पना गरिनु रहेको छ । समग्रमा परिवर्तनको चाहनाप्रति जनतालाई शिक्षित र दीक्षित गराउन खोज्नु उपन्यासको मुख्य विचार हो ।

### ४.२.४ दृष्टिविन्दु

उपन्यास प्रस्तुतिको ढाचा हो दृष्टिविन्दु । उपन्यासकारले उपन्यास प्रस्तुत गर्दा कहा बसेर प्रस्तुत गर्दछ त्यो स्थान नै दृष्टिविन्दु हो । प्रस्तुत उपन्यासमा उपन्यासकार उपन्यासको कथानकभन्दा बाहिर बसेर कहीले शिखर कहिले लक्ष्मी तथा अन्य घट्ना पात्र परिवेशको विवरण प्रस्तुत गर्दछन् । यस आधारमा शिखर उपन्यासमा बाह्‍य वा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

प्रस्तुत उपन्यासमा पात्रका आन्तरिक तथा बाह्‍य परिस्थिति सम्पूर्ण घट्ना र परिवेशका पक्षहरूसित उपन्यासकार परिचित देखिन्छन् । प्रमुख पात्र शिखर, उनको घरपरिवार, पीडा र जागृत भएको विद्रोहको भावना शहर पुगेर ठाउा ठाउामा नेपालवादको सिद्धान्तबारे जनतालाई गोलबन्द गर्दै आन्दोलनमा लाग्ने तयारीको अवस्था गराउनु जस्ता कुराहरूमा उपन्यासकार स्वयम् ज्ञाता भएका कारण बाह्‍य सर्वज्ञ दृष्टिविन्दु प्रयोग भएको पाइन्छ । त्यस्तै उपन्यासमा साहयक पात्रहरू लक्ष्मी, चन्द्र, विश्व, उमेश लगायत अन्य पात्रहरूको गतिविधिको बारेमा उपन्यासकार बाहिर बसी तृतीय पुरुषको कथा वर्णन गरेको देखिन्छ ।

### ४.२.५ परिवेश

शिखर उपन्यासको परिवेश मूलतः २०२०/२१ सालमा लेखिएकोले त्यति बेलाको पञ्चायती निर्दलिय व्यवस्थाको समय उदृत छ । तत्कालीन समयमा ग्रामीण समाजमा देखिएका अन्याय, अत्याचार, विकृती, छलकपटको त्रासपूर्ण स्थिति उपन्यासमा परिवेशका रूपमा आएको छ ।

प्रस्तुत उपन्यासमा परिवर्तनको चाहना राख्ने अन्याय नसहने निम्न आर्थिक अवस्था भएको, परिवारमा जन्मेका युवाहरू विद्रोही बन्दै काठमाडौंसम्म आएका छन् । मानिसहरूलाई शिक्षित र दीक्षित गर्दै नेपालवादको सिद्धान्तमा गोलबन्द गर्दै आन्दोलनमा अग्रसर बन्दछन् । यसले त्यस समयको राजनीति अवस्था र राज्यसत्ता चलाउने केही व्यक्तिले जनतामाथि अन्याय गरेका थिए भन्ने कुराको पुष्टि गर्दछ । तत्कालीन समयमा गाउाका फटाहाहरूले सोझा साझा मानिसलाई सताउने फसाउने र नारी अस्तित्व लुट्न उद्धत थिए भन्ने कुरा परिस्थितिको रूपमा आएको छ । खासगरी परिवेशको रूपमा गुल्मीको ग्रामीण इलाकाबाट सुरू भएको उपन्यास प्यूठान, पोखरा, इलाम, पशुपति काठमाडौंदेखि चीनसम्मलाई समेटेको छ । उपन्यासमा राजनीति र सामाजिक परिवेश पाउन सकिन्छ । शक्ति र सत्ताका भरमा राज्यले जनतालाई

गरेको अन्याय, कुशासनको अवस्था यस उपन्यासको राजनीति परिवेश हो । त्यस्तै ग्रामीण इलाका कार्यपीठिका हुादा त्यहीाको आञ्चालिकता परिवेशका रूपमा आएको छ । जस्तैः मालिकाका थानपरि, गहिराइमा अस्तिदेखि अग्लुङ्गमा सबै गरिबहरू भत्कुला, बनतरूल खनी खान्छन् रे । अस्ति नै हावा जहाजले चामल तम्घास ल्याउाछ रे भनेको होइन । असारमा रोपाइा हुनुपर्ने । आज राती थानेको घर जिउाती थियो । जौा गहाको विबै फर्कन । आदि ग्रामीण परिवेशका बिम्बहरू हुन् ।

## ४.२.६ भाषा

शिखर उपन्यासको भाषा पात्र सुहाउादो छ । उपन्यास वर्णनात्मक शैलीमा लेखिएको छ । कार्यपीठिका ग्रामीण जीवन भएकोले खासगरी पर्वती भाषिकाको प्रभाव परेको देखिन्छ । कतिपय ठाउामा स्तरीय मानक नेपाली भाषा पाइन्छ भने कतै कतै व्यक्ति भाषाको प्रयोग पनि गरिएको छ । त्यस्तै उखानको प्रयोग प्रसङ्ग अनुरूप गरिएको पाइन्छ । जस्तैः

'ओरालो लागेको मृगलाई बाच्छाले खेजाउाछ ।' (पृ. १४)
'एकल लकडी हल न चल' (पृ. १३)
'जहाा होचो छ त्यहाा घोचो राख्छ' (पृ. १५)
'एकपटकको बल त भल हो ।' (पृ. १६)
'सुख दिनको दाज्यू र दुःख रातको भाइ ।' (पृ. ६)
'कहिले दिन लामा कहिले रात' (पृ. १७)
'तिरेको साहू रौं बराबर' (पृ. १८)
'माथि हेऱ्यो गाई तल हेऱ्यौ गङ्गा' (पृ. २१)
'बिग्रेको मान्छे भत्केको घर भत्केपछि के को डर' (पृ. २३)
'मौका परे भगिनी नत्र योगिनी ।'
'लाहुरेले लाने हो कि होइन म राणको हतपत ।' (पृ. १४२)
'हगनको बेला लगन' आदि ।

उपन्यासमा प्यूठानी मगर भाषाको गीतको प्रयोग पनि गरिएको छ ।
लैलो । भान्जी लैलो, बडै, जोदो भान्जी, माया घडै ।
लैलो भान्जी, लैलो बडै । (पृ. १५२)
डाउरा झाउाला ढोइरेनीमा । (पृ. १५३)
ठरूनी फकाउाला मायालु ।

शिखरकी आमा श्रीमान् लडाइामा चीनको सेनाबाट बन्दी बनाइएपछिवेदनापूर्ण शब्द निकालेर यसो भन्दछिन्

यो घर मेरो सुन्ने भो अब के गरी बााच्ने हो,
यी पातका कीरा कसरी छाडी लडाईंमा पर्नु भो
शत्रुले लग्यो यो खबर सुन्दा यो छाती चिरिइगो,
कठै नि बरै यो मेरो चाादो जीवन रूवाउने भो । (पृ.१४)

जस्ता कारूणिक भाव व्यक्त भएको छ । यसैगरी कवितात्मक गीतकोसमेत प्रयोग गरिएको छ ।

दिनै हो सुदिन हाम्रो, धानको बालो राम्रो
देशै हो भेष हाम्रो जिन्दगी छ रे चाम्रो ।
नाचौ हो खेल हाम्रो, नेपालको बास राम्रो । (पृ. ११५)

प्रस्तुत उपन्यासमा ग्रामीण इलाकाबाट प्रारम्भ भएकोले गुल्मेली लवजको भाषिका प्रयोग गरिएको पाइन्छ । डिया, के रे, देउतो, के देऊ, आ आदि (१११)

उपन्यासमा ठाडो प्रश्नात्मक संवादको पनि प्रयोग गरिएको छ ।

कसको न्वारन रोकिएको ?
उसको ।
को उसको ?
चम्पीको ।
के भो त आजकाल ?
कुन्नि ।
थाहा छैन ?
आ ।
थाहा छ ?
छैन ।

समग्रमा उपन्यासको ठाउा-ठाउामा बिम्वात्मक भाषाको प्रयोग गर्दै सरल, मिश्र, संयुक्त तीनै प्रकारका वाक्यको संयोजन पाइन्छ साथै उपन्यासमा तद्भव, तत्सम्, आगुन्तक शब्द आउनुका साथै भाषाशैली सरल सहज सुबोध्य भएर पनि कलात्मक छ ।

## ४.३ अञ्जूश्री उपन्यासको विश्लेषण

अञ्जूश्री, अञ्जूश्रीदेखि आन्दोलनसम्म पााच लघु उपन्यास सङ्ग्रहमा सङ्कलित पहिलो उपन्यास हो । २०५५ सालमा प्रकाशित उपन्यास राष्ट्र र राष्ट्रियताको भाव प्रस्तुत गर्दै मातृभूमिका सन्तति शोषित पीडित हुनुहुन्न । स्वार्थ सिद्धको लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय

स्तरका तस्कर माफियाबाट संचालित दल र नेताहरूलाई गलहत्याउनु पर्छ भन्ने उपन्यासका मूल भाव रहेको छ ।

## ४.३.१ कथानक

अञ्जूश्री उपन्यासको कथानक नेपालको ग्रामीण इलाकाबाट आरम्भ भएको छ । जहाा बालदिवसको कार्यक्रम भै रहेको वातावरण हरियाली, लहलहको खेतबारी सुन्दरै सुन्दर, सभापति पक्षपाति भएको विकासको रकम आफ्नालाई खुवाएको छोरा छोरीलाई खर्च गरेकोप्रति व्यङ्ग्य गर्दै उसलाई ज्वाइा आयो हामलाई के आयो भन्ने गरिएको छ ।

कार्यक्रममा अञ्जूको नेतृत्वमा सारङ्गी रेट्दै राष्ट्रियताको भावना भएको गीत गाइान्छ । सोही अवसरमा उपन्यासको नायक श्री र अञ्जूश्रीबीच चिना परिचय हुन्छ । कार्यक्रममा सबैको आकर्षणको केन्द्र बनेकी अञ्जूलाई श्रीले आफ्नोमा खाना खान निमन्त्रणा गर्दछ । यसरी देशमा बढेको अन्याय, अत्याचार, राजनीति कु-संस्कारको विरोध र राष्ट्रियताको बारेमा, जनताको न्यायका लागि जनचेतना बाााड्दै हिाडेको श्री र अञ्जूको उद्देश्य र भावना चाहना एउटै भएकोले निकटता बढ्दै जान थाल्दछ । उनीहरू छुट्टिएर विदाइ भएपनि बेला बेलामा चिठीको माध्यमबाट देशको अवस्थाको बारेमा खबर साटासाट गर्न पुग्दछन् । पत्रमा व्यवहारको प्रशंसाका साथै राष्ट्रियता, देशको स्थिति, परिस्थिति, सत्ताधारी शासकको थिचोमिचोदेखि हक अधिकार अगुवाहरूबाट लुटिएको जनताले रिहर्सन गर्न नसकेको जस्ता कुराहरू लेखिएको हुन्छ । यसैगरी दुवै जना आ-आफ्नो क्षेत्रमा दृढ बन्दै जान थाल्दछन् । यात्राको क्रममा अञ्जू खसौली आई होटलमा बासवस्न पुग्दछे । त्यहाा उनीमाथि एक जना युवाले गलत नियत राख्दा गलत चरित्र र अहितको बाटो छोडी नेपाली नारीको अस्तित्व रक्षा गर्नतिर लाग्न भन्दै नदाहिएको बहरको संज्ञा दिन्छे । श्री भने गाउा गाउाको बस्तीमा जनतासाग छलफल गर्दै हिड्छ । आफ्नो छोरीलाई बम्बे बस्ने बूढालाई बेच्न लागेको छुकप्रसाद, छोरी आफ्नो अस्तित्व बचाउनको लागि तल्लो जातको दनुवारसाग विवाह गर्दा घरमा आगो लगाई ध्वस्त बनाइ दिन्छ । श्रीले छुकप्रसादलाई बोलाएर गाउालेको सामुन्ने खरानी भएको घर एक हप्तामा जस्ताको तस्तै बनाई दिन र जातीय विभेद हटाई माफि मागी छोरी ज्वाइालाई टीका लगाइ दिन मञ्जुर बनाउाछ । यसले उसलाई सत्य सावित गराउाछ । उपन्यासमा उसको यात्रा लमजुङ, मनाङ, डोल्पा, बाग्लुङ्ग, गुल्मी, पाल्पा, स्याङ्जा हुादै पोखरासम्म अन्याय नगर्नु अन्याय नसहनु भन्ने मूलमन्त्रका साथ जनतासागको प्रत्यक्ष साक्षात्कारसागै बित्दछ । श्री को समाज सेवा र शोषितहरूले पाएको न्याय, जागरण आदि देखेर भ्रष्ट व्यक्तिहरूलाई सो कार्य सह्य हुादैन । फलस्वरूप उसलाई अज्ञातव्यक्ति लगाएर कुटाइन्छ । उपचारपछि उसको स्वास्थ्य ठिक हुन पुग्छ, कसले पिट्न लगाएको हो डाक्टरहरू सत्य बोल्न सक्दैनन् । बरू उल्टै जनताको पक्षमा बोल्दा मान सम्मान

केही मिल्दैन, त्यसैले ठूला बडासाग मिले मानप्रतिष्ठा पैसा सम्पूर्ण चीज पाउन सकिन्छ भन्दछन् । श्री डाक्टरको चरित्रको उदघाट्न यसरी गर्दछ । डाक्टरले कसैले मारेकोलाई मरेको भन्छन् । गोलीको प्वाललाई गिद्धले खाएको भन्दछन् । रोग एउटा औषधी अर्को दिन्छन् । बलात्कारबाट रक्ताम्मे भएकी बालिकालाई जुकाले खाएको भन्दछन्, अप्रेशन गर्दा शरीरभित्रै कैंची राखेर टााका लगाईदन्छन् भन्ने व्यग्ङ्य गर्दै यस्ता कुकर्म र प्रवृत्ति रहादै जाने हो भने समाज कहिल्यै परिवर्तन हुन नसक्ने तर्क गर्दछ ।

यसै गरी उपन्यासमा श्री नेपाल र नेपाली राष्ट्रिय एकताको रक्षाको लागि हिजो आज भोलिका नेपालीको इज्जत, न्याय र प्रतिष्ठानका लागि राजनीति गर्ने भ्रष्ट नेता जसले देशवासीमाथि अन्याय, अपराध, भ्रष्टाचार गरेको छ । उसलाई जनसामु उभ्याई कारवाही गर्नु पर्ने मान्यता राख्दै शितलपाटीमा भव्य जनसमुदायमा बीचमा बोल्दै गर्दा र अञ्जू पनि सोही सभामा महिला अधिकार स्थापना, विदेशी षडयन्त्रको विरूद्ध भाषण गर्दै गर्दा चारैतिरबाट प्रहरी र गुण्डाहरूले असुरग्यास र हवाई फायर गर्दै श्री र अञ्जूलाई पक्राउ गरिन्छ । तर आन्दोलन नरोकी उत्कर्ष रूप लिन पुग्दछ र आतताही सरकारले आत्मसमर्पण गर्दछ । अञ्जू र श्री बिराट् जेलबाट राजधानी पुग्ने बन्दोवस्त गरिन्छ । देशभक्ति जनता, देशभक्ति शक्ति, साहित्य प्रतिनिधिहरू बीच समन्वयात्मक सिद्धान्तको आधारमा सत्ता सञ्चालनको बारेमा छलफल हुन थाल्दछ । यसरी देश विदेशी विषालु सर्पबाट मुक्त भएको स्वच्छ मिठो हल्का वातावरण सिर्जना भएको अनुभूति हुन्छ । राष्ट्र राष्ट्रियता, राष्ट्रिय एकताका लागि सही र स्थायी निती निर्धारण हुने समाचार फैलिन्छ । नौलो र सुखद क्षणको अनुभूतिसागै उपन्यासको अन्त्य हुन्छ । यसरी ५६ पृष्ठमा संरचित १५ अध्यायको उपन्यास आदि मध्य र अन्त्य हुादै रोचक र व्यङ्ग्यात्मक ढंगले कथानक अघि बढेको पाइन्छ । यस उपन्यासमा पनि विभिन्न मनोद्वन्द्वदेखि बाह्य द्वन्द्व सशक्त रहेको देखिन्छ ।

## ४.३.२ पात्र/चरित्र

अञ्जूश्री लघु उपन्यासमा प्रमुख, सहायक र गौण पात्रहरूको उपस्थिति रहेको पाइन्छ । तिनीहरूको भूमिका आ-आफ्नै ठाउामा महत्त्वपूर्ण रहेको छ । श्री, अञ्जू उपन्यासको प्रमुख पात्रका रूपमा उपस्थित छन्, भने सहायक पात्रका रूपमा सभापति छुकप्रसाद देखिन्छन् । त्यसै गरी गौणपात्रका रूपमा सेना, प्रहरी, शिक्षक, शिक्षिका, बालबालिका, शिवभाइ, क्षितिज, अर्जुन, किशनसिंह गुरूङ, झिनु सिंह, दीनबहादुर छन्तेल, सङ्गाम सिंह, दर्जी, बुद्धि सिंह पुन, राम अवसरजी, डाक्टर श्रीमान्, श्रीरङ्ग, शुसे, कुम्हाल, विशुल्कराम, काले सार्की, वीरभद्र, किरात, किसन थारू, जसे मगर, श्री क्षेत्री, धर्मदत्त यादब, बैदाम गाइने, श्रीराम थापा आदि रहेका छन् ।

### (क) प्रमुख पात्रहरू

अञ्जूश्री उपन्यासमा कथानकलाई अगाडि बढाउने क्रममा प्रमुख पात्रको भूमिकाको रूपमा श्री र अञ्जू रहेका छन् । यी दुवै पात्रहरूको चरित्र चित्रण निम्नानुसार गर्न सकिन्छ :

### श्री

श्री यस उपन्यासको प्रमुख पुरुष पात्र हो । खासगरी समाजमा हुने गरेका भ्रष्टाचार जातीय विभेद र थिचोमिचो सहन गर्न नसक्ने प्रवृत्तिको पात्र हो । श्रीमा राष्ट्रियताको भावना छ भन्ने कुराको पुष्टि उसको यो भनाईबाट हुन्छ, "प्रजातान्त्रिक आचरण र व्यवहार नभएका दल, नेताहरूले जनताको प्रजातान्त्रीक हक, अधिकार र सार्वभौमिकताको आफ्नो स्वार्थको लागि जनतालाई शोषण र दमन गरिरहेका छन् । हामीलाई बजार र शोषणस्थल बनाई हाम्रो प्राकृतिक साधन श्रोतसमेतलाई विदेशीलाई मालिक मानेर मालिककै आर्शिवादमा सत्तामा रहेर हामो देश र हामीप्रति जथाभावी गरिरहेका छन् । स्वार्थसिद्धिकै लागि राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरका तस्कर र माफियाबाट संचालित भएर असिमित सम्पत्ति कमाई विदेश पुऱ्याई सकेका छन् ।" भन्नुले यहीा कुरालाई प्रमाणीत गर्छ । अञ्जूको राष्ट्रिय भावना, महिला अधिकार समानशिक्षा र विदेशी हस्तक्षेपको विरोध जस्ता क्रान्तिकारी भावनाले नजिक हुन पुगेको श्री छुकप्रसादले आफ्नी छोरी ज्वाइा माथि गरेको घृणित कार्यप्रति न्याय दिलाउनु र जातीय विभेदको विरोध गर्नुले ऊ सच्चा परिवर्तनकारी पात्र हो भन्न सकिन्छ ।

उपन्यासमा उसलाई वर्गगत पात्रका रूपमा लिन सकिन्छ । सुरूदेखि अन्तिमसम्म एउटै भूमिकामा रहेकोले स्वभावका आधारमा स्थिर पात्र हो । प्रवृत्तिका आधारमा अनुकूल, आसन्नताका आधारमा मञ्चीय, वद्ध पात्रका रूपमा राख्न सकिन्छ । उपन्यासको अन्त्यमा पक्राउ परेको देशभक्त निडर शाहसी पात्रको रूपको आफूलाई उभाएको छ ।

### अञ्जू

अञ्जू यस लघु उपन्यासकी प्रमुख स्त्री पात्र हो । बाल दिवसको कार्यक्रममा राष्ट्रप्रेमी गीत गाएर सबैको मन जित्न सफल छ । लाम्चो अनुहार सिम्रिक रंगी चोलीले दर्शकलाई आकर्षण गर्दछे । महिलाको अधिकार, समानता, निःशुल्क शिक्षा, अन्याय अत्याचारको विरूद्ध आवाज उठाउने अञ्जूश्रीसागको परिचय पछि नजिकिदै बारम्बार चिठी आदान प्रदान गरी भावनाको कुरादेखि राष्ट्रिय हितका विषयमा चिन्ता गर्ने पात्र हो । होटलमा बास बसेको बेला आफूसाग नजिकिदै खराब दृष्टिले हेर्ने युवालाई सम्झाउदै गलत चरित्र र अहितको बाटो छोड, देश र समाजमाथि शोषक अतिक्रमणकारीको घन बज्रिरहेको छ । यस्तोबाट देश समाजका

तिमीहरू जस्ता युवा र म जस्ती नेपाली नारीको अस्तित्वको रक्षा गर्नतिर लाग । तब तिमी महान, सम्मानित हुन सक्नेछौ भनेबाट उसमा देश विकासको भावना प्रष्ट झल्कन्छ ।

यसैगरी पत्रिकामा जुम्ली विवाह पद्धति र महिलाको जीवनशैलीको लेख र त्यहाा बच्चैमा हुने विवाह, चेलीबेटीले भोग्नुपर्ने बुहार्तन सौताबाट व्यहोर्नु पर्ने पीडाकष्ट पढिसकेपछि अञ्जूमा देखिएको सहानुभूतिले नारीको पीडा बुझ्ने पात्र हो भन्न सकिन्छ । उपन्यासमा अन्त्यमा शितलपाटीमा जनताहरूको माझमा श्रीसागै भाषण गर्दा प्रहरीबाट पक्राउ पर्दछे । अञ्जू वर्गगत पात्र हो भने स्वभावका आधारमा स्थिर, प्रवृत्तिका आधारमा अनुकूल, आसन्नताका आधारमा मञ्चीय, वद्ध पात्र मान्न सकिन्छ ।

### (ख) सहायक पात्रहरू

अञ्जूश्री उपन्यासमा सहायक पात्रहरूको भूमिकाको रूपमा सभापति, छुक प्रसाद रहेका छन् । विभिन्न प्रसङ्गमा सहायक भूमिकामा रही उपन्यासको कथानकलाई विकास गराउन यी पात्रहरूले महत्वपूर्ण भूमिका निभाएको पाईन्छ :

### सभापति

अञ्जूश्री उपन्यासको प्रारम्भमा देखा पर्ने पुरुष सहायक पात्र हो । बालबालिकाको लागि आएको सम्पूर्ण रकम आफू खान्छ र आफ्नोलाई खुवाउाछ, छोरा छोरीलाई पढाउन खर्च गर्दछ । जनताहरू भन्ने गर्दछन् उनलाई ज्वाइा आयो हमलाई के आयो ? यो खराब प्रवृत्तिको पात्रका रूपमा उपन्यासमा आएको छ । उपन्यासमा प्रतिकूल, स्थिर, मञ्चीय, वद्ध, चरित्र उसमा रहेको छ ।

### छुकप्रसाद

अञ्जूश्री उपन्यासको पुरुष पात्र हो । उपन्यासमा सहायक पात्रको भूमिका रहेको छ । दश हजारमा बम्बै बस्ने बूढो लाहुरेलाई छोरी बेच्न खोज्ने घृणित पात्र हो । पछि छोरी अस्तित्व बचाउनको लागि आफूभन्दा तल्लो जातको दनुवार थरको केटासाग भागेर विवाह गर्दा छुकप्रसादले रिसको आवेगमा आएर उनीहरूको घरमा आगोसम्म लगाइदिन्छ । पछि श्री र गाउालेहरू जम्मा भई घर जस्ताको तस्तै बनाइदिन र छोरी ज्वाइासाग माफी माग्दै ढोग्न लगाएबाट उसमा केही चेतनाको विकास हुनसकेको छ भन्न सकिन्छ । यस आधारमा छुकप्रसाद यस उपन्यासको प्रतिकूल, मञ्चीय, वद्ध पुरुष पात्र हो ।

### (ग) गौण पात्रहरू

उपन्यासमा न्यून भूमिका निर्वाह गर्न उपस्थित पात्रहरू गौण पात्रहरू हुन् । यस उपन्यासमा गौण पात्रहरूमा सेना, प्रहरी, शिक्षक, शिक्षिका, बालबालिका, शिबभाइ, अर्जुन, क्षितिज, किसनसिंह गुरूङ्ग, भिmनु सिंह, दीनबहादुर छन्तेल, संगमसिंह दर्जी, बुद्धि सिंह पुन, राम अवसरजी, डाक्टर, श्रीमान्, श्रीरङ्ग, सुशे कुमहाल, विशुल्कराम, काले सार्की, वीरभद्र गाइने, श्रीराम थापा, आदि पात्रहरूको भूमिका उपन्यासमा सामान्य देखिन्छ ।

## ४.३.३ सारवस्तु/विचारतत्त्व

अञ्जूश्री उपन्यासको मुख्य उद्देश्य देशका जनतालाई अन्याय, अत्याचार शोषणको पञ्जाबाट मुक्त गरिनुपर्छ । निमुखाहरू गरिबी, अन्याय, अत्याचार आदिले सधै पिल्सिरहेका हुन्छन् । उनीहरूलाई मुक्त गर्न युवावर्ग सक्रिय हुनुपर्छ भन्ने नै यस उपन्यासको सार हो । शोषक वर्ग जहिले पनि सामन्त पाूजीपति वर्गहरूको आाड र साथबाट शक्तिशाली आर्शिवाद पाएर क्रुर बनेका हुन्छन् । तिनीहरूमा हृदय, दया, माया भन्ने चीज थाहा हुादैन । त्यसकारण यस्ता समाजको भलो र प्रगति नचाहने अराष्ट्रिय तत्त्वलाई उन्मुलन गर्नुपर्छ भन्ने विचार उपन्यासमा रहेको छ ।

उपन्यासमा अञ्जू र श्री जस्तै शाहसी, वीर, निडर युवाशक्ति छाती फुलाएर अगाडि बढ्नु पर्दछ तबमात्र देशको उन्नती प्रगति हुन सक्छ भन्ने विचार उपन्यासमा आएको छ । साथै बालबालिकाको लागि आएको रकम कुनै एउटा व्यक्तिले नाता गोता परिवारमा मात्र खर्च गरी भविष्यका कर्णधार बालबालिकालाई बञ्चिल गरिनुप्रति भण्डाफोर गर्दै समाजमा प्रचलित रहेको राम्रो गर्नेलाई दण्ड दिने र नराम्रो काम गर्ने, ढोग्ने, पैसा चढाउनेलाई पदोन्नती गरिने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । समाज सेवा गर्ने, न्याय दिने मान्छेलाई कुटिन्छ, काटिन्छ डाक्टरहरूले विमारीमाथि लापरवाही गरी मार्दासमेत कार्वाही हुादैन भन्ने व्यङ्ग्य उपन्यासमा प्रस्तुत भएको छ । यहाा ठूलाले सानोलाई, हुनेले नहुनेलाई सक्नेले नसक्नेलाई जति निचोर्न र शोषण गर्न सक्यो, त्यति आफ्नो इज्जत बढेको सम्भmन्छन् । यस्तै आफ्नो छोरीलाई पैसाको लोभमा परेर बूढोसाग बेच्न खोज्ने पापी बाबु र अर्न्तजातीय विवाह प्रतिको हेराईा उपन्यासमा प्रतिबिम्वित गर्न खोज्नु उपन्यासको उद्देश्य रहेको पाइन्छ ।

यस्तै उपन्यासमा मानवीय कल्याणकारी भावना विस्तारका लागि मानवमा घृणा होइन, आत्मीय भाव हुनुपर्छ भन्दै अन्याय, अत्याचार, भ्रष्टाचारी राष्ट्रका अपराधी तत्त्व विरूद्ध सङ्घर्ष गरेर देशभक्तहरूको सच्चरित्रको विजयबाट उठाउादै समाज सुधारको भावना र राष्ट्रियताको ओतप्रोत भएको विचार उपन्यासमा आएको छ ।

## ४.३.४ दृष्टिविन्दु

दृष्टिविन्दु आख्यानमा कथावाचकले कथा सुनाउानका निम्ति उभिन वा बस्नलाई रोजेको ठाउा हो । अञ्जूश्री उपन्यासको कथावाचक वा समख्याता स्वयम् उपन्यासकार रहेका छन् । त्यसकारण यस उपन्यासमा बाह्य दृष्टिविन्दु वा तृतीय पुरुष दृष्टिविन्दु प्रयोग गरिएको छ । उपन्यासकार उपन्यासमा घटिन घट्नालाई आफू प्रत्यक्षदर्शी अर्थात सर्वदर्शी ऊ वा त्यो अर्थात पात्रकै नामबाट घट्नाको वर्णन गर्दछन् । उपन्यासको प्रमुख पात्र श्री हो, उसकै सेरोफेरोमा घटेका हरेक घट्नामा सर्वज्ञता स्वयम् लेखक हुन् । उपन्यासमा उपन्यासकार हरेक घट्नाको वर्णन गर्दै सर्वदर्शी भएर हरेक पात्रको विचार चिन्तन मानसिक संवेगको खुलस्त उल्लेख गरेका छन् । त्यसैले प्रस्तुत उपन्यासमा बाह्य दृष्टिविन्दु रहेको छ ।

## ४.३.५ परिवेश

अञ्जूश्री उपन्यासको सेरोफेरो नेपालको गाउाघर बनेको छ । त्यहीाबाट शुभारम्भ भएको उपन्यासको समयपीठिका २०५५ साल भाद्र ४ गतेको बालदिवसको कार्यक्रम रहेको छ । यहीा कार्यक्रममा उच्च उच्चासनमा बसेका पदिय व्यक्तिहरूको भ्रष्टचारी प्रवृत्ती, नातावाद, कृपावाद, चाप्लुसी, भ्रष्ट, स्तरहीन व्यक्तिको चरित्र, सामाजिक परिवेशको रूपमा आएको पाइन्छ ।

समाजमा रहेर न्यायको वकालत गर्ने परिवर्तनको चाहना राख्ने व्यक्तिलाई गुण्डा लगाएर कुटाइन्छ । गरिबको पक्ष लिएमा इज्जत मान प्रतिष्ठा बढ्न नसक्ने ठूला बडाको पक्ष लिएमा बढ्ने सल्लाह दिने स्वार्थी समाजका केही अगुवा डाक्टरहरूप्रति व्यङ्ग्य गर्दै मरेकोलाई मारेका भन्दछन् । गोली लागेकोलाई गिद्धले खाएको भन्दछन । बलात्कारबाट रक्ताम्मे भएकी बालिकालाई जुकाले खाएको भन्दछन् । पााच महिनासम्मको गर्भलाई छैन भन्दछन्, भन्नु जस्ता तत्कालीन समयका डाक्टरहरूको चरित्रको व्यङ्ग्य उपन्यासमा आएको छ । त्यसै गरी उपन्यासमा अधौचोक नेपालगञ्ज, खसौली, जुम्ला, लमजुङ्ग, मनाङ्ग, मुस्ताङ, डोल्पा, बाग्लुङ्ग, स्याङ्ग्जा, गुल्मी पोखरा परिवेशको रूपमा आएका छन् । साथै उपन्यासले भष्ट व्यक्तिहरूले एशिया युरोपका विभिन्न देशमा सम्पत्ति लगेर राखेको देखिशितलपाटीमा जनताको बीचमा अञ्जू र श्रीले भाषण गर्दा पक्राउ खाएको कुरा त्यतिबेलाको राजनीति परिवेशका रूपमा आएको छ । तत्कालीन समयमा रहेको जातीय विभेद र वर्गीय विभेदलाई उपन्यासमा सामाजिक परिवेशमा राख्न सकिन्छ । यस्तै देशको पशुपतिनगरमा झौ पूर्वदेखि पश्चिम सीमा मिचिएका छ । जङ्गे स्तम्भ सारिएको छ । भिमशमशेरले बनाएको भिमनगर वीरशमशेरले बनाएको वीरपुर विदेशी भूमि बनाइएका छन् भन्दै राष्ट्र र राष्ट्रियताप्रति सबैलाई सचेत बनाउन खोज्नुलाई देशभक्तिपूर्ण मान्न सकिन्छ ।

## ४.३.६ भाषा

अञ्जूश्री उपन्यासमा एकै स्तरको भाषाको प्रयोग गरिएको पाइन्छ । यसैगरी पत्राात्मक शैलीलाई धेरै मात्रामा अवलम्वन गरिएको छ । जस्तै :

परम आदरणीय सर

नमस्कार

हजुरको स्नेहभरी प्रेरणा पत्र पाएं । हर्षको अव्यक्त अनुभव व्यक्त गर्न असमर्थ छु स्नेह स्वभाविक आत्मा र मनबाट उठेको भावना । न उमार्न सकिने न रोप्न (पृ. २८) । उपन्यासमा ठाउाठाउामा कविताको प्रयोग पनि गरिएको छ ।

सम्भmना न रात, न गते न बार ।

बेला न कुबेला कल्पना भएर आइरहन्छ ।

न कुनै देशको सीमाले बााध्न सक्छ ।

ऊ बतास भएर आउाछ । (पृ. ९)

प्रतीकात्मक शब्दको प्रयोग पनि गरिएको छ । उनको अनुहारमा बिहानी घामले प्रकाश रूपी लाली चढाइदियो (पृ. २) । आज बत्तीजस्ती उज्याली (पृ.१२), त्यस्तै उपन्यासमा प्रश्नवाचक वाक्यको प्रसस्त प्रयोग पाउन सकिन्छ । के सोधी राखेको ? के साथी ? तिम्रो जिम्मेवारी छैन (पृ.१९) । त्यस्तै उखान खिस्साको प्रयोग पनि गरिएको छ ।

‘ठूलालाई चैन सानालाई दमन ।’

‘जहाा होचो त्यहीा घोचो ।’

‘छाडा रूपले हुर्केका केटाहरू पातालो बनको खयर भmौ बाङ्गाटिङ्गा हुन्छन् ।’ आदि ।

उपन्यासलाई अगाडि बढाउने क्रममा अनुकरणात्मक शब्दहरू कऱ्याकमऱ्याक च्वाकच्वाक आदि प्रयोग गरिएको छ । गुल्मेली स्थानीय शब्दहरूको प्रयोगले अभिव्यक्तिमा मिठास थपेको छ । कलल्ल, नालगाडेको, लिच्छिप्पै इज्जत, तिर्खा, तख्तामा, चाक, रााड आदि । उपन्यासको ठाउाठाउामा बिम्ब प्रयोग हुनुका साथै संवादमा दैनिक बोलचालकै भाषाको प्रयोग पाइन्छ । साथै उपन्यासमा कवितात्मक भाषाले मिठास थपेको महसुस हुन्छ ।

## ४.४ आन्दोलन उपन्यासको विश्लेषण

आन्दोलन सूब सेनको अञ्जूश्रीदेखि आन्दोलनसम्म शीर्षकको पााच लघु उपन्यास सङ्ग्रहमा सङ्ग्रहित अन्तिम उपन्यास हो । देशमा शासन व्यवस्थाको परिवर्तनको चाहना

राखिएको उपन्यासलाई हेर्दा जम्मा ३६ पृष्ठ र १५ अध्यायमा टुङ्गिएको पाइन्छ । कुनै अध्याय १ त कुनै २, ३ लमाईसम्म संरचित छन् ।

### ४.४.१ कथानक

आन्दोलन उपन्यासको मुख्य नायक र नायिका पूर्व र पश्चिम रहेका छन् । कथानकको सुरूवात आकाशमा बादल लागेको पानी बर्षदै गरेको खोला नालाले गर्दा मान्छेको विचल्ली भएको अवस्थाबाट हुन्छ । पूर्व चारैतिर नाम चलेको समाजसेवी थियो । गाउामा आएको बाढी पीडित मान्छेका सुरक्षामा छिटो छरितो उद्धारमा लागेकी पश्चिमको शाहस र आाटका कारण पूर्वसाग राम्रो सम्बन्ध बढ्दै जान्छ । पूर्वले मनमनै सोच्न पुग्दछ । पश्चिमा आमा जातिकै नेतृत्व बन्नसक्ने भविष्य भएकी देख्दछ । समाजमा बालीप्रसादको धान बास्मतीप्रसादले लुटेपछि पश्चिमले कठालो समात्दै त्यो धान फिर्ता गराएबाट पूर्वमा झन पश्चिमप्रति विश्वास बढ्छ ।

यसै क्रममा एक दिन होटलमा भेट हुादा पश्चिमले पूर्वसाग आमा बन्ने माया माग्दा पूर्वले उत्तर दिदै भन्दछ, “हो तिमीलाई म माया गर्छु । पवित्र माया निश्चल, निष्कपट, निस्वार्थ माया गर्दछु । भन्दै दुनियामा सबभन्दा ठूलो हाम्रो देश प्रेम र देशभक्ति, त्यसलाई सेवा पुऱ्याउने माया मेरो माया तिमीलाई भन्दछ । यसपछि पूर्व ग्रामीण इलाकाको लागि निस्कन्छ । घुम्ने क्रममा गाउाको गरिब बिर्लाकोटीको घरमा बास बस्न पुग्दछ । तर बिर्लाकोटी क्षयरोगको उपचार गर्न नसकेको कारण त्यहीा सााझ मर्दछ । यस्तो बिडम्बना स्थिति देखेको पूर्व बिर्लाकोटीनी र छोरा छोरीलाई सम्झाउादै आाशुसमेत खसाल्न पुग्दछ । पछि उसकै अगुवामा बिर्लाकोटीका बालबच्चाको लागि सहयोग स्वरूप बाइस हजार दुई सय बाइस रूपैयाा जम्मा गरिदिनुका साथै श्रीदेवीको अध्यक्षतामा सात जनाको सहयोग समिति गठन गरिदिन्छ ।

यात्राको सिलसिलामा ऊ आफ्नो गन्तव्यमा लाग्दा पश्चिमसाग भेट हुन पुग्दछ । यसैबीचमा पश्चिमले पैसा माग्दै घर, घडेरी, गाडी किनिदिन अनुरोध गर्दा पूर्वले आफू समाज सेवा र अन्यायको विरूद्धमा लागेकोले पैसा नभएको बताउाछ । यहीा क्रममा पूर्व विरामी पर्दछ । उसको स्वास्थ्यमा तीन चारवटा रोग देखिन्छ । अस्पतालमा भर्ना भएको पूर्वले डाक्टरहरूको चरित्रप्रति व्यङ्ग्य गर्दै यसो भन्दछ, “दायाा कानको सल्यक्रिया गर्न अस्पताल गएको विरामीको बायाा कानको शल्यक्रिया गरिन्छ । अवुर्द रोगीलाई अल्सरको उपचार गरिन्छ । संसदका साला सालीको गर्भ तुहाउने र घुसाउने पनि गरिन्छ । क सुई दिनु पर्नेमा ख सुई दिइन्छ । क पर्नेमा ग औषधी दिइन्छ । उनीहरूले हेर्दा हेर्दै मान्छे मर्दछ तर उजुरी लाग्दैन ।” भन्दै डाक्टरको चरित्रको पर्दाफास गर्दछ । अस्पतालमा निको भएपछि उपचार खर्च आफूसाग भएको एक टुक्रा जग्गा बेचेर तिर्दछ । चुनावमा उम्मेदवार बनेको नेताको झूटो भाषणको भण्डाफोर गर्दै हिड्ने पूर्वलाई सम्पूर्ण जनताले साथ दिन्छन् । यस्तै देश सेवा जनसेवा गर्दै नेपालवादको स्थापनार्थ

मोर्चा बनाउादै र जनतालाई सावधान गराउादै भ्रष्ट, भाडा, सिल्लि, स्तरहीन, देशद्रोही, जनद्रोही कलङ्कहरूको विरोध गर्दै, आन्दोलन चर्किदै जान्छ । एकदिन राजधानी प्रवेश गर्दै छ भन्ने व्यापक चर्चा परिचर्चा चल्न थाल्दछ । राजधानीमा उनीहरू पूर्व पश्चिमले नेतृत्व गरेका जनता आएर नेपालवादको स्थापना भएको घोषणा गर्ने छन् । देशमा भ्रष्टाचारी सिल्ली शोषण दमनलाई हटाएर सामाजिक न्यायको स्थापना गर्ने छन् । राष्ट्रको ब्रह्माण्डमा सूर्यचन्द्र रहादासम्म आफ्नो स्वतन्त्र सार्वभौमसत्ता सम्पन्नस्तरमा आफ्नो सांस्कृतिक आफ्नोपन र पहिचानका साथ ज्यूादै रहनेछ भन्दै उपन्यासको कथानक अन्त्य हुन्छ ।

## ४.४.२ पात्र/चरित्र

आन्दोलन लघु कथानक भएको उपन्यास हुनाले यस उपन्यासमा पात्रहरू पनि न्यून सङ्ख्यामा रहेको पाइन्छ । प्रमुख पात्रको रूपमा पूर्व र पश्चिम छन भने अन्य गौण पात्रहरू पनि उपन्यासमा पाउन सकिन्छ ।

### (क) प्रमुख पात्रहरू

आन्दोलन लघु उपन्यासमा प्रमुख पात्रका रूपमा पूर्व र पश्चिम रहेका छन् । जसको विश्लेषण यस प्रकार रहेको छ :

## पूर्व

आन्दोलन उपन्यासमा मुख्य रूपमा दुई पात्रको भूमिका रहेको छ । यस उपन्यासको प्रमुख पात्रका रूपमा पूर्व आएको छ । खासगरी जनताको सेवा गर्न चाहने राष्ट्रिय भावना भएको अन्याय अत्याचार सहन गर्न नसक्ने पात्रको रूपमा उपस्थित भएको छ । पश्चिमले पैसा माग्दै जग्गा थप्ने घर बनाउने कुरा गर्दा, जनताको न्यायका लागि लडिरहेको लडाकु सिपाहीसाग पैसाको कुरा गरेर के गर्नु ? मेरो हत्या गर्नु मात्र हुन्छ भनेबाट धन सम्पत्तिको लोभ नभएको पात्र हो भन्ने स्पष्ट हुन्छ । नेताहरूले जनताप्रति दिने झूटा भाषणको भण्डाफोर गर्ने पूर्व जबसम्म हाम्रा शरीरमा तातो रातो रगत बहन्छ तबसम्म हामी हाम्रो देश र जनताको रक्षा गर्छौं । गुमेको भुभाग फिर्ता लिन्छौा । हाम्रो सीमा अक्षुण्ण राख्छौा । हाम्रो समाजमा जातिपाति, उच-नीच, भेदभाव, अन्याय, अत्याचार भ्रष्टाचार शोषण दमनलाई दवाएर सामाजिक न्यायको स्थापना गर्छौं भनेबाट ऊ देश भक्तिपात्र हो भन्न सकिन्छ । विदेशको हस्तक्षेप चाहदैन भन्ने भाव प्रष्ट हुन्छ । आन्दोलनको नेतृत्व गर्ने क्रममा पक्राउ पर्दछ । उपन्यासमा सुरूदेखि अन्त्यसम्म उसकै केन्द्रीयतामा कथानक अगाडि बढेको छ । अन्ततः आन्दोलनमा नेतृत्व गर्ने क्रममा पक्राउ  पर्दछ । जीवन चेतनाका आधारमा वर्गगत पात्र हो । प्रवृत्तिका आधारमा अनुकूल, स्वभावका आधारमा स्थिर, आसन्नताका आधारमा मञ्चीय, वद्ध चरित्रका रूपमा राख्न सकिन्छ ।

## पश्चिम

पश्चिम यस लघु उपन्यासकी प्रमुख नारी पात्रको रूपमा देखा पर्दछे । बाढीले डुबाएर आकुल व्याकुल बनेका मानिसलाई उद्धार गर्ने पात्र हो । यहीा मानवीय कार्य र शाहसी चरित्रका कारण पूर्वसाग चिनापरिचय हुन पुग्दछ । बास्मती भन्ने साहूले बालिप्रसादको धान लुटेको थाहा पाएर उसको कठालो समाती धान फिर्ता गर्न लगाउने पात्र हो । उपन्यासको मध्यतिर आउादा धन कमाउनुपर्छ, जग्गा घडेरी जोर्नुपर्छ भनी व्यक्तिवादी बन्न खोजेपनि पूर्वले सम्झाइ बुझाइ गरीसकेपछि उपन्यासको नायक पूर्वसागै आन्दोलनमा सहभागी भई अन्ततः पक्राउ पर्दछे । परिवर्तन र महिला अधिकारको बारेमा नेतृत्वदायी भूमिका खेल्ने पात्र हो । त्यसैले यसलाई जीवन चेतनाका आधारमा वर्गीय, स्वभावका आधारमा स्थिर, मञ्चीय, वद्ध पात्रका रूपमा राख्न सकिन्छ ।

### (ख) गौण पात्रहरू

आन्दोलन उपन्यासमा सामान्य भूमिका भएका पात्रहरूपनि रहेका छन् । जसलाई गौण पात्र भनिन्छ । नाम्टे कुमाल, किसे पचभैया, बाबु बिर्लाकोटी, भिल्के साहू, श्रीदेव, सनद मुराऊ, काम पचभैया, राम चमार, जिजी दमाई, खनी कुम्हाल, भीरू बाजेगरी, घिमिरे नेता, बालीप्रसाद, बास्मतीप्रसाद, विदुषी चरीले, किशा, निशा, चिशा आदि गौणपात्रहरू रहेका छन् ।

## ४.४.३ सारवस्तु/विचारतत्त्व

आन्दोलन उपन्यासमा पूर्व र पश्चिम दुबै आन्दोलित पात्र हुन् । उपन्यासमा खास त देशमा भष्टाचार बढेको, विकृति मौलाएको, नेताहरूले शिल्ली, झूटा भाषण गरी जनतालाई ठगेको तर गरीब निमुखा जनताले औषधी उपचार लगायत अन्य कुनै पनि सुविधा पाउन नसकेको शासकबाट पीडित हुनु परेको मातृभूमिमा विदेशी हस्तक्षेप बढेकोले युवाहरूको अगुवामा आन्दोलनबाट उन्मुक्तिको आशा गर्दै नेपालवादको स्थापना हुनुपर्छ भन्ने नै प्रस्तुत उपन्यासको सार रहेको छ । यहीा नै यसको बीज विचार तथा उद्देश्य पनि हो ।

उपन्यासमा पूर्व इमान्दार, निश्छल जनसेवी देखाइएको छ भने पश्चिम सुरूमा क्रान्तिकारी र बीचमा केही व्यक्तिवादी जस्तो देखिएपनि अन्ततः आन्दोलनको नेतृत्व गर्ने शाहसी नारी हो । पूर्व गाउा गाउामा गएर जनताको पीर मर्का बुझने गर्दछ अझ बुर्लाकोटी ब्राह्मण परिवारलाई ठूलो सहयोग गर्नुले र विरामीलाई लापरवाही गर्ने डाक्टरको व्यङ्ग्यदेखि नेपालवादको सिद्धान्त पूरा गर्न मोर्चा बनाएर हिड्नुले सम्पूर्ण नेपाली परिवर्तनमा लाग्नुपर्दछ । दबिएर, शोषित भएर बस्नुहुन्न भन्ने सन्देश दिएको छ । यसैगरी उपन्यासमार्फत विदेशी हस्तक्षेपबाट चुप लागेर बस्न नहुने कुराप्रति सचेत बनाइएको छ । आन्दोलनका नेता पूर्व र पश्चिमले काठमाडौा पसिसकेपछि जनतालाई सम्बोधन गर्दै भन्ने छन्, सम्पूर्ण युवाहरूलाई राष्ट्रनिर्माणमा लाग्ने आग्रह गर्दै अबदेखि हाम्रो मातृभूमि नेपालमा देश र जनपक्षीय राजनीति हुनेछ जसलाई 'नेपालवाद' अर्थात नेपालवादी प्रजातान्त्रिक राजनीति संचालन हुने भनी घोषणा गर्नेछन् भन्नु उपन्यासको विचार वा ध्येय रहेको पाइन्छ ।

## ४.४.४ दृष्टिविन्दु

उपन्यासमा कथयिताले कथावाचनका लागि उभिन वा बस्नलाई रोजेको ठाउा नै दृष्टिविन्दु हो । यसले कसले कथा भनेको छ र कसरी कथा भनिएको छ भन्ने कुरालाई बुझाउाछ । आन्दोलन उपन्यासमा सम्पूर्ण घट्ना क्रिया द्वन्द्वलाई बाहिर बसेर उपन्यासकार स्वयम्ले वर्णन गरेका छन् । कतै पात्र मार्फत सबै घट्ना प्रकृति चित्रण क्रियाकलाप संवाद

तथा पात्रको मानसिक उथलपुथलसमेत उपन्यासभन्दा बाहिर बसी वर्णन गरिएकोले यसमा तृतीयपुरुष दृष्टिविन्दु वा बाह्य दृष्टिविन्दु रहेको छ ।

### ४.४.५ परिवेश

आन्दोलन उघ्रु उपन्यासको परिवेश आकाशमा बादल मडारिएको, सिकोनदी लगायत बाढीले बस्ती डुबाउदै गरेको अवस्थामा पूर्व र पश्चिमले तत्परता देखाएर उद्धार गर्नु जस्ता प्रसङ्गहरू उपन्यासमा परिवेशका रूपमा आएका छन् । उपन्यासको मुख्य कार्यपीठिका बारेमा उल्लेख नगरिए पनि बाढी आउनु, नदी बढ्नु, डुबाउनु, आदि विषय आएकाले ग्रामीण परिवेश नै उपन्यासको मुल केन्द्र हो भन्न सकिन्छ । पूर्व देश र जनताको लागि तल्लिन हुनु र परिवर्तनको चाहना राख्दै दलहरूका नेताका झूटा भाषणको विरोध गर्नु तत्कालीन अवस्थाको राजनीति परिवेश पाउन सकिन्छ । खासगरी उपन्यासले तत्कालीन समयको राजनीति, आर्थिक, सामाजिक गतिविधीलाई चित्रण गर्न खोजेको छ, साथै शक्तिमा रहेको बेला चाप्लुसी र फटाहा प्रवृत्ति भएका मान्छेका शुभकामना बढी आउने शक्ति बाहिर हुादा त्यस्तो नहुने भन्दै तत्कालीन समयमा देखिएको यथार्थ मनोवृतिलाई उपन्यासमा औाल्याइएको छ ।

चुनावमा नेताले जनतालाई झुक्कयाएको देशका पढे लेखेका युवालाई विदेश पठाउन खोजेको, विदेशी हस्तक्षेप बढेकोप्रति उपन्यासमा पात्रका माध्यमबाट असन्तुष्टि जनाउादै नेपालवादको घोषणा गर्दै आन्दोलन अघि बढेको देखिन्छ । यो नै तत्कालीन समयको यथार्थताको परिवेश हो भन्न सकिन्छ । कालिक परिवेश हेर्दा पञ्चायतकाल पछिको बहुदलीय व्यवस्थाको समय मान्न सकिन्छ । उपन्यास ग्रामीण इलाकादेखि राजधानीसम्म फैलिएको पाइन्छ ।

### ४.४.६ भाषा

आन्दोलन नेपालवादको स्थापनार्थ लेखिएको उपन्यास भएकोले यस उपन्यासको भाषा पात्र अनुकूल प्रयोग गरिएको छ । खासगरी राष्ट्रप्रति समर्पित भाषाशैलीको प्रयोग पाइन्छ । जस्तै मातृभूमि- देश नेपाल र नेपाली जनता समष्टिरूपमा ‘राष्ट्र’ यो ब्रह्माण्डमा सूर्य चन्द्र रहादासम्म आफ्नो स्वतन्त्रता सार्वभौमसत्ता सम्पन्न स्तरमा आफ्नो संस्कृति आफ्नोपन र पहिचानका साथ ज्यूादै ज्यूादै रहने छ (पृ. १४४) । साथै उपन्यासमा गुल्मेली भाषिकाको प्रयोग पनि पाउन सकिन्छ । जस्तैः “कन्नोमा भारी टाउकोमा नाम्लो, नगरी बााच्न लेखेको छैन भाग्यमा ।” (पृ. १३३) । प्रतीकात्मक अर्थ दिने वाक्यको प्रयोग पनि गरिएको छ । नाडी हेरेर अवेल भइसकेको छ अब सुतौा यसका साथै ग्रामीण बोलचालका शब्दहरू प्रशस्त पाइन्छन् । पाखा-पखेरा, वेसी, खेतारा, गोठ आदि आदि । यस्तै उपन्यासमा तत्सम, तद्भव, आगन्तुक र

झर्रा नेपाली शब्दको प्रयोग गरिनुका साथै समग्रमा उपन्यासमा प्रयुक्त भाषा सरल, सहज, रहेको मान्न सकिन्छ । कतैकतै अपूर्ण पदावलीहरूको प्रयोग गरिएको छ । ........... कुरो मिल्दै गयो भने ......... । म पनि त एक्लै छु । उपन्यासमा ठाउा ठाउामा विभिन्न व्यङ्ग्य भाषाको प्रयोगले अझै मिठास थप्ने काम गरेको छ ।

## ४.५ जीवनशास्त्र उपन्यासको विश्लेषण

**अञ्जूश्रीदेखि आन्दोलनसम्म** पााच लघु उपन्यास सङ्ग्रहमा सङ्ग्रहित उपन्यासहरू मध्ये २० पृष्ठको छोटो उपन्यास हो । नायक जीवन र नायिका शास्त्र बीचको विवाह, प्रेम, यौन, समाजसेवा, व्यक्तित्व निर्माण जीवनका पछिल्लो चरणलाई उपन्यासमा प्रस्तुत गरिएको पाइन्छ । यो उपन्यासको कथानक पूर्वदीप्ति शैलीमा अगाडि बढेको छ ।

### ४.५.१ कथानक

जीवनशास्त्रको उपन्यासको कथानक उपन्यासको नायक जीवन सिधा सङ्लो व्यवहार भएको आदर्श गाउावासी थियो भन्नेबाट प्रारम्भ हुन्छ । ऊ पढ्नको लागि घरबाट टाढा बसेको बखत जशे दाइ भन्ने व्यक्ति चिठी लिएर ल्याउन आउाछ, चिठीमा घरमा आउनु विस्तार यहीा गरौाला भनी बाबाले लेख्नु भएकोले २०१४ सालमा जीवन जससागै घरतर्फ फर्कन्छ ।

जीवन घरमा आउादा त विवाहको निम्ति बोलाइएको थाहा हुन्छ । उसको विवाह गर्ने इच्छा नहुादा नहुादै पनि बुबा आमाको करले तेह्र नाल बन्दुक पड्काएर विवाह गरिदिन्छन् । यसपछि ऊ पुर्न पढाइामा लाग्न थाल्दछ । पढाइा सकेपछि मानिसलाई सच्चा जीवनशास्त्र सिकाउने अभिभारा आफ्नो सम्झिन्छ र त्यसैअनुसार कार्यक्रम अघि बढाउादै लैजान्छ । यस्तै सामाजिक काम गर्दै जाादा जीवन शहरमा बेपत्ता हुन्छ । शहरबाट आएको रत्नलाई चौतारामा देबदलले भेट्छ र शहरको हालखबर सोध्दछ । रत्नले शहरको खबर बताउने क्रममा जीवनलाई भेटेको ऊ दाह्रीजुागा पालेर कपालले ढपक्कै ढाकेको आधा फुलेको साधु र महात्मा जस्तो भएको धर्मशालामा बसेर समाज सेवाको प्रवचन दिने गरेको बताउाछ । महान कर्तव्य पालन गर्नका लागि हरेक व्यक्ति शारीरिक र मानसिक दुवै रूपमा स्वस्थ हुनुपर्छ । घर परिवार परिवेश, वातावरण, व्यवहार विवेक र ज्ञानको सही उपयोगले मानिसलाई स्वस्थ बनाउाछ । त्यस्तै हरेक व्यक्ति संयोगशास्त्र र यस अन्तर्गत पारिवारिक जीवनशैली र व्यवहारबारे बचनदेखि नै पढी सिकी जानकार बन्नुपर्दछ भन्ने कुरा प्रवचनमा गरेको जस्ता कुरा बताउादै, अघि थप्दछ, जीवनलाई आफूले बिहान एक्लै गएर भेटेको जीवनले शास्त्रसाग यौन र चुम्बन गर्दा भागेर माइत गएकी सुत्केरी भएपछि यौनसम्पर्क गर्न जादा शास्त्र उदासिन भएकी शास्त्रको योनीबाट सेतो बगेको अनुहारमा चाया बसेको, यौनसम्पर्क गर्न खोज्दा उसले गाह्रो

भयो भनी बताएको, दुवैबीच छलफलपछि तानसेन भुसाल डााडामा औषधी गर्न शास्त्रलाई लगेर गएको र औषधी उपचारपश्चात् शास्त्रलाई ठिक भएको कुरा सुनाउाछ । शास्त्रसाग बस्दै आएकोसमय लेख पढमै बिताएको पढ्नको लागि राती धेरै अबेलासम्म बस्ने हुादा शास्त्रले शरीरको ख्याल राख्न भनेकोले लेख्न पढ्न छाडेको दशैको समयमा शास्त्र माइत गएको बेला फेरी लेख्न पढ्न थालेको, माइतबाट ल्याएका सेलरोटी थपी थपी खाएको पहिला पहिला बाहिर घुम्न मन पराउने शास्त्र पछि त्यसो गर्न छोडेकी मिठो चोखो पाकेको बेला कागले भैा बााडीचुडी खाऊा भन्थी । गोरू बेचेको साइनो लगाएर घर गाउातिरका आए भने कर लगाएर मिठाइ केक खुवाउाथी । विद्यालयबाट फर्कने छोराछोरीलाई पनि राख्दैनथी । शास्त्र मनकारी ठूलो हात, ठूलो मनकी भएकी ग्रामीण मित्रजनसाग बढी घुलमेल बढाउने, घरमा बसेका कामदारलाई राम्ररी खाना खुवाउने बजार गइ भने आधा भ्fोला किन्न नजान्ने, आधा भाााडो पकाउादै नपकाउने जसले गर्दा घरको आर्थिक अवस्था बिक्रदै गएको आफन्तहरू खाउन्जेल वरवर खाइसकेपछि परपर भएकोले समाजसेवामा हिडेको र पाल्पा श्रीनगरमा मानवसेवाको विकसित रूपमा प्रस्तुत हुन जीवनशास्त्रलाई जिन्दगीको व्यवहारमा प्रयोग गर्नुपर्छ तबमात्र सबेको लागि सफल आदरणीय र मान्यवर व्यक्तित्व बन्न सक्छ भन्ने उद्देश्यले 'जीवनशास्त्र विद्यालय' खोलेको, जसले जनतालाई चेतना प्रवाह गर्न लागेको, आफूले देखेको सुनेको कुरा रत्नले देवदललाई बताएको, बोलीसकेपछि आफ्नो बाटो लागेको कुरा उपन्यासमा प्रस्तुत गरिएको छ । यसरी उपन्यासको शीर्षकै सार्थक बन्दै विभिन्न घट्ना क्रमहरूलाई अगाडि बढाइएको पाइन्छ ।

## ४.५.२ पात्र/चरित्र

जीवनशास्त्र लघु उपन्यास सानो आकारको भएकोले पात्रहरू कम मात्रामा रहेको पाइन्छ । जीवन केटो मान्छे शास्त्र केटी मान्छे दुवैको संयुक्त नामबाट शीर्षक छनोट गरिएको छ ।

### (क) प्रमुख पात्रहरू

जीवनशास्त्र लघु उपन्यासमा मुख्यतः जीवन र शास्त्र गरी दुई जना प्रमुख पात्रहरू रहेको पाइन्छ । उनीहरूकै केन्द्रीयतामा कथानक विकसित भएको छ ।

### जीवन

जीवन जीवनशास्त्र लघु उपन्यासको प्रमुख पुरुषमात्र हो । पढ्नको लागि घरबाट टाढा बसेको भएपनि पछि आफ्नो अनिच्छा हुादाहुादै घरका अभिभावकले विवाह गर्न बाध्य बनाएर विवाह गरेको पात्र हो । विवाह पश्चात पढाईतिर अग्रसर हुादै सामाजिक सेवामा लाग्ने गर्दछ । घरबाट टाढा शहरमा वेपत्ता भई दाह्री जुागा कपाल पालेर साधुजस्तो महात्मा भएर समाजमा

प्रवचन दिने पात्र हो । रत्नसाग भेट हुादै शास्त्रसागको यौन चुम्बन, सम्भोगका अनुभव सुनाउादै शास्त्रको यौन पीडाको उपचार गर्न तानसेन भुसाल डााडामा लगेर असल श्रीमान्को कर्तव्य पूरा गरेको छ । पछिल्लो समयमा पालपा श्रीनगरमा जीवनशास्त्र कलेज खोलेर शिक्षाको प्रचार र चेतना प्रवाह गर्ने जेहेन्दार साहित्यिक व्यक्तित्व रूपमा उभिएको छ । उपन्यासको कथानक जीवन र शास्त्रमा नै केन्द्रित भइ घुमेको पाइन्छ । यस उपन्यासमा स्वभावका आधारमा स्थिर, कार्यका आधारमा प्रमुख, आसन्नताका आधारमा मञ्चीय, वद्ध पात्रका रूपमा चित्रण गर्न सकिन्छ ।

## शास्त्र

जीवनशास्त्र उपन्यासकी प्रमुख नारी पात्र हो । जीवनकी जीवन संगीनी हुन पुगेकी शास्त्र एउटा बच्चाकी आमा भएपछि योनीबाट सेतो पानी बग्न थालेको, यौनसम्पर्क गर्दा पीडा हुने जस्ता कुरा आफ्नो श्रीमान्लाई राख्दा उपचार पाएकी छ । श्रीमान् राती अबेरसम्म पढेर बस्दा शरीरको ख्याल गर्न अनुरोध गर्न लगाउनेदेखि श्रीमान् बेपत्ता हुादासम्म विचल्ली हुादैन । साथै उपन्यासको पछिल्लो चरणमा मनकारी हुादै मिठो चोखो बााडीचुाडी खाने गरिब निमुखा कामदारलाई खाना खुवाउने आफन्त र मन परेका व्यक्तिलाई मनपरि बााड्ने जस्ता मानवीय गुण शास्त्रमा रहेको पाइन्छ । शास्त्रलाई स्थिर, मञ्चीय, वद्ध चरित्रको रूपमा राख्न सकिन्छ ।

## (ख) सहायक पात्रहरू

जीवनशास्त्र उपन्यासमा सहायक पात्रको भूमिकाको रूपमा रत्न र देवदल रहेको पाइन्छ ।

## रत्न

**जीवनशास्त्र** उपन्यासको सहायक पुरुष पात्र हो । शहरमा रहादा जीवनसाग भेट भएको र जीवनले आफूलाई शास्त्रसागका पारिवारिक र यौन सम्बन्धी सम्पूर्ण कुरा बताएको कुरा गाउामा फर्केपछि देवदललाई सुनाउने गर्दछ । जीवनसाग भएगरेका सम्पूर्ण कुरा बेलीविस्तार गरेको पाइन्छ । त्यसैले यो स्थिर, मञ्चीय, वद्ध चरित्रको पात्र हो ।

**देवदल**

देवदल जीवनशास्त्र उपन्यासको सहायक पुरुष पात्र हो ।जेठको गरम मध्यान्हमा पसिनै पसिना हुादै पीपलको छहारी मुनि बास्दै रत्नलाई शहरतिरको हालखवर सोध्दछ । जीवनको बारेमा जिज्ञासा राख्दै जान्छ । रत्नले देवदललाई शहरतिरको हालखवर बताउादै जीवनलाई पनि भेटेको दाह्री जुगा कपालले ढपक्कै ढाकेको आधा फुलेको साधुबाबाजी भएको भन्ने जस्ता सम्पूर्ण घटनाहरू सुनाउाछ । यसले उपन्यास विकासमा केही महत्वपूर्ण भूमिका खेलेको छ । उपन्यासमा यसलाई अनुकूल, स्थिर मञ्चीय, बद्ध पात्रको रूपमा राख्न सकिन्छ ।

### (ग) गौण पात्रहरू

जीवनशास्त्र उपन्यासमा थोरै मात्र गौणपात्रहरू रहेको पाइन्छ । जस्तैः आमा, जशेदाइ, घिमिरे, दाजुभाइ, दिदीबहिनी आदि गौणपात्रको भूमिकामा आएका छन् । उपन्यासमा यिनीहरूको सामान्य भूमिका रहेको छ ।

## ४.५.३ सारवस्तु/विचारतत्त्व

जीवनशास्त्र लघुउपन्यासको सार भनेको सामाजिक सेवा, जीवनचेतना, यौनशिक्षा र दर्शन जस्ता कुराबाट समाजलाई शिक्षित र दिक्षित गर्नु रहेको छ ।

उपन्यासमा जीवन जस्ता व्यक्तिको लगनशीलतालाई देखाउन खोजिएको छ । यस्तै समाजसेवी व्यक्तिबाट मात्र समाजमा परिवर्तन हुन सक्छ भन्ने विचार उपन्यासमा रहेको छ । साथै शास्त्र जुन यौन समस्याबाट गुज्रिनु परेको छ, यस्ता शारीरिक समस्याबाट नेपालका ग्रामीण इलाकामा कैयौा महिलाहरू पिडीत रहेको कुरा उपन्यासका माध्यमबाट झल्कन पुगेको पाइन्छ । श्रीमतीको उपचारदेखि अन्ततः शिक्षाको उद्देश्य र समाजसेवाको भावना राखि जीवनशास्त्र विद्यालय जीवनबाट खोलिएबाट सम्पूर्ण नेपालीलाई यसैगरी कर्तव्य बोध गर्नुपर्छ भन्ने शिक्षा उपन्यासबाट प्रस्तुत भएको छ ।

समग्रमा उपन्यासको माध्यमबाट यौनशिक्षाको प्रचार, दाम्पत्य जीवनको अर्थ, समाजसेवाको भावना र नैतिक जीवन वा जीवन आदर्श उजागर गर्न खोज्नु उपन्यासको उद्देश्य रहेको छ ।

## ४.५.४ दृष्टिविन्दु

सूब सेनका उपन्यासहरूमा मूलतः तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको पाइन्छ । प्रस्तुत उपन्यासमा पनि समख्याता कम द्रष्टाको रूपमा आएको भएपनि तृतीय पुरुष

दृष्टिविन्दुको प्रयोग गरी लेखिएको छ । जीवनशास्त्रमा समख्याताले कहिले जीवन को त कहिले शास्त्र र रत्नको घट्ना र कुराहरू सिलसिलावार रूपमा प्रस्तुत गरेको हुादा बाह्य दृष्टिविन्दुको प्रयोग गरिएको पाइन्छ । उपन्यासकार उपन्यासमा घटित घट्नालाई आफू प्रत्यक्षदर्शी अर्थात सर्वदर्शी भएर ऊ वा त्यो अर्थात पात्रको नामबाट संबोधित गरी घट्नाको वर्णन गर्दछन् । उपन्यासको प्रमुख पात्रहरू जीवन र शास्त्र उनीहरूको सेरोफेरोमा घटेका हरेक घट्नामा सर्वज्ञाता लेखक स्वयम् छ ।

### ४.५.५ परिवेश

जीवनशास्त्र लघु उपन्यासको कालिक समय वि.सं २०१४ साललाई बताइएको छ । जुन समयमा शिक्षाको चेतना त्यति विस्तार भइसकेको थिएन । साथै उपन्यासमा कमल जतिसुकै राम्रो फुले पनि आधार हिलो भए झै उसको पृष्ठभूमि त्यहीा गाउा थियो भन्नुले ग्रामीण परिवेशबाट उपन्यासको उठान भएको पाउन सकिन्छ ।

उपन्यासको परिवेशका रूपमा जीवन शहरमा पढ्न गएको बेपत्ता भएको धर्मशालामा साधु बनेको जस्ता प्रसङ्ग आएकाले शहरको वातावरणलाई पनि छोएको स्पष्ट हुन्छ । त्यस्तै शास्त्रको उपचार गर्न जीवन पाल्पा तानसेनको भुसालडााडा गएको किरातेश्वरको दर्शन गर्न गएको जस्ता परिवेश पनि उपन्यासमा आएको देखिन्छ । तत्कालीन समयमा चलन अनुरूप केटाकेटी अवस्थामा नै विवाह गर्नुपर्ने हुादा श्रीमान् श्रीमती लामो समयसम्म खुलेर बोल्न नसक्ने सन्दर्भहरू त्यस समयको सामाजिक परिवेशको रूपमा उपन्यासमा आएको पाइन्छ । पछि छोराछोरी लगेर घुम्न जीवन र शास्त्र पोखरासम्म गएको कुरा पनि उपन्यासमा आएको छ । पछिल्लो समय समाजमा लेख्ने पढ्ने जनचेतना आउन थालेपछि पाल्पामा जीवनशास्त्र विद्यालय खोलिएको सन्दर्भ त्यस समाजको परिवेशको रूपमा आएको मान्न सकिन्छ ।

### ४.५.६ भाषा

जीवनशास्त्र निम्नवर्गीय र ग्रामीण परिवेशलाई केन्द्र बनाई लेखिएको उपन्यास हो । जीवनका विभिन्न पक्षमा प्रयोग भएका भाषालाई यथार्थ रूपमा टिपिएको छ । कथानकलाई कलात्मक बनाउन उखान टुक्काको प्रयोग पनि पाइन्छ । जस्तै

सर परे औषधी बिसर परे विष ।

कच्चा वैद्यको मात्रा यमपुरीको यात्रा । (पृ. ९८)

खाउन्जेल वरवर खाइसकेपछि परपर (पृ. १०५)

उपन्यासमा कतै कतै आफ्नै साथीहरूबीच औपचारिक सम्बोधन र संवादको प्रयोग गरिएको छ । साथै उपन्यासको बीचबीचमा पाठकलाई आनन्द प्रदान गर्ने खाले वीर रसको कविता पनि आएको पाइन्छ ।

आफ्नी आमाको बहादुर छोरो,
आमा र आमाका सन्तानका लागि
लड्ने बहादुर छोरो । (पृ. १००)

उपन्यासमा महिलाको शारीरिक पीडालाई अवगत गराउदै सटिक, सरल र उदाङ्ग शैलीको प्रयोग बढी मात्रामा पाउन सकिन्छ । जस्तैः किन खेल्नुपऱ्यो …………? यहाा मलाई दुःखेर कस्तो …………… । सेतो बगिरहन्छ । दुखेर सेतो बग्छ …………. ? कतै कतै विम्बको प्रयोग पनि पाइन्छ । साथै उपन्यासको शैली वर्णनात्मक र केही संस्मरणात्मक छ । समग्रमा भाषाशैली सरल, रोचक र स्पष्ट भएकोले सामान्य पाठकले पनि बुझ्न सक्ने छ ।

## ४.६ वीरसिक्का उपन्यासको विश्लेषण

वीरसिक्का १७ पृष्ठमा संरचित लघु उपन्यास हो । मूलतः महिलाको यौनअतृप्ति र अज्ञानताले समाजमा निम्ताएको जघन्य अपराधलाई उल्लेख गर्दै त्यसप्रति सचेत रहनुपर्छ भन्ने सन्देश दिन खोज्नु उपन्यासको मुख्य सार रहेको छ ।

### ४.६.१ कथानक

उपन्यासको कथानक वीर र सिक्का पुरुष नारी पात्रबाट सुरू हुन्छ । उनीहरू आर्दश दम्पत्ति हुन्, एक छोरा र एक छोरीका अभिभावकसमेत बनेका यी जोडीलाई देखेर वरपर छरछिमेकका चर्चा चल्ने गर्दछ । वीरसिक्काको जस्तो प्रेम हुनु पो प्रेम प्रारम्भिक दिनहरूमा परिवार सुखी देखिन्छ । उपन्यासमा तेस्रो परिच्छेदमा पुग्दा यो आदरणीय दम्पत्तिको जीवनमा धमिरो लाग्न सुरू हुन्छ । सिक्काले एकाएक घर परिवार त्यागेर हिड्छे र सुखी परिवार भताभुङ्ग लथालिङ्ग हुन पुग्दछ । केही समयको अन्तरालपछि वीरलाई सिक्काको चिठी आउाछ । दुर्भाग्य दशा र अज्ञानताले सिर्जना गरेका मेरा गल्तीलाई माफ गरेर घरमा आउन आज्ञा पाउा । जीन्दगीभरी आफ्नो वीर श्रीरामको पाउामा सच्चा सेविका भएर छोरा छोरीको स्याहार सम्भार गरेर बस्ने छु । साथसाथै सिक्काको शिक्षकले सुनाउाछ उसलाई शहरमा भेटेको दुब्ली पातली सिगार पटार केही नगरेकी जुङ्रूङ्ग, कपाल उदाङ्ग, अनुहार फाटेको अवस्थाकी भन्ने ।

चौथो परिच्छेदमा पुग्दा सिक्काको घरमा आगमन हुन्छ । घर परिवारले सहज स्वीकार्दछ । समाजमा कुरा काटेपनि कसैले भन्ने गर्दथे, छोराछोरीलाई आमा नै ठूलो, यसरी प्रारम्भिक अवस्थामा फर्किन पुगेको उनीहरूको परिवार छैटौ परिच्छेदमा पुगेपछि यो अवस्था

क्षणिक हुन पुग्दछ । कथानकले दुःखदायी मोड लिन्छ । सिक्का न्यायको कठघेरामा उभिन्छे र पति वीरको हत्या स्वीकार्दै भन्दछे वीरले गोमे तेरो पोइ हो । रण्डी नाठा खेलाउाछेस भनी भनेको रिसमा गोमेसित मिलि, रक्सीको आवेगमा श्रीमान्को हत्या गरेर नदीमा लगि बगाएको बताउादै हत्याको कारण यसरी ओकल्दछे, वीरले आफूलाई नसोधी नसाबन्द गराएको र बितलपरि नपुसंक हुन पुगेको फलस्वरूप २९ वर्षको उमेरसम्म पारिवारिक जीवन सुखी रहेपनि नसाबन्द पछि यौनकुण्ठा मेटाउन सक्षम नभएको धेरै प्रयाशबाट उसलाई उत्तेजित पार्न खोजेपनि आफू उत्तेजित बन्दै गर्दा ऊ शिथिल हुादै जाादा हानौा की चिथरौ की, टोकौ की, मारौा कि जस्तो हुने गरेको, मन शान्त पार्न विदेशी एक जना शिक्षकसाग पढ्न थालेको पछि त्यहीा शिक्षकबाट एक जना युवक साझेदारीमा व्यवसाय गर्न पठाइदिएको र फेन्सीस्टोरसम्म खोलेको यसै क्रममा दिदी भाइको नाता लगाउादै तिहारमासमेत टिका लगाएको र पछि त्यहीा पार्टनर गुप्ता भैयासाग बारम्बार यौनसंसर्ग हुन पुग्दा समाजको डरले भाग्न बाध्य हुन्छन् । पछि जागिर खान बम्बैतिर लागेको त्यो युवकको खै खबर आउादैन । उता सिक्कालाई श्रीमान् र छोराछोरीको यादले सताउन थाल्दछ । यसरी घरमा चिठी पठाएको केही समयपछि फर्केकी सिक्का समयको गतिसागै यौन असन्तुष्टिको उन्मादले सताईएकी हुन्छे । त्यसैक्रममा सन्तुष्टि पूरा गर्न गोमे देखा पर्दछ । सिक्काको यस्तो व्यवहार बारम्बार वीरले सहन सक्दैन । फलस्वरूप सिक्का र गोमे मिलेर उसको ज्यान नै लिन्छन् । सिक्कालाई न्यायलयले २० वर्षको कैद सजाय सुनाउाछ ।

प्रस्तुत उपन्यासमा यौनअतृप्तिले नारीमा उत्पन्न हुने मानसिक तनाव यौनइच्छा पूरा नहुादा उसलाई अपराध, हत्यारा बनाउनेसम्मको स्थितिलाई प्रस्तुत गरिएको छ । यसरी उपन्यासको अन्त्यमा नसाबन्द गर्ने डाक्टरको गल्ती हो वा वीरको वा सिक्का वा गोमेको अर्थात प्राकृतिक नियम र सामाजिक परिवेश कसको यस्तै प्रश्न राख्दै उपन्यासको कथानक अन्त्य हुन्छ ।

## ४.६.२ पात्र/चरित्र

**वीरसिक्का** लघु उपन्यासमा कम पात्रको प्रयोग गरिएको छ । मुख्य पात्रका रूपमा वीर र सिक्का रहेपनि सहायक पात्रका रूपमा गोमे, विदेशी शिक्षक, गुप्ता भैया रहेका छन् भने गौण पात्रका रूपमा आमा, गीता, छोराछोरी, प्रहरी, वकिल, डाक्टर, भाइ आदि छन् ।

### (क) प्रमुख पात्रहरू

प्रस्तुत वीरसिक्का उपन्यासमा प्रमुख पात्रका रूपमा वीर र सिक्का रहेका छन् । जसलाई निम्नानुसार विश्लेषण गर्न सकिन्छ :

### वीर

वीर **'वीरसिक्का'** उपन्यासको प्रमुख पुरुष पात्र हो । मध्यवर्गीय परिवारमा जन्मिएको एउटा पीडित पात्र देखिन्छ । वीर जागिरे पनि छ । उसको सुरूका दिनहरू सुखी परिवारका रूपमा बितेपनि जब परिवार नियोजनको टोली आएको बेला नसाबन्द गर्दा सधैका लागि नपुंसक हुन पुग्दछ । त्यहीा कारणले उसको यौनसंसर्ग क्षमतामा ह्रास हुन थाल्दछ । श्रीमती सिक्कालाई यौन आनन्द र सन्तुष्टि दिन नसक्दा श्रीमती परपुरुषसाग रसरङ्गमा लाग्नुका साथै अन्ततः सिक्काले गोमेको सहयोग लिएर मार्न पुग्दछे । यसबाट के भन्न सकिन्छ भने वीर नियतीले ठगिएको पिडीत पात्र हो । प्रवृत्तिका आधारमा अनुकूल, स्वभावका आधारमा स्थिर, आसन्नताका आधार मञ्चीय, वद्ध चरित्र हो । उपन्यासको कथानक वीर र सिक्काको केन्द्रीयतामा घुमिरहेको छ ।

### सिक्का

सिक्का **वीरसिक्का** उपन्यासकी प्रमुख नारी पात्र हो । प्रारम्भमा परिवारसाग हाासी खुसीका साथ बसेपनि श्रीमान् नपुंसक बनेपछि यौनचाहना पूरा हुन नसक्दा अन्य पुरुषसाग यौनसंसर्ग गरी आनन्द प्राप्त गर्ने चरित्र उसमा रहेको छ । वीर उत्तेजित बन्न नसक्दा कहिले कोपर्ने, कैले छटपटाउने चिच्याउने गर्दछे । परिवार छोरा छोरीको माया हुादा हुादै विभिन्न पुरुषहरूसाग लाग्दै यौन प्यास मेटाउन पुग्दछे । यसैक्रममा श्रीमान्को भनाइलाई सहन नसकेर अन्त्यमा गोमेसाग मिलेर श्रीमान् वीरकोसमेत हत्या गर्ने एक क्रुर पात्र हो । सिक्काले यौनचाहना पूर्ति गर्न नै यस्तो क्रुर अपराधी र हत्यारासम्म बनेको देखिन्छ । उपन्यासकी प्रमुख नारी भूमिका रहेकी स्थिर पात्र हो । उपन्यासमा यसको उपस्थित मञ्चीय, वद्ध पात्रका रूपमा रहेको छ ।

### (ख) सहयाक पात्रहरू

यस उपन्यासमा कथानक लाई अगाडि बढाउने क्रममा सहायक पात्रका रूपमा विदेशि शिक्षक, गुप्ता भैया, गोमे आएका छन्, जसको चरित्र चित्रण निम्नानुसार रहेको छ :

### विदेशी शिक्षक

उपन्यासमा विदेशी शिक्षक नाम दिइएको यो पात्र सहायक भूमिकामा रहेको छ । खास गरी पढाउने काम गर्ने भएकोले सिक्कालाई पढाउने गर्दछ । पछि एक जना गुप्ताभैया भन्ने युवकलाई सिक्कासाग मिलेर व्यापार व्यवसाय गर्न पठाउाछ । यस उपन्यासमा ऊ स्थिर, मञ्चीय र वद्ध चरित्रका रूपमा उभिएको छ ।

### गुप्ता भैया

विदेशी शिक्षकले सिक्कासाग साझेदारीमा व्यापार गर्नको लागि पठाएको युवक हो । सिक्का र गुप्ता भैयाले साझेदारीमा फेन्सी स्टोर्स खोल्दै दिदी भाइको नाता गाास्न पुग्दछन् । साथै उसले सिक्काबाट तिहारमा टिकासमेत लगाउाछ । तर विस्तारै सिक्कासाग यौनसंसर्ग लिप्त हुन थालेको छरछिमेकमा हल्ला चलेपछि सिक्कालाई भगाएर लग्दछ, पछि बम्बईतिर जागिर खोज्न हिडेको भैया सिक्कालाई वास्तै गर्दैन । त्यसैले गुप्ता भैया स्वार्थी, दया नभएको घृणीत पात्र हो । प्रवृत्तिका आधार प्रतिकूल, आसन्नताका आधारमा मञ्चीय, स्वभावको आधारमा स्थिर, वद्ध पात्रका रूपमा राख्न सकिन्छ ।

### गोमे

**वीरसिक्का** उपन्यासको सहायक पुरुष पात्र हो । बारम्बार सिक्कासाग यौनसम्पर्क गर्दछ । सिक्काको छिमेकी पात्र पनि हो । अन्त्यमा वीरको हत्यामा संलग्न हुादै भाग्दछ । त्यसैले यो खलपात्र हो । यसलाई प्रतिकूल, स्थिर, मञ्चीय, वद्ध पात्रका रूपमा राख्न सकिन्छ ।

### (ग) गौण पात्रहरू

**वीरसिक्का** उपन्यासमा सामान्य भूमिका भएका पात्रका रूपमा गौणपात्रलाई लिन सकिन्छ । जस्तै जीता, आमा, छोराछोरी, प्रहरी, डाक्टर, भाइ आदि । यि पात्रहरूको भूमिका उपन्यासमा सामान्य भएर आएको छ ।

## ४.६.३ सारवस्तु/विचारतत्त्व

वीरसिक्का उपन्यासको सार यौनशिक्षामूलक चेतना फैलाउनु र समाजलाई अज्ञानताबाट मुक्त गर्नु रहेको छ । साथै नसाबन्द गर्दा सधैंको लागि नपुंसक बनाइदिने डाक्टरको चरित्रलाई सचेत बनाउन खोज्नु प्रस्तुत उपन्यासको मूल उद्देश्य तथा बीज हो भन्न सकिन्छ ।

उपन्यासमा वीर र सिक्का प्रारम्भका दिनहरूमा उदाहरणीय रूपमा देखा परेपनि अन्ततः दुःखपूर्ण स्थिति देखा पर्न गएको छ । यसको मूलकारण यौन अतृप्ति नै हो । परिवार नियोजनका टोलीसाग नसाबन्द गर्न गएको वीर सधैको लागि नपुंसक भएपछि सिक्काले यौनतृप्ति पूरा गर्न सक्दिना । सिक्काले यौनसम्पर्कको समयमा श्रीमान् वीरलाई उत्तेजित पार्न खोज्दा ऊ शिथिल हुने गर्दछ । यस्तो अवस्थामा रोएर आाशु झारेर उत्तेजना र आक्रोशलाई मन बहलाउन कहिले पढ्न थाल्दछे त कहिले व्यापार गर्न तर पनि यौनअतृप्ति बढ्दै जान थाल्दछ । फलस्वरूप विभिन्न व्यक्तिसाग यौनसंसर्ग गर्न पुग्दछे । अन्त्यत छिमेकी गोमेसाग मिलेर श्रीमान् वीरको हत्या गर्दछे ।

प्रस्तुत उपन्यासले महिलाको यौन चाहना पूरा नहुादा अपराधी र क्रुरसम्म बनाएको घट्नालाई देखाउनु र नसाबन्द गर्न जाादा नपुसंक बनाउने डाक्टरप्रति व्यङ्ग्य गर्दै यस्ता घट्नाबाट सबैलाई सधैका लागि सचेत बनाउन खोज्नु नै उपन्यासको विचार रहेको छ ।

## ४.६.४ दृष्टिविन्दु

सूब सेनका उपन्यासहरूमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको पाइन्छ ।त्यस्तै यस वीरसिक्का उपन्यासमा समख्यान स्वयम् उपन्यासकार नै हुन् । उपन्यासमा बाहिर बसेर पात्रहरूका मनका विचरण गर्दै र सोहीअनुसारको परिवेशको पनि व्याख्या गर्ने काम गरेको हुनाले तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । समख्याता स्वयम् भोक्ताको रूपमा नभई द्रष्टाको रूपमा सीमित छ । उसले पात्रका सबै क्रियाकलापहरूको वर्णन गर्दछ । पात्रहरूको बारेमा सबै जानकार देखिएकोले तृतीय पुरुष सर्वज्ञ दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

## ४.६.५ परिवेश

वीरसिक्का लघु उपन्यासको परिवेश कालिक समय विसं. २०२९ सालमा परिवार नियोजनको टोली गएबाट भएको छ । उपन्यासमा बूढी आमा, तीन छोराछोरी लिएर जीताकहाा डेरा गर्न आएबाट शहरिया परिवेश थियो भन्न सकिन्छ । उपन्यासमा खास ठाउाको बारेमा जानकारी गराइएको नभएपनि चुहुने प्वाल टाल्न मट्टितेलको चुल्हो हातमा झुण्डाएर उनी बजारतिर गए र विजुलीमा पनि अनुशासन छैन, भन्नुले शहरी परिवेशको झल्को दिन्छ। त्यस्तै वीर जागिरे भएकोले उनीहरूको परिवार मध्यम खालको थियो भन्ने प्रस्ट हुन्छ । साथै उपन्यासको सेरोफेरो नेपालभित्र मात्र होइन, बम्बईसम्म पुगेको पाइन्छ । त्यसै गरी तत्कालीन समयको महिलाको यौनअतृप्ति र अज्ञानतालाई उजागर गर्नु सामाजिक परिवेश हो । यस कारण उपन्यासमा यौन शिक्षाका बारेमा समाजको चेतना भइनसकेको समय हो भन्न सकिन्छ । उपन्यासको परिवेश मुख्यत त्यस समयको डाक्टरको चरित्रमाथि पनि उद्धत रहेको छ । परिवार

नियोजनको टोली आएको समय नसाबन्द गर्न गएको वीर सधैंको लागि नपुंसक बन्दछ । फलस्वरूप श्रीमतीबाटै मारिनुपर्छ । यसरी डाक्टरको लापरवाही चरित्र त्यसबेलाको व्यङ्ग्य परिवेशको रूपमा आएको छ ।

### ४.६.६ भाषा

वीरसिक्का उपन्यास सरल, सहज आकर्षक भाषा प्रयोग गरी लेखिएको उपन्यास हो । यस उपन्यासमा उखान किस्साको प्रयोग पनि प्रयाप्त गरिएको छ । जस्तैः

'छोडी गएकी जोई घर भित्रिई, छोडिएको पोइ बाहिर निस्कियो ।'

'चल्ला भएको थाहा पाएपछि, चिल घुमिरहन्छ ।'

'एक चोटी भत्केको बारबाट गाई पस्न सजिलो हुन्छ ।'

'जसको सुनखोटी उसको हिया ढुकढुक, आदि ।'

यसैगरी उपन्यासमा प्रश्नवाचक वाक्यको प्रशस्त प्रयोग पाइन्छ । जस्तैः किन ? के गर्छ ? छोडी होइन ? साथै उपन्यासमा ठाउा ठाउामा प्रतीकात्मक शब्दको प्रयोग पनि गरिएको छ । शयपत्री, गोदावरी फूल आदि । उपन्यासमा कृत्रिमताको भाषा पाइादैन, तर पनि कतैकतै हलुका मनोरञ्जनका साथै उदाङ्ग शैली अपनाइएको पाइन्छ । जस्तै, ऊ तुरून्तै आयो । हतार गरेर समात्यो । म्वाइाको बर्षा गऱ्यो । दुवै गाला गिला गऱ्यो । मुख जोऱ्यो । चुस्यो । हल्करी मैले पनि चुसे । उत्तेजित भए । खुट्टा चलाएर छटपटिए । ऊ ममाथि चढ्यो । लुगा माथि साऱ्यो । ............ थाल्यो । बाहुपासमा कासेर गऱ्यो । मैले पनि उसलाई छातीमा कसेर साथ दिए । प्रस्तुत लघु उपन्यासमा चिठीपत्रको प्रयोग पनि गरिएको छ साथै विभिन्न विम्व ठाउा ठाउामा सन्दर्भ अनुरूप प्रयोग भएको पाइन्छ ।

## ४.७ हेमा उपन्यासको विश्लेषण

हेमा १४ परिच्छेदमा उनिएको र १५ पृष्ठमा संरचित लघु उपन्यास हो । यौन उन्मादले समाजमा निम्ताएको दुःखदायी स्थिति देखाउादै यौन शिक्षा र अज्ञानताको बारेमा चेतना दिन खोज्नु उपन्यासको मूल उद्देश्य रहेको छ । प्रस्तुत उपन्यासमा प्रमुख पात्र हेमा रहेकी छ र उसकै केन्द्रियतामा कथानक अगाडि बढेको देखिन्छ ।

### ४.७.१ कथानक

हेमा उपन्यासको कथानक हेमाको परिवार खान्दानी भएको, हेमाका बाबुका दुई स्वास्नीमध्ये उनी जेठी पट्टिकी सन्तान रहेको तर उनको बाबु रक्सी र केटीमा लागेर विस्तारै सम्पत्ति सिध्याउादै गएको जस्ता प्रसङ्गबाट प्रारम्भ भएको छ ।

एक दिन बाबु जेठी स्वास्नी ५ छोराछोरीलाई गाउामा छाडेर मधेश चित्तवनमा बसाईा सर्न पुग्दछ । पछि जेठी श्रीमतीलाई छोरा छोरी पाल्न निकै मुश्किल परेपछि हेमालाई लामा मितबाबुसाग छोडेर मधेश झर्दछिन् । यसरी हेमा मितबाबुकोमा बस्दै गइन । मितबाबुको छोरा उनको साथी हुादै गयो । उपन्यासको चौथो परिच्छेदमा पुग्दा मितदाइ झेल्बु लामा आफ्नी लमेनी दुई वर्षकी छोरी र हेमालाईसागै लिएर आमघाट बजारमा बसाइा सऱ्यो । बजारको घर भाडामा लिएर पसल गरी बस्न थाल्दछ । राडीपाखी उनदेखि नुन चामल पनि पसलमा राख्दथ्यो । हेमा विस्तारै हुर्किदै मस्त जवानी जीउडाल राम्रो हुन थाल्यो । उनको राता पाकेका बखडा जस्ता गाला, चम्किला आाखा, उन्नत छाती देखेर, युवकहरूलाई पाथी भात खाए जस्तो हुने गर्दथ्यो । यसरी हेमा बाहुनकी छोरी भएपनि घलेक, गावन, थुम्पामा रम्दछिन् । उनमा चुच्चो नाक गहिरो थोरै घोप्टा आाखा बाहेक अरूमा बाहुन रहादैन ।

सातौा परिच्छेदमा पुग्दा हेमालाई मितदाइबाट आफ्नै आमाकोमा पुऱ्याईदिन्छ । उनले आमालाई माया गर्दछिन् । साथै आमाले यौवन अवस्थाकी छोरीलाई शृङ्गारको सामान लुगाफाटा छाला रक्षाका सामानसमेत किनिदिन्छिन् । तर हेमा कामधन्दा गर्न छाड्दै एक्लै बस्न थाल्दछिन्, उनलाई हिस्टोरियाले छोपे झै हुन्छ । चिरिर्र चिच्याउने, बर्बराउने, बेहोस हुने गर्न थालेकी हेमालाई सुदुर अस्पतालको आकस्मिक कक्षमा पुऱ्याइन्छ । डाक्टरले गालामा थप्पड लगाउादै लठाउने सुई लगाउादा समेत रोग कम हुादैन, पछि रहस्य खुल्दछ । आफ्नै मितदाइ लामासाग पहिलादेखि यौनसंसर्ग भइरहेको थियो । त्यहीा यौनअतृप्तिको प्यासले यहाासम्म पुऱ्याएको छ भन्ने, हेमाको यस्तो हल्ला एक कान दुई कान मैदान भने झै लामा लमेनीका कानमा पनि पुग्दछ । उसले आफ्नो लोग्नेलाई गाली गर्दै झक्झकाउादै भन्दछे, बदमासिता तिमीले गरेका हौ नि । आज हेमाको त्यो गति भयो । आफैले पालेर आफै पाप गऱ्यौ भन्दै उसलाई लिएर पल्लो बारीमा एउटा घर बनाइ राख र पापको प्रायश्चित गर भन्दछे । यसरी पत्नीको बचन मानेर हेमा लिन हिडेको लामा लामो समयसम्म फर्कदैन । यसै क्रममा लामालाई खोज्न उसले खोले माइलोलाई पठाउाछे तर ऊ चारदिनपछि एक्लै फर्कन्छ । उसैबाट थाहा हुन्छः लामाले हेमालाई लिएर बाटोमा आउने क्रममा देउताको घाटनिर जाऔा भनी दिउासो घुम्न गएको बेला झुक्काएर शूली नदीमा धकेलिदिएपछि हेमा नदीमा बगेर मरेकी तीन दिनमा लास फेला पऱ्यो । ज्यानमारा लामा प्रहरीको पक्राउमा परेछ । आफ्नी मितबहिनीलाई

पत्नी बनाउादा समाजमा घृणित हुनुपर्ने डरले यस्तो अपराध गरेको होला भन्ने थाहा हुन्छ । यसरी यौनकुण्ठा र समाजको डरले मानिसलाई अपराधीसम्म बनाउाछ भन्ने कुराको चित्रण उपन्यासमा उल्लेख हुादै कथानकको अन्त्य हुन्छ ।

## ४.७.२ पात्र/चरित्र

प्रस्तुत हेमा लघु उपन्यासमा जम्मा नौ जना पात्रहरू रहेका छन् ती मध्ये हेमा झेल्बु लामा मुख्य र हेमाको वाबु लामा लमेनी सहायक पात्रहरू हुन भने आमा, पुलिस, कान्छी श्रीमती, ढले खड्का, खोले माइलो गौण पात्रहरू हुन ।

### (क) प्रमुख पात्रहरू

हेमा लघु उपन्यासको कथानकलाई गति दिने क्रममा अनुकूल र प्रतिकूल पात्रका रूपमा हेमा र झेल्बु लामा रहेको पाइन्छ :

### हेमा

हेमा **'हेमा'** लघु उपन्यासकी प्रमुख पात्र हो । यस उपन्यासमा उसको प्रमुख भूमिका रहेको छ । साथै उपन्यास उसकै केन्द्रीयतामा घुमेको पाइन्छ । हेमालाई बाबुले छोडेर हिडेपछि आमा तराईमा सर्दा मितबाबुकोमा बसेकी पात्र हो । पछि लामा मितदाइले बारम्बार यौनसंसर्ग गर्ने गर्दछ र आमाकोमा पुऱ्याईदिन्छ तर हिस्टेरिया लागेजस्तो चिच्याउने कराउने बर्बराउने गर्दछे । यसैक्रममा रहस्य खुल्दा मितदाइसागको यौनसम्पर्कले शान्त मिलेपनि पछि छुट्टिन परेकोले उनकै यादले त्यसो हुन नसक्दा यस्तो स्थिति देखा परेको भन्ने थाहा हुन्छ । लामा दाइ लिन आएपछि शान्त बनेकी हेमा अन्त्यत त्यहीा लामाले शूली नदीमा धकेलिदिएर मरेकी छ । यसरी ऊ बाबुबाट र मितदाइबाट ठगीएकी पात्र हो । स्थिर स्वभावकी, मंचीय र वद्ध चरित्र उसमा रहेको छ ।

### झेल्बु लामा

**हेमा** उपन्यासको प्रमुख पुरुषमात्र झेल्बु लामा हेमाको मितदाइ हो । व्यापार गर्न आमघाट बजार झरेको पात्र उसले श्रीमती र हेमालाई सागै लगेर जान्छ । यसै क्रममा श्रीमतीसाग यौनसंसर्ग गर्दै हेमासाग पनि सो कार्य गर्ने गर्दछ । उसको चरित्र स्त्रीलम्पट देखिन्छ । पछि श्रीमतीको सल्लाहबमोजिम हेमालाई लिन गएको लामा आफ्नी मितबहिनीलाई पत्नी बनाएको समाजलाई नपच्ने डरले शूली नदीमा धकेलिदिएर हत्या गर्न पुग्दछ । यो फटाहा अपराधी मनोवृत्त भएको पात्र भएकोले आफूले हुर्काएको मितेनी बहिनीमाथि बेधर्मी

विश्वासघाती काम गरेकोमा त्यसको दण्ड राम्रै भेटाएको छ । प्रवृत्तिका आधारमा प्रतिकूल, स्वभावका आधारमा स्थिर, मञ्चीय, वद्ध पात्र हो ।

### (ख) सहायक पात्रहरू

प्रस्तुत उपन्यासमा सहायक पुरुष पात्रका रूपमा हेमाको बावु उपस्थित छ, भने स्त्री पात्रका रूपमा लामा लमेनी रहेकी छ जसको भूमिका उपन्यासमा महत्वपूर्ण रहेको पाइन्छ :

### हेमाको बाबु

हेमाको बाबु खान्दानी परिवारको भए पनि रक्सी र केटीमा लागेर धनसम्पत्ति सिध्याएको पात्र हो । जेठी श्रीमती र पाँच छोराछोरीलाई घरमै छोडेर कान्छी श्रीमती लिएर मधेशको चितवन बसाइ सर्ने गर्दछ । यो चरित्र ह्रास भएको पारिवारिक दायित्व बहन गर्न नसक्ने पात्र हो । स्थिर, मञ्चीय, वद्ध चरित्र उसमा रहेको छ ।

### लामा लमेनी

झेल्बु लामाकी श्रीमती हो । हेमालाई आफ्नो छोरी जस्तो गरी पालेकी छ । पछि आफ्नै श्रीमान्ले हेमालाई बारम्बार यौनसम्पर्क गर्ने गरेको र पछि त्यो हुन नसकेकोमा हेमा बर्बराउने, चिच्याउने, रूने गर्ने गरेको भन्ने थाहा पाएपछि श्रीमान्लाई सम्झाउदै हेमालाई लिएर पल्लोबारीमा एउटा घर बनाई राख र पापको प्रायश्चित्त गर भनेबाट ऊ सत्पात्रका रूपमा देखिएकी छे । श्रीमान् लामो समयसम्म नफर्केपछि खोले माइलालाई खोज्न पठाउछे । तर चारदिन पछि झेल्बु लामाले हेमालाई शूली नदीमा धकेल्लदिएर फालेकोले प्रहरीको हिरासतमा परेको थाहा पाएपछि मेरो लोग्ने ज्यानमाराले झ्यालखानामा जानु त अपराध गर्नुको सजाय ठिकै हो भन्दै हे हेमा कहाँ छौ भनि विलौना गर्दछे । उसमा स्पष्टवादिता, सरलपना, हेमाप्रतिको प्रेम एवम् स्नेहको भावना उच्चकोटीको छ । उसको व्यक्तित्व बिकेको आधारमा नभएर भावनाका आधार उठेको पाइन्छ । प्रस्तुत उपन्यासमा यसलाई प्रवृत्तिका आधारमा अनुकूल, स्वभाका आधारमा स्थिर, मञ्चीय, वद्ध पात्रका रूपमा राख्न सकिन्छ ।

### (ग) गौण पात्रहरू

गौण पात्रहरू उपन्यासमा सहयोगी भूमिकाको रूपमा रहेका छन् । जस्तै आमा, पुलिस, कान्छी श्रीमती, ढले खडका, खोले माइलो आदि यिनीहरूको भूमिका उपन्यासमा सामान्य र सहयोगी पात्रका रूपमा मात्र रहेको छ ।

## ४.७.३ सारवस्तु/विचारतत्त्व

हेमा उघु उपन्यासको सार भनेको यौन मनोविश्लेषण हो । उपन्यासमा खासतः यौन उन्मादले समाजमा निम्ताएको दर्दनाक स्थिति देखाउनुका साथै यौन शिक्षा र अज्ञानताको बारेमा चेतना दिन खोज्नु नै उपन्यासको मुख्य विचार रहेको पाइन्छ ।

उपन्यासमा घरमा आफ्नी श्रीमती हुादाहुादै झेल्बु लामा नाता पर्ने बहिनीसाग आकर्षित हुनु र र करणीसम्म सम्पन्न गर्नपछि नपर्नुले पुरुषको यौन उन्मादलाई उजागर गर्न खोजिएको छ । पहिला लामासाग यौनसंसर्गमा लिप्त हेमा पछि यौनतृप्ति पूरा हुन नसक्दा बर्बराउने, चिच्याउने रूनेदेखि बेहोस हुने गर्दछे । जुन यौन मानसिकताको कारण मान्न सकिन्छ । यसैगरी लमेनीले हेमाको चिन्ता गर्नु श्रीमान्लाई पश्चाताप गर्न अनुरोध गर्नु र हेमालाई ल्याएर घर बनाएर राख्न सल्लाह दिनुले उसमा महिलामा महिलाको मर्का बुझ्ने सच्चा गुण हुन्छ भन्ने कुराको पुष्टि हुन्छ । उपन्यासमा लामाले मितबहिनीलाई श्रीमती बनाउादा समाजमा पच्न नसक्ने महसुस गरी शूली नदीमा धकेलेर मार्नुले उसमा यान्त्रीक गुण नभएपनि समाजको डरले गर्दा मानिसलाई अपराधी पनि बनाउन सक्छ भन्नु उपन्यासको विचार रहेको छ ।

समग्रमा उपन्यासमा स्रष्टाले समाजमा शिक्षाको खास गरी यौनशिक्षाको, दाम्पत्य जीवनको अर्थ, समाजसेवाको भावना नैतिक जीवनको आर्दश पक्षलाई उजागर गर्न खोजिएको पाइन्छ । साथै उपन्यासमा समाजमा घट्ने यौनजन्य घट्नालाई यथार्थ रूपमा उतारिएको छ । मानिसलाई यौन अतृप्तिले विरामीमात्र होइन, हत्या हिंसा र अपराधीसम्म बनाउाछ । यसबाट सचेत हुनुपर्छ भन्नु नै उपन्यासको विचार हो ।

## ४.७.४ दृष्टिविन्दु

उपन्यासमा सर्जकले कथानक, पात्र, परिवेश आदिको वर्णन गर्नका लागि रोजेको कथनभूमि वा स्थान नै दृष्टिविन्दु हो । प्रस्तुत उपन्यासमा उपन्यासकारले हेमा, लामा, लमेनी तथा अन्य पात्रहरूको मानसिक अवस्थाको विश्लेषण गर्नु उपन्यासकारको उद्देश्य भएकोले यस उपन्यासमा बाहृय दृष्टिविन्दुको प्रयोग गरिएको छ । सम्पूर्ण घट्ना परिवेश, पात्र आदिको बारेमा स्वयम् उपन्यासकार ज्ञाता भएर सिलसिलागत रूपमा कथानक अगाडि बढाइएको छ ।

## ४.७.५ परिवेश

हेमा उपन्यासमा यौन उन्मादको समाजमा घट्न सक्ने कारूणिक घटनालाई मूल विषय बनाइएको छ । साथै यौनप्रति समाजमा रहेको अज्ञानता, अपराध मनोवृत्त आदिलाई उपन्यासमा उल्लेख गरिनु त्यसबेलाको सामाजिक परिवेश हो ।

**हेमा** उपन्यासमा ठाउाको बारमो खासै चर्चा नगरिएपनि हेमाको बाबु राम्रै खेतीपाति भएको खान्दानी थियो भन्नुले ग्रामीण परिवेशको झल्को दिन्छ । त्यस्तै हेमाको बाबु मधेशको

चितवन बसाइ सरेको, लामा परिवार आमघाटमा आएर व्यापार गर्न थालेको, जस्ता प्रसङ्ग उपन्यासमा सामाजिक परिवेशका रूपमा आएका छन् । यसैगरी झेल्बु लामा दाइ हेमालाई लिन तराइ गएको र लिएर आउादा शूली नदीमा धकेलीदिएर मारेको घट्नाले त्यस समयको पुरुष मनोवृत्तिलाई उल्लेख गरेको छ । यसरी सम्पूर्ण मानवलाई यौनतृप्तिप्रति सचेत गराउनु उपन्यासको ध्येय मानिन्छ । पहाडको ग्रामीण इलाकादेखि तराइसम्म उपन्यासको परिवेश फैलिएको पाइन्छ । उपन्यास बढी उपदेशात्मक र चेतनामूलक देखिन्छ ।

### ४.७.६ भाषा

हेमा लघु उपन्यास सरल, सुबोध, स्पष्ट, ग्रामीण भाषाको प्रयोग गरिएको उपन्यास हो । उपन्यासमा घााघर, चोली, गुन्यू, फेरी र घलेक गावनजस्ता जातीय पहिचानलाई बुझाउने शब्दको प्रयोग गरिएको छ । त्यस्तै स्थानीय भाषा आमखोरा, पल्लोवारी आदि रहेका छन् । उपन्यासमा ठाउा ठाउामा अनुकरणात्मक शब्दको प्रयोग गरिएको छ । जस्तै क्याम क्याम, ट्वाङ ट्वाङ उपन्यासको बीचबीचमा अपूर्ण वाक्यहरूको प्रयोग पनि गरिएको पाइन्छ । ..........भाउजु मेरो दोष छैन । .... भाउजु (पृ.८३) उपन्यासमा कतै कतै पाठकलाई हलुका मनोरञ्जनका लागि लेखकले उत्ताउलो प्रयासको जोरजाम गरेजस्तो लागेपनि ठ्याम्मै अप्रासंगिक भनी भन्न सकिदैन । जस्तै एक दिन तपै निदाए पछि दाइ मसाग आउनुभयो । नाई दाइ । नाई दाइ भने मेरी बहिनीलाई माया गर्छु भन्दै म्वाइा खानु भयो । मेरो घााघर माथि सारेर पेन्टी झिक्नुभयो । म छटपटाए । मेरो ............... खेलाउनु भयो । मसार्नुभयो । मलाई काउकुती लाग्यो । सिरिङ सिरिङ भयो । छटपटाए । मेरो मुख सुक्यो । म डराए तपाईतिर सर्न खोजे । दाइले अठयाएर आफूमै टाास्नुभयो । आफ्नो आागभित्र मलाई लुकाउनुभयो । (पृ.८३) यसरी प्रस्तुत उपन्यासमा प्रष्टवादी, यथार्थवादी, समाज सुहाउादो भाषाको प्रयोग गरिएको पाइन्छ भने शैली केही उदाङ्गो रहेको छ ।

## ४.८ निष्कर्ष

वि.सं. २०२०/२१ सालतिरबाटै उपन्यास लेखनको अभ्यास गर्ने सूब सेनको **डााडाको जून** शीर्षकको उपन्यास वि.सं. २०४४ मा पहिलोपटक प्रकाशनमा आएको हो । त्यसपछि हालसम्म उनका सातवटा औपन्यासिक कृतिहरू प्रकाशित भइसकेका छन् । सुरूसुरूका उपन्यासहरू सामाजिक यथार्थता र राष्ट्रियताको भावनाले ओतप्रोत रहेका छन् भने केही लघु उपन्यासमा यौन समस्या, यौनअतृप्ती र अज्ञानतालाई विषय बनाएर लेखिएको पाइन्छ ।

सेनको पहिलो उपन्यास डाडााको जून सामाजिक यथार्थ घट्नाहरूलाई मूल विषय बनाउादै समाजको चित्रण गरिएको उपन्यास हो । त्यसै गरी विसं. २०४५ मा प्रकाशित दोस्रो

उपन्यास कृति शिखरमा राष्ट्रियताको भावना जागृत गर्दै, नेपालवादको स्थापनार्थ जोड दिदै अन्याय, अत्याचार, दमनको तिव्र विरोध गरिएको उपन्यास हो । उनको वि.सं. २०५५ मा प्रकाशित अञ्जूश्रीदेखि आन्दोलन (पााच लघु उपन्यास सङ्ग्रह) हो । जसमा अञ्जूश्री उपन्यासमा राष्ट्र र राष्ट्रियताको भाव प्रस्तुत गर्दै मातृभूमिका सन्तती शोषित हुनुहुन्न भन्दै प्रजातान्त्रिक आचरण नभएका स्वार्थ सिद्धिका लागि अन्तर्राष्ट्रिय तस्कर र माफियाबाट संचालित नेताहरूप्रति असन्तुष्टि व्यक्त गर्दै लेखिएको कृति मान्न सकिन्छ ।

त्यस्तै आन्दोलन उपन्यास पनि देशभक्ति भाव राख्दै विदेशी हस्तक्षेपको विरोध गर्दै सम्पूर्ण युवाहरूलाई आन्दोलनमा सहभागी हुन आह्वान गरिएको उपन्यास हो । वीरसिक्का यौनशिक्षाको चेतना प्रवाह गर्नु र यौन उन्मादले मान्छेलाई अपराधीसम्म बनाउने कुराको उल्लेख गर्दै डाक्टरको चरित्रमाथि पनि व्यङ्ग्य गरिएको लघु उपन्यास हो । हेमा पनि यहीा कोटीको उपन्यासमा राख्न सकिन्छ । यौनउन्माद र अज्ञानताका बारेमा चेतना दिने उपन्यासको मूल भाव पाइन्छ । त्यसै गरी जीवनशास्त्र पारिवारिक समस्या, शारीरिक समस्यालाई उपदेशात्मक रूपमा प्रस्तुत गरिएको उपन्यास हो भन्न सकिन्छ ।

यसरी उनका उपन्यासमा राष्ट्रियताको भावना, सामाजिक यथार्थताको चित्रण र विदेशी हस्तक्षेप विरूद्ध जनतामा ल्याउन खोजिएको जागरणदेखि यौनअतृप्ति र अज्ञानताले समाजमा निम्ताएको जघन्य अपराधसम्मका घट्नालाई कलात्मक र सरल रूपले प्रस्तुत गरिएको छ ।

## परिच्छेद : पाँच

# सूब सेनका औपन्यासिक प्रवृत्ति

सर्वप्रथम २०१७ सालमा 'साहित्य' शीर्षकको निबन्ध लेखनसाँगै साहित्यमा यात्रारत सूब सेनले अधिकांश कृतिहरू सामाजिक यथार्थवादी धरातलमा उभिएर रचना गरेको पाइन्छ । मुख्यतः कथा, निबन्ध, कविता, उपन्यास, नियात्रा, नाटक आदि साहित्यिक सबै विधामा कलम चलाएका सेनको पहिलो प्रकाशित उपन्यास कृति डाँडाको जून भएपनि शिखर पहिले लेखिएको हो भन्ने मत सेनको रहेको छ । त्यस्तै अञ्जूश्री, आन्दोलन, जीवनशास्त्र, वीरसिक्का, हेमा गरी जम्मा-जम्मी सातवटा उपन्यास कृतिहरू प्रकाशित भएको पाइन्छ । सेनका उपन्यासहरूको अध्ययन गर्दा प्रत्येक उपन्यासमा वैचारिक दृष्टिकोण फरक फरक पाउन सकिन्छ । त्यसैले सेनका औपन्यासिक प्रवृत्तिहरूलाई निम्नानुसार चर्चा गर्न सकिन्छ:

## ५.१ नारी समस्याको उद्घाटन र मुक्तिको चाहना

नारी हुनुकै कारण समाजबाट भोग्नुपरेका विभिन्न समस्याहरूलाई अधिकांश उपन्यासमा उल्लेख गर्नु सेनको अर्को औपन्यासिक प्रवृत्ति हो । नारीका सामाजिक समस्या, यौनसमस्या साथै नारी अधिकारका कुरालाई उपन्यासमा प्रस्तुत गर्दै, समाजले नारीलाई हेर्ने गलत दृष्टिकोण र भोग्नु परेको पीडालाई चित्रण गर्दै नारी पनि अधिकारका लागि अघि बढ्नुपर्छ भन्ने भाव उपन्यासमा व्यक्त गरिएको छ ।

शिखर उपन्यासमा शिखरकी आमा र बहिनीहरू नारी हुनुकै कारण समाजमा खराब मनोवृत्त गरेका व्यक्तिहरूको बलात्कारीबाट बाच्न तपस्वीनी हुनु परेको छ भने डाँडाको जून उपन्यासमा गाउँकी रासेकी छोरीलाई गाउँका फटाहा प्रवृत्ति भएका युवाहरूले अस्तित्व लुटन खोज्दा प्रमुख नारी पात्र फुर्सीले प्रतिवाद गर्नु परेको छ । अञ्जूश्री लघु उपन्यासमा यस्तै पीडाबाट मुक्ति चाहदै महिलाको अधिकार, समानता, निशुल्क शिक्षा जस्ता नाराहरूबाट नारीहरूलाई सुसूचित गर्दै आन्दोलनमा हिड्दै मुक्तिको चाहना गरिएको छ । त्यस्तै आन्दोलन उपन्यासमा प्रमुख नारीपात्र पश्चिम महिला हक अधिकारको लागि नेतृत्वदायी भूमिका खेल्दै पक्राउ पर्न समेत पछि नपर्ने पात्रको रूपमा देखाइएको छ । यसरी उपन्यासकारले आफ्ना उपन्यासहरूमा नारी समस्या देखाउँदै अन्ततः परिवर्तन र मुक्तिको चाहना राखेको देखिन्छ ।

## ५.२ निम्न वर्गीय पात्रहरूको प्रयोगमा जोड

उपन्यास निर्माणमा पात्रहरू के कस्ता प्रवृत्तिका रहेका छन् भन्ने कुराले महत्त्व राख्ने गर्दछ । निम्न वर्गीय पात्रहरूको प्रयोग गर्नु सूब सेनको अर्को औपन्यासिक प्रवृत्ति हो । उनका अधिकांस उपन्यासमा ग्रामीण इलाकाका निम्न आर्थिक अवस्था भएका पात्रहरू रहेका छन् ।

खासगरी ठूलाबडा, सामन्ती, फटाहा प्रवृत्ति भएका व्यक्तिहरूबाट थिचोमिचो भएका पात्रहरू उपन्यासमा बढी मात्रामा रहेको पाउन सकिन्छ ।

उनको शिखर उपन्यासको नायक शिखर ग्रामीण समाजको अन्याय अत्याचारबाट पिल्सिएको निम्न आर्थिक अवस्था भएको पात्र हो । ऊ वर्गीय विभेदबाट पिल्सिदै पछि विद्रोहमा लाग्दै जनताको पक्षमा उभिने गर्दछ । डाँडाको जून उपन्यासको घनबहादुर (माइलो) आर्थिक अवस्था सुधार्न र परिवार पाल्न विदेशी सेनामा भर्ति भइ लडाइ मा बन्दी बनाइएको पात्र हो । पछि बन्दीबाट मुक्त भएपछि नेपालमै फर्केर खेतीपातीको काममा लाग्ने गर्दछ । भने आन्दोलन उपन्यासको प्रमुख पात्र पूर्व पनि यस्तै आर्थिक अवस्था भएको पात्र हो । पछि परिवर्तनको चाहना राखी आन्दोलनमा लाग्दछ र पक्राउ पर्दछ । यसरी सेनले आफ्नो उपन्यासमा निम्न वर्गीय पात्रहरूको प्रयोग प्रशस्त मात्रामा गर्दै यस्तै पात्रको पक्षमा आफ्नो अभिमत प्रकट गरेका छन् ।

## ५.३ सामाजिक विकृति र विसंगतिप्रति तीव्र व्यङ्ग्य

सूब सेनका उपन्यासहरूमा सामाजिक विकृति र विसंगतिप्रति व्यङ्ग्य पाउन सकिन्छ । खासगरी ठूलाबडा राजनीति दलका नेतादेखि डाक्टरहरूसम्मको चरित्रमाथि व्यङग्य गरिएको छ । अञ्जूश्री उपन्यासमा डाक्टरहरूप्रति भनिएको छः नाम चलेका तपाइजस्ता डाक्टर मारेकोलाई मरेको भन्दछन् । मरेकोलाई मारेको भन्दछन् । गोलीको प्वाललाई गिद्धले खाएको भन्दछन् । पाँच महिनासम्मको गर्भलाई छैन भन्दछन् । सिकिस्त बेहोस बिमारीको ल्याप्चे लिन मद्दत पुऱ्याउँछन् । छोरी पाउनेको काखमा छोरो पारिदिन्छन् । पिनास सफा गर्दा घाउ पारेर अर्बुद रोग बनाइदिने अप्रेशन गर्दा कैंची नै भित्र छोडेर सिलाई दिने दाहिने अङ्गको अप्रेशन गर्नुपर्नेमा बायाँ अङ्गको अप्रेशन गरिदिने, पिनासको औषधी लेख्दा पिसाबको औषधी लेख्ने यिनीहरूलाई कानून लाग्दैन धन्य हुन् यी डाक्टरहरू धन कमाउनको लागि यमराजले डाक्टरको रूप लिएर जन्मेका आधुनिक यमराज भनी डाक्टरप्रति व्यङ्ग्य गरिएको छ ।

त्यस्तै आन्दोलन उपन्यासमा संसदका सालासालीको गर्भ तुहाउने र घुसाउने पनि यिनै हुन् । उनीहरूमाथि मुद्दा लाग्दैन । क्षतिपूर्ति तिर्नु पर्दैन, क सुई पर्नेमा ख सुई दिदा मान्छे मर्छ । क औषधी दिनुपर्नेमा ग औषधी लेखिदिएकोले मानिस ठहरै मर्दछ तर उनीहरूलाई ज्यानमारा मुद्दा लाग्दैन भनी व्यङ्ग्य गरिएको छ । यसरी उनका उपन्यासमा सामाजिक विकृति र विसङ्गतिको तीव्र व्यङ्ग्यरहेको देखिन्छ ।

## ५.४ राष्ट्रभक्तिको उद्‌बोधन

उपन्यासकार सूब सेनले आफ्ना उपन्यासमा नेपालवादलाई उठान गर्दै राष्ट्रभक्तिको उद्‌बोधन देखाउन खोजेको पाइन्छ । मुख्यतः **डाँडाको जून, शिखर, अञ्जूश्री, आन्दोलन** जस्ता उपन्यासहरूमा यस्तो भाव सशक्त भएर आएको पाउन सकिन्छ ।

**डाँडाको जून** उपन्यासमा प्रमुख पात्र घनबहादुर (माइलो) विदेशी सेनामा रहादा देश मेरो माटो हो मर्ने र बाँच्ने ठाउँ नेपाल नै हो । आफ्नो देश कहिल्यै छोडदिन । पसिना, रगत, ज्यान दिन परे पनि त्यहीँ नेपालको लागि दिन्छु । लाहुरे हुनेलाई विदेशीले किनेको छ । हामी बेचिएका छौँ भन्दै राष्ट्रभक्तिको भाव प्रकट गर्दै नेपाल फर्कन्छ । त्यस्तै **शिखर** उपन्यासमा राष्ट्रवादी नेपालवाद स्थापनाका निम्ति प्रमुख पात्र शिखर यसो भन्छ, “जनता अग्निको ज्वाला हो । यो ज्वाला अरू तेजले बढ्ने छ । जाली फटाहा, शोषक, अराष्ट्रवादी विदेशिएका पिट्ठु दलालीलाई एक एक गरी जलाउने छ । यिनीहरूको सरकार खरानी हुने छ । (२०४५, पृ. १७४)” । **अञ्जूश्री** लघु उपन्यासमा पनि यस्तै भाव पाउन सकिन्छ । जस्तै नेपाल हामी सबैको मातृभूमि हो । आमाप्रति भक्ति गर्नु हामी सबैको कर्तव्य हो । तसर्थ मातृभूमि, देशभक्ति भई यसको रक्षा गर्न र नेपालीहरूको सेवा गर्न जागरूक भएर आफ्नो गाउँ ठाउँको विकास गर्न अगाडि सरौँ । अगाडि सरौँ भनि राष्ट्रभक्ति भाव व्यक्त गरिएको छ ।

**आन्दोलन** उपन्यासमा जबसम्म हाम्रो शरीरमा रातो, तातो रगत बहन्छ । तबसम्म हामीले हाम्रो देश र जनताको रक्षा गर्छौँ गुमेको भू-भाग फिर्ता लिन्छौँ, हाम्रो सीमा अक्षुण्ण राख्छौँ । हाम्रो समाजमा जातिपाती, उँचनीच भेदभाव, अन्याय, भ्रष्टाचार, शोषण, दमनलाई दवाएर सामाजिक न्यायको स्थापना गर्छौं भन्दै राष्ट्र, राष्ट्रियताको भक्तिभाव देखाउँदै सबैलाई त्यतातिर उन्मुख हुन आग्रह गरिएको पाइन्छ ।

## ५.५ सामाजिक यथार्थको प्रस्तुति

उपन्यासकार सूब सेनको अर्को प्रवृत्ति सामाजिक यथार्थको धरातलमा उभिएर उपन्यास लेख्नु हो । उनका उपन्यासहरूमा समाजको विम्ब उतारिएको छ । मुख्यतः डाँडाको जून उपन्यासमा यस्तो प्रवृत्ति प्रबल पाइन्छ । ग्रामीण समाजमा आर्थिक अवस्था, शैक्षिक अवस्था, चालचलन, सामाजिक अवस्था आदिको बारेमा उल्लेख गरिएको छ। साथै सामन्ती फटाहा मनोवृत्त भएका व्यक्तिले महिलालाई हेर्ने खराब दृष्टिकोण पनि उपन्यासमा यथार्थपरक रूपमा उतारिएको पाइन्छ । त्यस्तै शिखर उपन्यासको प्रारम्भिक भागमा नेपालका जनताले भोगेका मध्यकालीन सामन्ती चरित्रलाई उपन्यासमा प्रभावकारी किसिमले प्रतिबिम्बित गरिएको छ । प्रस्तुत उपन्यासमा नेपाली जनताले भोगेको सामन्ती शोषण र प्रशासनिक दमनको मार्मिक चित्रण कोरिएको छ । ग्रामीण जीवनका जालझेल र छलकपट, शैक्षिक क्षेत्रका कमीकमजोरी, विद्यार्थी आन्दोलन, प्रहरी प्रशासनका विकृतिहरूलाई उपन्यासमा समसामयिक यथार्थको रूपमा

प्रस्तुत गरिएको छ । जीवनशास्त्र उपन्यास पनि यस्तै यथार्थको नजिक रहेर लेखिएको उपन्यास कृति मान्न सकिन्छ ।

## ५.६ यौन मनोविज्ञानको प्रयोग

सूब सेनका पछिल्लो चरणका उपन्यासहरूमा मनोविज्ञानको प्रयोग प्रशस्त भएको पाइन्छ । खासतः यौन मनोविज्ञानको प्रस्तुति गर्नु नै उनको अर्को महत्त्वपूर्ण प्रवृत्ति रहेको छ ।

वीरसिक्का उपन्यासमा वीर र सिक्का आदर्श दम्पत्तिका रूपमा रहेका र छोराछोरीका अभिभावकसमेत बनेका छन् । परिवार नियोजनको टोली आएको समय नसाबन्द गराउादा तलवितल परेर नपुंसक हुन पुगेको वीरले श्रीमती सिक्काको यौन तिर्खा मेटाउन सक्षम हुादैन । फलस्वरूप यौनतृष्णा र अतृप्तिको कुण्ठाले सिक्का मायालु पत्नी बनिरहन सक्दिन । एकदिन साझेदारीमा व्यापार गर्ने विदेशी युवासाग यौनसंसर्ग गर्दै अन्ततः उसैसाग भाग्न पुग्दछे । युवाले स्वार्थपूर्ति पश्चात वास्तै गर्न छोडेपछि आफ्नै पहिलाको घर परिवारमा फर्केकी सिक्का यौन अतृप्तिलाई शान्त पार्ने प्रयास स्वरूप फेरि छिमेकी गोमेसाग नजिकिदै एकदिन गोमेको साथ लिएर वीरको हत्यासम्म गर्न पुग्दछे । यसरी यस उपन्यासमा महिलाको यौन मनोविज्ञानको चित्र कोर्दै यौन उन्मादले महिलालाई अपराधीसम्म बनाएको घट्नालाई उल्लेख गरिएको छ ।

हेमा पनि यस्तै  दुःखत उपन्यास हो । हेमालाई आफ्नै मितदाइ लामाले पाल्न राखेको हुन्छ । जब ऊ तरूनी हुन थाल्दछे । लामाले बारम्बार यौनसंसर्ग गर्ने गर्दछ । पछि हेमा आफ्नो घरमा रहादा त्यहीा मितदाइ लामाको यौनअतृप्तिको र सम्झाईले गर्दा हिस्टेरियाले छोपे झैा कराउने, बेहोसमा चिच्याउने, बर्बराउने गर्दछे । एकदिन हेमाको कुमारीत्व हरण गरेर विक्षिप्त बनाउने मितदाइले नदीमा धकेलिदिएर मार्दछ । यसरी यौन उन्माद र यौनअतृप्तिले गर्दा उपन्यास दुःखान्त स्थितिमा पुग्दछ । भने जीवनशास्त्र यौनसमस्या, पारिवारिक समस्या, अज्ञानता आदिलाई आत्मसाथ गरी लेखिएको उपन्यास हो । यसरी यौनसमस्या, यौनअतृप्ति र अज्ञानतालाई उपन्यासमा उल्लेख गरेर सेनले आफूलाई यौन मनोवैज्ञानिक उपन्यासकारको रूपमा उभ्याएका छन् ।

## ५.७ समकालीन राजनीतिक परिवेशको चित्रण

सूबसेनका अधिकांश उपन्यासहरूमा समकालीन राजनीति परिवेश पाउन सकिन्छ । स्थानमा दृष्टिले उनका उपन्यासमा ग्रामीण र शहर दुवै स्थानहरूको चित्रण गरेको पाइन्छ । तर पनि उपन्यासमा माध्यमिककालीन राजनीति अवस्था नै प्रमुख भएर रहेको छ । खासगरी उनको वि.सं. २०४५ सालमा प्रकाशित शिखर र २०५५ मा प्रकाशित अञ्जूश्री, आन्दोलन उपन्यासमा यस्तो प्रवृत्ति बढी देखिन्छ ।

शिखर उपन्यासमा शिखर भन्दछ, "दाजुभाइ दिदीबहिनीहरू हो । जिन्दगीमा यो मातृभूमिको सेवामा लागेको नेपाली स्वभिमानलाई न्याय र सत्यका पक्षमा साथ दिनोस् । सत्य सामाजिक न्याय-इन्साफ, स्वतन्त्रताका लागि सामाजिककतापूर्ण नेपालवादलाई जीवित राख्नुहोस् (पृ.१४३)" भन्नुले राजनीति परिवेशको उद्घाटन गरेको मान्न सकिन्छ । त्यस्तै आन्दोलन उपन्यासमा अस्थिर राजनीति, भ्रष्ट, देश र जनद्रोही नेता, कार्यकर्ता र कर्मचारबिाट सताइएर तोवाह तोवाह भएका जनताहरू व्याूझेर अदम्य उत्साह, आत्मीयता र आत्मविश्वासकासाथ जनसेनालाई स्वागत गर्दै आन्दोलनमा सम्मिलित हुादै छन् भन्नुले यहीा परिवेशलाई चित्रित गर्दछ ।

त्यस्तै अञ्जूश्री उपन्यासमा राजनैतिक चरित्र नभएका दलका नेता र स्वार्थसिद्धको लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका तस्कर र माफियाबाट संचालित भएर असीमित सम्पत्ति कमाई विदेश पुऱ्याउने दलनेताप्रति चर्को आलोचना गरेको पाइन्छ । यसबाट सेनको उपन्यासमा राजनीति चरित्र र परिवेश उद्घाटित भएको सहजै पाउन सकिन्छ ।

## ५.८ तृतीयपुरुष दृष्टिविन्दुको प्रयोग

उपन्यासकार सूब सेनका उपन्यासमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ । उपन्यासमा उपन्यासकार बाहिर बसि पात्रहरूको मनको विचरण गर्दै सोही अनुरूप परिवेश घटनाको बारेमा बर्णन गरेको हुादा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको हो । समख्याता भोक्तका रूपमा नभई द्रटाका रूपमा सीमित देखिन्छ । उपन्यासमा समख्याताले कतै ऊ वा उनीहरूको माध्यमबाट त कतै विभिन्न पात्रहरूको माध्यमबाट सबै कियाकलापहरूको तृतीय पुरुषको कथा भनिरहेकोले तृतीय पुरुष वा बाहृय दृष्टिविन्दुको प्रयोग भएको छ । यसरी उपन्यासमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गर्नु सेनको औपन्यासिक प्रवृति हो ।

## ५.९ दुःखान्त र सरल भाषाशैलीको प्रयोग

सूब सेनको औपन्यासिक प्रवृत्तिमध्ये उपन्यासमा दुःखान्तको प्रयोग पनि एक हो । उनको शिखर उपन्यासमा गाउाका फटाहा, शोषकहरूप्रतिको विद्रोहले ठूलो आकार लिादै देशमा परिवर्तन र नेपालवादको स्थापनार्थ अगाडि बढको छ । त्यसको नेतृत्व शिखर र उनका तीन जना साथीहरूले गरेका छन् । उपन्यास उत्कर्षतिर पुग्दा नायक शिखरलाई तत्कालीन प्रशासनिक आदेसमा पुलिस प्रशासनले झुण्डाएर हत्या गर्दछ भने अन्य तीनजनालाई गोली हानी हत्या गरिन्छ । त्यस्तै शिखरका बहिनीहरूलाई कसैलाई बलात्कार गरी त कसैलाई दुर्घट्ना गराई मारिन्छ र उपन्यास दुःखान्त मोडबाट अन्त्य हुन्छ ।

वीरसिक्का उपन्यासमा पनि वीर र सिक्का दम्पत्ति हुन् । वीरले नसाबन्द गराउादा बितल परेर सधैका लागि नपुंसक भएपछि सिक्कालाई यौन सन्तुष्टि दिन नसक्दा सिक्काबाटै मारिनु परेको छ र सिक्का न्यायको कठघरामा उभिएकी छ । यसैगरी हेमा उपन्यासमा आफ्नै मितदाइ लामाले हेमालाई यौनसंसर्ग गर्दै उसको कुमारीत्वहरण गरिसकेपछि घरमा गएकी हेमा यौनअतृप्तिले सताइन पुग्दछे । वारम्बार मितदाइ लामाको यादले बिमारी परेकी हेमालाई लिन गएको लामाले अन्ततः शूली नदीमा धकेलिदिएर मारिदिन्छ । फलस्वरूप उसलाई प्रहरीले पक्राउ गरी जेल पठाउाछ र अन्त्यमा उपन्यास दुःखान्त स्थितिमा टुङ्गिन पुग्दछ ।

कुनै पनि कृति स्तरीय र पाठकप्रेमी हुनमा भाषाशैलीले महत्त्वपूर्ण भूमिका खेल्दछ । भाषिक क्लिष्टता भएको कृति वा रचना सामान्य पाठकले ग्रहण गर्न सक्दछन् । त्यसैले सर्वसाधारण पाठकको पहाुचसम्म पुऱ्याउनको लागि लेखकले सरल सहज भाषाशैलीको प्रयोग गर्नुपर्ने हुन्छ । त्यसै अनुरूप उपन्यासकार सेनले अधिकांश उपन्यासको कार्यपीठिका ग्रामीण इलाका बनाएको हुादा सरल, सहज पात्र सुहाउादो भाषा प्रयोग गरिएको पाइन्छ भने शैली वर्णनात्मक, संवादात्मक र मनोवादात्मक रहेको छ । उपन्यासमा तत्सम, तत्भव र आगन्तुक तीनै किसिमका शब्दको प्रयोग पाइन्छ । अझ उपन्यासकार पश्चिम गुल्मीमा जन्मेको हुर्केको हुनाले त्यहीा बोल्दा प्रयोग गरिने स्थानीय कथ्य भाषिकाको बढी मात्रामा प्रयोग गरेको महसुस हुन्छ । जस्तै डाडााको जून र अञ्जूश्री उपन्यासमा वाल्खाले, पसिनाले, लिच्छिप्पै, सोत्तर, अर्नि ,कलल्ल, पल्लोवारी आदि । यसरी सेनका उपन्यासमा जुनसुकै पाठकलाई बुझ्न सहज हुने भाषाशैली रहेको देखिन्छ ।

### क. उखानको प्रयोग

उपन्यासमा सूब सेनको रोचक पक्ष सन्दर्भ अनुरूप उखानको प्रयोग गर्नु रहेको छ । उनका उपन्यासहरूमा पाठकलाई आनन्द र मनोरञ्जन दिने उखानको प्रयोग प्रसङ्ग अनुरूप यथोचित सन्दर्भमा गरिएको पाइन्छ । जस्तैः

'घाट पसेर तिघ्रा कमाउनु हुन्न ।' (डाडााको जून)
'अगुल्टाले हानेको कुकुर विजुलीदेखि चम्कने ।' (डाडााको जून)
'के खोज्छस् कानो आाखो ।' (शिखर)
'जो जान्ने उही भनेको नमान्ने ' (शिखर)
'धुरीमा पानी आएपछि बलेसीमा आफै बग्दछ ।'
'मारे पाप जती आफूलाई स्वाद जति अरूलाई'
'ओरालो लागेको मृगलाई बााच्छाले खेदाउाछ ।' (शिखर)
'एक पटकको बल त भल हो ।'
'तिरेको साहू रौा बराबर ।' (शिखर)
'कहिले दिन लामा कहिले रात ।'
'भुटे भाङ् पोले पिडालु ।'
'ठूलालाई चैन सानालाई दमन ।' (अञ्जूश्री)
'जहाा होाचो त्यहीा घोाचो ।' (अञ्जूश्री)
'सर परे औषधी विसर परे विष ।'
'कच्चा वैद्यको मात्रा यमपुरीको यात्रा ।' (जीवनशास्त्र)
'खाउञ्जेल वरवर खाइसकेपछि परपर आदि ।' (जीवनशास्त्र)
यस्ता उखानको प्रयोग प्रशस्त मात्रामा उपन्यासमा आएको पाइन्छ ।

## ५.१० निष्कर्ष

उपन्यासकार सूब सेन नेपाली उपन्यास लेखन परम्पराका सामाजिक यथार्थवादी धाराका एक उत्कृष्ट प्रतिभा हुन् । ग्रामीण जीवनको यथार्थता सामान्त, शोषक, फटाह जस्ता वर्गहरूको चरित्रको उद्घाटन, सामाजिक विकृति र विसङ्गतिको भण्डाफोर उनका उपन्यासहरूको मूल प्रवृत्ति हो । सेनले आफ्ना प्रायः जसो उपन्यासमा राष्ट्रभक्तिको उद्बोधन, गर्दै सबैलाई राष्ट्रनिमार्णमा लाग्न आह्वान गरेका छन् । उनका उपन्यासहरूमा राजनीतिक चेतना पाइनुका साथै यौन मनोविज्ञानको प्रस्तुति पनि गरिएको पाइन्छ । जसमा यौन अतृप्ति र अज्ञानताले समाजमा निम्ताएको विकराल रुपलाई कलात्मक रुपले प्रस्तुत गरिएको छ । यसका साथै निम्न वर्गीय पात्रहरूको प्रयोगमा जोड, नारी समस्याको उद्घाटन र मुक्तिको चाहना, दुःखान्त र सरल भाषा शैलीको प्रयोग गर्नु सेनको औपन्यासिक प्रवृत्तिको निष्कर्ष हो ।

## परिच्छेद - छ
# उपसंहार (मूल्याङ्कनात्मक निष्कर्ष)

वि.सं. १९९६ मा गुल्मीको मध्यम वर्गीय परिवारमा जन्मेका सूब सेन २०१७ सालमा **साहित्य** शीर्षकको निबन्धमार्फत नेपाली साहित्य फााटमा प्रवेश गरेका हुन् । पछि २०२३ सालमा प्रशासनिक सेवामा समर्पित सेनले हालसम्म अढाइ दर्जन पुस्तकाकार कृतिहरू प्रकाशित गरेका छन् । खासगरी उनका अधिकांश कृतिहरूमा प्रशासनिक सेवामा रहादा नेपालको विभिन्न ठाउा तथा विदेशमा घुम्दा देखेका भोगेका अनुभव गरेका विषयलाई यथार्थरूपले प्रस्तुत गरिएको छ । सेनले मूलतः नाटक, निबन्ध, कविता/काव्य, उपन्यास, यात्रा संस्मरण, इतिहास, अनुसन्धान आदि जस्ता विधामा कलम चलाएको देखिन्छ ।

वि.सं. १९९१ सालबाट आरम्भ भएको आधुनिक नेपाली उपन्यास परम्पराले पााच दशक समय पार गरी सकेपछिको समयमा सूब सेन नेपाली उपन्यासमा देखा परेका हुन् । उनको पहिलो उपन्यास **'डााडाको जून'** (२०४४) सालमा प्रकाशित भएको देखिन्छ । आधुनिक नेपाली उपन्यास यहाासम्म आइपुग्दा आदर्शोन्मुख यथार्थवाद, स्वच्छन्दतावाद, सामाजिक यथार्थवाद, मनोवैज्ञानिक र प्रगतिवाद आदि धारागत प्रवृत्ति पार गरिसकेको पाइन्छ । नेपाली उपन्यासको विकास प्रक्रियामा सूब सेन २००४ सालमा लैङ्गसिंह वाङ्देलले भित्राएको सामाजिक यथार्थवादी औपन्यासिक धाराको निरन्तरता स्वरूप लेखिएको डााडाको जून २०४४ उपन्यासबाट सार्वजनिक यात्रा तय गर्ने साधक व्यक्तित्व हुन् । प्रस्तुत उपन्यास ग्रामीण समाजको यथार्थको चित्रण गरिएको कृति हो । सामाजिक यथार्थको प्रतिविम्बनका साथ नेपाली उपन्यासको परम्परामा देखिएका सेनका हालसम्म सातवटा औपन्यासिक कृतिहरू प्रकाशित भएको पाइन्छ । उनको पहिलो उपन्यास डााडाको जून सामाजिक यथार्थको सपाट चित्र खिचिएको उपन्यास हो । यस उपन्यासको भूमिकामा नै सेनले यसमा रहेका विषयवस्तु नेपाली गाउाघर त्यहाा निवासी जनजीवनको चित्रण भन्दा चित्रको प्रतिउत्तर हो भनेका छन् (२०४४ लेखकको तर्फबाट) ग्रामीण जीवनको व्यक्तिगत समस्या, शैक्षिक समस्या, आर्थिक अवस्थाले गर्दा विदेशीनुपर्ने बाध्यतादेखि महिलालाई समाजले हेर्ने गलत दृष्टिकोण उपन्यासमा उतारिएको छ । उपन्यासको विषयवस्तु, भावपक्ष, विचार, परिवेश आदि सबैको आधारमा सेनको प्रस्तुत उपन्यासमा राष्ट्रियतालाई जोड दिइएको पाइन्छ । सामाजिक जीवनमा रहेका पीडा, आर्थिक समस्यादेखि अन्ततः समाजमा देखिएको राष्ट्रिय भाव उपन्यासमा अभिव्यक्त भएको छ । वस्तु विन्यासको विकास लेखकको नियन्त्रणमा रहेको प्रस्तुत उपन्यासमा सामाजिक यथार्थताको स्वतः

स्फूर्त चित्रण गरिएको छ । यसको विषयवस्तु, घटनाको प्रस्तुतिले तत्कालीन समयको नेपालका दूरदराजका जनताको जीवन उतारेको छ ।

सेनको दोस्रो प्रकाशित उपन्यास कृति **'शिखर'** (२०४५) हो । यस उपन्यासको विषय बालप्रेम, सन्ततीप्रेम आदि जस्ता नैसर्गिक भावस्फूरणबाट सुरू भएको छ । नेपाली जनताले भोगेको सामन्ती, शोषण र प्रशासनिक दमनको मार्मिक चित्रण गरिएको पाइन्छ । ग्रामीण जीवनको जालझेल र छलकपट शैक्षिक कमिकमजोरी विद्यार्थी आन्दोलन, प्रहरी प्रशासनका विकृति एकदलीय राज्यव्यवस्थाबाट परेका बाह्य प्रभाव जस्ता समसामयिक यथार्थलाई उपन्यासमा प्रभावशाली रूपमा प्रस्तुत गरिएको छ । उपन्यासमा राजनीति विकृति र सामाजिक विकृतिप्रति आलोचना गर्दै नेपालवादको स्थापनार्थ जोड दिइएको पाइन्छ । उपन्यासको शीर्षक चरित्रात्मक, घटनात्मक, विचारात्मक आदि अनेक अर्थले अभिभूत बनेको छ । उपन्यासको आधाआधीसम्म सामाजिक वर्गीयद्वन्द्व तीव्रताका साथ आएको देखिन्छ । कुनै कुनै घटनालाई हेर्दा उपन्यास आदर्शले अभिभूत हुन खोजेजस्तो पाइए पनि समग्रमा उपन्यास समसामयिक यथार्थमा नै केन्द्रित रहेको छ । साथै उपन्यास सरल सहज भाषाशैलीमा अगाडि बढेको पाइन्छ ।

सूब सेनको (२०५५) सालमा प्रकाशित लघु उपन्यास अञ्जूश्री हो । यो उपन्यास समाजसुधारमूलक भावना र राष्ट्रियताले ओतप्रोत भएको उपन्यास कृति मानिन्छ । प्रकृति वर्णन विषयवस्तुबाट सुरू भएको उपन्यासमा जनता शोषित पीडित हुनुहुन्न, स्वार्थी सिद्धिका लागि राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरका तस्कर माफियाबाट सञ्चालित दल र नेताहरूलाई गल्हत्याउनुपर्छ भन्ने आवाज उठाउदै ठूलाले सानालाई सक्नेले नसक्नेलाई निचोर्न हुन्न भन्ने विचार उपन्यासमा रहेको छ । राष्ट्रिय भाव र प्रगतिशील चेतना रहेको उपन्यासमा परिवेश पञ्चायती व्यवस्थापछिको बहुदलीय व्यवस्था रहेको पाइन्छ । गाउादेखि शहरसम्मलाई परिवेश बनाएको उपन्यासमा पत्रात्मक शैलीलाई बढी मात्रामा प्रयोग गरिएको देखिन्छ । साथै संवादमा पनि सरल दैनिक बोलचालकै भाषा अवलम्बन गरिएको छ भने केही ठाउामा पत्र प्राप्तिमा अविश्वसनीयता पनि देखिन्छ ।

सेनको २०५५ मा प्रकाशित अर्को उपन्यास आन्दोलन हो । प्रस्तुत उपन्यासमा पनि '**अञ्जूश्री**'मा जस्तै राष्ट्रिय भावना पाउन सकिन्छ । बहुदलीय व्यवस्थाको समयलाई परिवेश बनाइएको उपन्यासमा मुख्यतः युवाहरू राष्ट्र निर्माणमा लाग्नुपर्छ । नेपालवादी प्रजातान्त्रिक सञ्चालन हुनुपर्छ । देशमा जनपक्षीय राजनीति हुनुपर्छ भन्ने विचार उपन्यासमा रहेको छ । मुख्यपात्रको माध्यमबाट जनतालाई सावधान बनाउादै भ्रष्ट, सिल्ली, स्तरहीन, देशद्रोही चरित्रका नेताहरूको विरूद्ध आन्दोलन चर्काउनुपर्छ भन्ने मान्यता उपन्यासमा रहेको पाइन्छ । गाउा र

शहर परिवेश बनेको उपन्यासमा विषयवस्तु, र घट्नालाई हेर्दा उपन्यासको मूल उद्देश्य परिवर्तनको चाहना नै हो भन्न सकिन्छ ।

**'जीवनशास्त्र'** (२०५५) सेनको फरक विषयवस्तु आगालेर लेखिएको उपन्यास हो । यौन मनोविज्ञानलाई विषय बनाएर लेखिएको उपन्यासमा शारीरिक समस्या, पारिवारिक समस्या यौनशिक्षाको प्रचार, दाम्पत्य जीवनको अर्थ, समाजसेवाको भावना, नैतिकजीवन वा जीवनको आदर्श उजागर गर्दै उपदेशात्मक सन्देश दिन खोज्नु उपन्यासको मूल विचार रहेको पाइन्छ । उपन्यासकार कम द्रष्टा भएको प्रस्तुत उपन्यासमा शैली बढी निबन्धात्मक रहेको छ ।

सूब सेनको (२०५५) मा प्रकाशित '**वीरसिक्का**' मनोवैज्ञानिक उपन्यास हो । मूलतः यौनमनोविज्ञानमा केन्द्रित उपन्यासमा नसाबन्द गराउादा सधैंको लागि नपुंसक बन्दा आफ्नो श्रीमतीको यौनेच्छा पूरा गर्न नसक्दा उपन्यासको प्रमुख पात्र वीर श्रीमतीबाट मारिनु परेको छ । डाक्टरको चरित्रप्रति पनि व्यङ्ग्य रहेको उपन्यासमा महिलाको यौन चाहना पूरा हुन नसक्दा अपराधीसम्म बनाएको घटनाले दुःखान्त रूप लिएको छ । समग्रमा उपन्यास जनचेतना र समाजसुधारमा केन्द्रित देखिन्छ । उपन्यासमा पात्र, परिवेशको स्वभाविक र सहज वर्णन पाइादैन । पात्रहरूको चरित्रचित्रण वर्हिमुखी नभई अन्तर्मुखी देख्न सकिन्छ । तरपनि भाषा सरल, सहज र पात्र सुहाउादो रहेको छ । सेनको अर्को उपन्यास **हेमा** (२०५५) पनि यहीा कोटीको उपन्यास हो । हेमाको परिवेश ग्रामीण इलाका रहेको छ । हेमाको मितदाइ लामाले हेमालाई बारम्बार यौनसंसर्ग गर्दै कुमारीत्व हरण गर्दछ, पछि हेमा आफ्नो घरमा रहादा मानसिक यौन अतृप्तिको समस्या देखिएपछि लिन गएको लामाले शूली नदीमा धकेलिदिएर हेमालाई मार्न पुग्दछ । यस उपन्यासको मूल उद्देश्य समाजमा बढ्दै गएको यौन अपराधमूलक घटनाहरूलाई प्रतिबिम्बित गर्नु रहेको पाइन्छ । सरल सहज भाषामा लेखिएको उपन्यासमा पाठकलाई हल्का मनोरञ्जन दिने उदाङ्गो शैली अपनाइएको छ ।

यसरी उक्त उपन्यासहरूको विश्लेषणात्मक निष्कर्षको रूपमा सूब सेनलाई आधुनिक नेपाली उपन्यासको सामाजिक यथार्थवादी धाराअन्तर्गत रहेर लैङ्गसिंह वाङ्देलका औपन्यासिक विशेषताहरूलाई पछ्याउादै उपन्यास सृजना गर्ने उपन्यासकारका रूपमा चिनाउन सकिन्छ । उनले नेपाली उपन्यासको फााटमा दुईवटा मध्यम आकृतिका उपन्यास र पााचवटा लघु उपन्यासको सृजना गरेर परिणात्मक एवं गुणात्मक दुवै दृष्टिले नेपाली उपन्यासलाई संबृद्ध तुल्याउने कार्य गरेका छन् । यही नै नेपाली उपन्यास परम्परामा सूब सेनले दिएको विशिष्ट योगदान हो भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

सूब सेनको उपन्यासकारिता शीर्षकको प्रस्तुत शोधपत्रको बुदाागत निष्कर्ष यस प्रकार छ :

- सूब सेन नेपाली साहित्यको बहुविधामा कलम चलाएका प्रतिभाशाली व्यक्तित्व हुन । उनले उपन्यासमा सामाजिक यथार्थवादी धरातलमा रहेर, राजनैतिक चेतना र यौनमनोविज्ञानमा आफ्नो गर्विलो स्थान निर्माण गरेका छन् । उनको यात्रा संस्मरणपछि सफलताको विधा काव्य र उपन्यास नै हो ।
- सेनका उपन्यासमा समाजमा विद्यमान अन्याय, अत्याचार, शोषण, दमन, भ्रष्टाचारबाट जनतालाई सुसूचित गराउनु र आन्दोलनमा समर्पित भई नेपालवादी प्रजातान्त्रिक राजनैतिक संचालन हुनुपर्छ भन्ने परिवर्तनको चाहना रहेको छ ।
- उनका उपन्यासमा ग्रामीण समाजको सामाजिक, आर्थिक, शैक्षिक समस्या प्रतिबिम्बित गर्दै राष्ट्रियताको भावना र परिवर्तनको चाहना पाइन्छ ।
- उनका केही उपन्यासहरूमा यौनसमस्या, यौनअतृप्ति र अज्ञानतालाई उल्लेख गर्दै समाजमा घटेका यौनजन्य घटनाहरूलाई औाल्याउदै सबैलाई सचेत रहन आग्रह गरिएको छ ।
- सूब सेनका हालसम्म सातवटा उपन्यास कृतिहरू प्रकाशित भएको पाइन्छ । उनका उपन्यासमा भाषाशैली सरल, वर्णनात्मक, संवादात्मकका साथै सन्दर्भअनुरूप प्रशस्त उखान टुक्काको प्रयोगका साथै विभिन्न व्यङ्ग्य र बिम्बको प्रयोग गरिएको पाइन्छ ।

सूब सेनका विषयमा अरू अनुसन्धान गर्नका लागि निम्नलिखित सम्भाव्य **शोधशीर्षकहरू** रहेका छन् :

१. 'डााडाको जून' उपन्यासको कृतिपरक अध्ययन ।

२. 'शिखर' उपन्यासको कृतिपरक अध्ययन ।

३. सूब सेनका लघु उपन्यासमा पाइने यौनमनोविश्लेषण ।

सूब सेनको परिचयात्मक विवरण —x

१) तपाईंको जन्म कहिले र कहाँ भएको हो ?

— मेरो जन्म वि.सं. १९९६ कार्तिक ८ गते गुल्मी पुरकोट बाँजकटेरी–५ रवाल गाउँमा भएको हो ।

२) तपाईंको बाल्यकाल कस्तो रह्यो ?

— घर परिवारको हैसियत र पृष्ठभूमिका आधारमा त सुविधा र राम्रो लालन पालनका साथ हुर्केको थिएँ तर चारदेखि ६ वर्षको उमेरसम्म पहिला बायाँ र पछि दाहिने खुट्टामा बाउ सठिरा आदि कष्ट भोग्नु पनि परेको थियो । यसको परिणाम मेरो शारिरिक विकासमा बाधा परेको थियो

३) आफ्नो अध्ययनलाई कसरी पूरा गर्नुभयो ?

— अध्ययन त पुरा हुने विषय होइन, अहिले पनि पढ्दै र आजीवन विद्यार्थीनै छु / रहन्छु । तर पनि जे जति अध्ययन गरें त्यो सबै पारिवारिक पृष्ठभूमि, हौसला, प्रोत्साहन र मेरो आफ्नो परिश्रम तथा लगन द्वारा पूरा गरेको हुँ ।

४) तपाईंको पारिवारिक स्थितिका बारेमा बताइदिनुहुन्छ कि ?

— मेरो पारिवारिक स्थिति आम नेपाली जनताको स्तरमा छ र सादा तथा साधारण जीवन छ । यसमा मेरो परिवार शान्त, स्वच्छ, सन्तुष्ट र सुखद छ / यस्तो पारिवारिक स्थिति र अवस्था सिर्जनामा श्रीमती जीवनेश्वरीको भूमिका र सीकबुझ तथा व्यवस्थापनको कारण रहेको छ / यसमा छोरी डा. सुधा सेन मल्ल र छोरा सुयश प्रताप सेनको सहयोग पनि रहेको छ ।

५) तपाईं सरकारी सेवामा कहिलेदेखि लाग्नु भयो र कहिले निवृत्त हुनुभयो ?

— म सरकारी सेवामा २०२३ साल माघ ६ गते ~~देखि~~ प्रवेश गरेको थिएँ तर २५ गतेदेखिमात्र नियुक्ति पाएँ~~को थिएँ~~ । प्रवेश गर्दा लोकसेवा आयोगको परीक्षा उत्तीर्ण गरेको थिएँ । २०४८ असार १० गते तत्कालिन सरकारबाट अवकाश दिएको थियो ।

६) यहाँको साहित्य लेखनको प्रेरणा कहाँबाट प्राप्त भयो?

— मेरो साहित्य लेखनको प्रेरणा मेरो घर गाउँ परिवार सहितको आफ्नै परिवेश पहिलो हो, दोस्रोमा दुख, पिडा, शोषण र दमन भोगिरहेको नेपाली जन समाजको जीवन र तेस्रोमा पाल्पा – पहाँको पुनर्जागरण एवं साहित्यिक समाज र वातावरण थियो।

७) यहाँको साहित्य लेखनको थालनी कहिले र कुन रचनाबाट भयो?

— मेरो पहिलो रचना 'साहित्य' निबन्ध थियो। २०१६ सालको अन्त-तिर लेखेको थिएँ र पद्मोदय पाल्पा पब्लिक माध्यमिक विद्यालयको वार्षिक मुखपत्र २०१७ मा प्रकाशित भएको थियो।

८) साहित्यको कुन कुन विधामा कलम चलाउनु भएको छ र रुचिको विधा कुन हो?

— साहित्यमा सबै विधा मन पर्छ र धेरै जसो विधामा लेखेको छु किनभने, धेरैपरी विधाद्वारा सिँगारिएको साहित्यको एकरूप नेपालको हिउँचुली, वनवैभव ओढेको उच्च पहाड, पहाड तथा हरिया परिया र्अर मैदान तथा तराई मधेशको नेपाल जस्तै सुन्दर हुन्छ – प्रकृतिद्वारा सृष्टि गरिएको सबैभन्दा सुन्दर नेपाल भूमि जस्तै हुन्छ। यही सत्यतामा बहँदा कथा, कविता, उपन्यास, संस्मरण, अनुसन्धान जनताको इतिहास, नेपालवादी दर्शन आदिमा कलम चलाएको छु। जनताको इतिहास अध्ययन तथा लेखन बढी रुचिको विषय (विधा) हो।

९) यहाँको उपन्यासकारिता यात्राको बारेमा संक्षिप्त बताइदिनुहोस् न।

उपन्यास नेपाल र नेपालीको दुख, दशा आँसेको अभिलेखन हो। यसमा नेपाल र नेपाली जनताको आजअघिको जीवन र आजको मात्र तथा भोलिको जन अदालतमा इतिहासको खोजी ~~[illegible]~~ उपन्यासकारिता – यात्रा हो।

१०) तपाईंका उपन्यासका भाष्यभूमि के के हुन?

मेरा उपन्यास – देशका शोषित पिडित, जनताको पक्षमा, ~~[illegible]~~ उनीहरूलाई त्यस अवस्थाबाट मुक्तिनै आधारभूमि र उद्देश्य हो।

११) तपाईं कुन-कुन साहित्यिक संघसंस्थाहरूमा संलग्न हुनुहुन्छ?

अहिले धेरै सक्रिय रूपमा दमिला वाङ्मय प्रतिष्ठान छ। यसमा मेरो संलग्नता ले कार्यकारी काम गर्न पाएको छ, यसो हुँदा यसको नाम लिन उपयुक्त मान्छु। अरू संस्थाहरूमा संलग्न भएपनि सक्रिय छैनन् म पनि छैन भन्दा हुन्छ।

१२) तपाईंको जीवनका कुनै अविस्मरणीय क्षण बताइदिनुहोस् न।

दुःखतर्फको अविस्मरणीय क्षण मेरो मुमाको मृत्यु हो -२०४३ माघ २१ गते।
सुखको अविस्मरणीय क्षण देशभक्ति र जनमुक्तिको लागि नेपालमा गणतन्त्रको स्थापना भएको घटना हो - २०६५ जेठ १५ गते

१३) हालका दिनहरू कसरी बिताइरहनु भएको छ?

देशको रक्षा र जनताको मुक्तिका लागि, जनसमाजको सेवाका सन्दर्भ जनतावादी, राष्ट्रवादी = नेपालवादी साहित्य लेखनमा, देशवादी राजनीतिप्रति जनजागरण ल्याउनमा मेरा दिनहरू बितिरहेका छन्।

१४) साहित्यकारको मूल धर्म र कर्म के कस्तो हो जस्तो लाग्छ?

साहित्यकारको मूलधर्म देशभक्ति, जनभक्ति र सेवा हो-
प्रारम्भमा आफ्नो परिवेश जनसमाज-दुःख पिडाको अनुभूति र मुक्ति हो,
उन्नत अवस्थामा पुगेपछि मानव सेवा, मानवीय जीवनको उत्कर्ष प्राप्ती हो,
प्राणीमात्रको सेवा संरक्षण र सम्वर्द्धन हो, प्रकृतिसँग सम्झौता हो
मानव विश्व, विश्वमानव बन्नु हो - यही कर्म हो
अन्तमा प्रकृतिमा मिल्नु हो - यही धर्म हो।

१५) अन्त्यमा सृजना क्षेत्रमा यहाँका भावी दिनहरू कसरी अगाडि बढ्ने छन्, बताइदिनु हुन्छ कि?

साहित्य सिर्जनाका भावि दिनहरू सुखद अनुभूतिका साथ अगाडि बढ्छन् किन कि अनुभव, सोच एवं सिर्जनाको भण्डार अझै भरिभराउ छ। तर, अबका सिर्जनाहरू कतै कुनामा, फाइलमा केही दिनका लागि थन्किन सक्छन् या ब्याज धमिराको आहारा बन्न सक्छन्, या त चिसो लागेर अक्षरहरू फुस्लेछन्, एक अर्कोमा मिसिएर काग लडिने छन् अनि कुनै अर्थ नलाग्ने गरी अक्षरहरू मेटिने छन्। यसैले मेरा भावि दिनहरू अहिले अर्थक भएपनि मेरो मूल धर्म पाल्दा पछि निरर्थक बन्ने छन् - निरर्थक।

२०६७/१२/२८
(सुब सेन)

## सन्दर्भ सामग्रीसूची


चापागाई, नरेन्द्र (२०४४), **सूब सेनका कथा र उनको कथा शिल्प**, विराटनगरः पूर्वाञ्चल साहित्य प्रतिष्ठान ।

ज्ञवाली, विष्णुहरि (२०५५), **नेपाली साहित्यमा गुल्मी जिल्लाको योगदान**, स्नातकोत्तर शोधपत्र, कीर्तिपुरः नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

थापा, मोहन हिमांशु (२०४७), **साहित्य परिचय**, ते.सं. ललितपुर : साझा प्रकाशन ।

थापा, शान्ति कुमारी (२०६६), **ऋषिराम बरालको उपन्यासकारिता,** स्नातकोत्तर शोधपत्र, कीर्तिपुरः नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

पोखरेल अञ्जू (२०६६), **इला काव्यको कृतिपरक अध्ययन,** अप्रकाशित, स्नातकोत्तर शोधपत्र, प्रदर्शनीमार्गः रत्नराज्य लक्ष्मी क्याम्पस, त्रिभुवन विश्वविद्यालय ।

पोखरेल, राजनप्रसाद (२०६३), **साहित्यकार सूब सेनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित, स्नातकोत्तर शोधपत्र, कीर्तिपुरः नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

प्रधान, कृष्णचन्द्र सिंह (२०६१), **नेपाली उपन्यास र उपन्यासकार,** चौ.सं., ललितपुरः साझा प्रकाशन ।

बन्धु, चुडामणि (२०५०), **भाषाविज्ञान**, छै.सं. ललिपुरः साझा प्रकाशन ।

बराल, ऋषिराज (२०६३), **उपन्यासको सौन्दर्यशास्त्र,** दो.सं., ललिपुरः साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम (२०४८), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** परिमार्जित ते.सं. ललिपुरः साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०३९), **पच्चीस वर्षका नेपाली कथा**, काठमाडौंः नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

सुवेदी, राजेन्द्र (सम्पा. २०५६), **नेपाली समालोचना परम्परा प्रवृत्ति,** ललितपुरः साझा प्रकाशन ।

_________ (२०६४), **नेपाली उपन्यास परम्परा र प्रवृत्ति**, दो.सं., ललितपुरः साझा प्रकाशन

सेन, सूब (२०४०), **देश दर्शन,** (प्रथम खण्ड), दो.सं. काठमाडौंः श्रीमती जीवनेश्वरी सेन ।

_________, (२०४२), **देश दर्शन,** (दोस्रो खण्ड), विराटनगरः पूर्वाञ्चल साहित्य प्रतिष्ठान ।

_________, ( २०४५), **शिखर,** काठमाडौंः भट्टराई बन्धु प्रकाशन ।

_________, (२०४५), **झोपडीतिर,** काठमाडौं : सुश्री सुधा सेन ।

_________, (२०४५), **डाँडाको जून,** काठमाडौंः कुमार सुयश प्रताप सेन ।

_________, (२०४६), **मेरी मुमा,** काठमाडौंः कुमार सुयश प्रताप सेन ।

_________, (२०४६), **इला,** काठमाडौं : कुमार सुयश प्रताप सेन ।

_________, (२०४६) **थारूको खोजीः कैलालीको बास,** दो.सं., रूपन्देहीः श्रीमती जीवनेश्वरी सेन ।

________, (२०४९) **पालपाली सेनः पालपादेखि पुरकोटसम्म,** काठमाडौा : खड्ग सेन 'ओली'

________, (२०५२), **गौचरनदेखि गौपूजासम्म,** काठमाडौा : सुयश प्रताप सेन

________, (२०५५), **अञ्जूश्री,** काठमाडौा : दायित्व वाङ्मय प्रतिष्ठान ।

________, (२०५५), **आन्दोलन,** काठमाडौा : दायित्व वाङ्मय प्रतिष्ठान ।

________, (२०५५), **जीवनशास्त्र,** काठमाडौा : दायित्व वाङ्मय प्रतिष्ठान ।

________, (२०५५), **वीरसिक्का,** काठमाडौा : दायित्व वाङ्मय प्रतिष्ठान ।

________, (२०५५), **हेमा,** काठमाडौा : दायित्व वाङ्मय प्रतिष्ठान ।

________, (२०५५), **आफ्नै खोजका सन्दर्भहरू, काठमाडौा** : दायित्व वाङ्मय प्रतिष्ठान ।

________, (२०५७), **साई बहिनी दर्शन**, दाङ्गः श्री सिरडी साई समिति ।

________, (२०५९), **चालिस वर्षपछि**, काठमाडौा : दुर्गाजङ्ग थापा

________, (२०५९), **देशभक्तहरूको भूमि : इजरायलमा केही दिन**, काठमाडौा : दायित्व वाङ्मय प्रतिष्ठान ।

________, (२०५९), **अविस्मरणीय जुम्ला**, काठमाडौाः दायित्व वाङ्मय प्रतिष्ठान ।

________, (२०६०), **पुरकोटका नवरत्न,** काठमाडौा : सुयश प्रताप सेन ।

________, (२०६०), **मेरा कथाहरूको कथा**, काठमाडौा : सुयश प्रताप सेन ।

________, (२०६४), **ब्रेन बम : राजा ज्ञानेन्द्रको महाभारत,** काठमाडौा : दायित्व वाङ्मय प्रतिष्ठान ।

________, (२०६५), **गिरिजाशासनः कालो इतिहास,** काठमाडौा : उपहार पुस्तक प्रकाशन

________, (२०६५), **भाइको खोजी,** काठमाडौा : दायित्व वाङ्मय प्रतिष्ठान ।

________, (२०६७), **ठकुरी जातिः परिचय र पहिचान**, काठमाडौा : वैभव मल्ल, सुमेर सेन, सौर्य सेन ।

________, (२०६७), **सूब सेनका प्रवृत्ति**, काठमाडौाः दायित्व वाङ्मय प्रतिष्ठान ।